# देशप्रेम

जनपक्षीय विचारप्रधान साप्ताहिक

DESHPREM National Weekly

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा।लिद्वारा प्रकाशित

वर्ष २७ अंक ७ २०८२ जेठ १८ गते आइतबार (Jun. 1, 2025) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।


### संसद बजेटको छलफल छाडेर अन्त्य बिवादहरुमा केन्द्रित

## कांग्रेस र एमाले पेलेर जाने तयारीमा

काठमाडौं। संसदको बैठक बजेटको छलफल छाडेर अन्त्य बिवादहरुमा केन्द्रित भएपछि कांग्रेस र एमाले प्रतिवादको तयारीमा जुटेका छन् । हिजो काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै प्रधानमन्त्रि केपी ओलीले प्रमुख प्रतिपक्षले गृहमन्त्रिको राजीनामा मागेर संसद अबरुद्धगर्नु अनुचित भएको बताउनु भएको थियो । प्रतिपक्षी दलहरु माओवादी केन्द्र र रास्वपाले गृहमन्त्रि लेखकको राजीनामा नआएसम्म सदन चल्न नदिने भनिसकेका छन्भने सडकमासमेत प्रदर्शन शुरुगरेको देखिएको छ । यसैक्रममा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको निवास खुमलटारमा गत शुक्रबार बसेको सो पार्टीका पदाधिकारीको बैठकले भिजिट भिसा प्रकरणमा मुछिएका गृहमन्त्री लेखकले राजीनामा नदिएसम्म संसद चल्न नदिने अडान कायमै राख्ने निर्णय गरेको थियो। बैठकपछि सो पार्टीका प्रवक्ता अग्नि सापकोटाले पदाधिकारी बैठकले उपरोक्त निर्णय गरेको बताउनु भएको थियो। उहाँले संवैधानिक प्रावधानअनुसार बजेट प्रस्तुतगर्न दिएपनि अब बजेटमाथिको छलफल अगाडि बढाउन पहिले गृहमन्त्रीले राजीनामा दिनुपर्ने शर्त राखिएको बताउनु भएको थियो। सापकोटाले गृमन्त्री राजीनामा नआएसम्म संसदका कुनैपनि गतिविधि अगाडि बढाउन नदिने निर्णयलाई खुमलटार बैठकले निरन्तरता दिएको पनि बताउनु भएको थियो।





विपक्षी दलहरुको निरन्तर संसद अवरोधपछि प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले गत शुक्रबारनै प्रमुख दलका प्रमुख सचेतक र सचेतकहरुसँग छलफल गर्नुभएको थियो। छलफलपछि माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले गृहमन्त्रीले राजीनामा नदिएसम्म संसद चल्न नदिने अडान दोहोर्‍याउनु भएको थियो। त्यसैगरी रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकको राजीनामा, सरकारको जवाफ र उच्चस्तरीय छानबिन समिति बन्नुपर्छभन्ने मुद्दाहरुमा आफूहरुले अडिग रहेको बताउनु भएको थियो। आगामी १९ गते संसदीय दलको बैठक बोलाएर थप रणनीति बनाइने उहाँको भनाई थियो। त्यसैगरी माओवादी केन्द्रको बिद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले गृहमन्त्रिको राजीनामाको मागगर्दै गत शुक्रबारनै काठमाडौंमा **बाँकी ८ पेजमा**

## संघीय शासन डुब्न लोगेकोमा दाहाल चिन्तित

काठमाडौं। नेपालमा संघीय शासन डुब्न लोगेकोमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल अति चिन्तित देखिनु भएको छ। नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरुपमा अस्तब्यस्त बनाउन लागूगराइएको उक्त परियोजनामा अमेरिकी र यूरोपियन यूनियनको ठूलो लगानी रहँदैआएको थियो। अमेरिकाले नेपालको संघीयताका लागि दिँदैआएको बजेट कटौती गरिसकेको छभने युरोपियन यूनियन पनि नेपालको संघीयता बचाउने नाममा थप ॠण लगानी नगर्ने अवस्थामा पुगेको छ। अध्यक्ष दाहालले हालै गोरखाको एक कार्यक्रममा उपरोक्त चिन्ता ब्यक्त गर्नुभएको हो। उहाँले संघीयता कार्यान्वयनमा माओवादी केन्द्र नेतृत्वको सरकार जति गम्भीर हालको सरकार नरहेको टिप्पणीसमेत गर्नुभएको थियो। गोरखाको भीमसेनथापा गाउँपालिका-खाञ्चोकस्थित प्रमुख प्रशासकीय भवन उद्घाटन समारोहलाई सम्बोधनगर्दै अध्यक्ष दाहालले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट र समन्वय आवश्यक रहेकोमा जोड दिनुभएको थियो। त्यसक्रममा उहाँले संघीयता कार्यान्वयनको चिन्ता मभन्दा बढी **बाँकी ८ पेजमा**

## जनगणतन्त्रवादीहरुको संगठन गर्ने

काठमाडौं। मोहन बैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालले जनगणतन्त्र पक्षधरहरुको संगठनगर्ने भएको छ। सो पार्टीको हालै सम्पन्न पोलिटब्युरोको दोश्रो पूर्णबैठकले उपरोक्त निर्णय गरेको हो। सो बैठकले जनगणतन्त्र स्थापनामा जोडदिदै अन्य समूहहरुसँग पनि छलफलगर्ने निर्णय गरेको थियो। सो पार्टीका कार्यवाहक महासचिव सिपी गजुरेलको अध्यक्षतामा बसेको बैठकले समसामयिक बिभिन्न बिषयमा निर्णय गरेको थियो। बैठकले कार्यवाहक महासचिव गजुरेलले प्रस्तुत गरेको प्रतिवेदन पारित पनि गरेको छ। सो बैठकले गत ०८१ चैत्र चारगतेदेखि ०८२ बैशाख १८ गतेसम्म सञ्चालित जनसम्बन्ध विस्तार अभियानको विस्तृत समीक्षा गरेको छ। जनगणतन्त्रलाई बिद्यमान संकटको विकल्पकारुपमा अगाडि सार्ने र सहकार्यका निमित्त वातावरण बनाउन देशमा छरिएर रहेका बिभिन्न क्रान्तिकारी समूह, व्यक्तित्वहरुसित भेटघाट, छलफलगर्नका लागि राजनीतिक संवाद समिति गठन गरेको छ। बैठकपछि **बाँकी ८ पेजमा**

## कम्युनिष्ट पार्टीमा बिवाद र बिभाजन बढेको ठहर

काठमाडौं। नेपालका कम्युनिष्ट पार्टीहरुमा बिवाद र बिभाजन बढेको गएको ठहर भएको छ। नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा र नेकपा (मसाल) का महामन्त्री मोहनबिक्रम सिंहबीच गत बिहिबार भेटवार्ता वार्ताहुँदा उपरोक्त प्रशंग उठेको हो। सो भेटवार्तामा नेपालको कम्युनिष्ट आन्दोलन, वर्तमान राजनितिक परिस्थिति, प्रतिगमनको खतरा तथा राजावादी शक्तिहरुको चलखेल, बिभिन्न साम्राज्यवादी शक्तिहरुको षड्यन्त्र र चलखेल, देशभित्र भएको दलाल पुजीवादी एबं सत्ताधारी संसदवादी शक्तिहरुले राष्ट्र र जनतामाथी लादेका भ्रस्टाचार, राष्ट्रघात र जनघात, सत्ता र आफ्नो कुर्सीका लागि बिदेशी साम्राज्यवादी शक्तिहरुसँग गरेको सौदावाजी लगायतका विषयमा गम्भीर छलफल भएको बताइएको छ। सो भेटवार्तामा नेपालको कम्युनिष्ट आन्दोलनमा देखिएका टुटफुट र बिभाजनका श्रृंखलाहरुका बिषयमा पनि छलफल भएको थियो। त्यसक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टीहरुबीच बिभिन्न कार्यनीतिक सवाल र मिल्न सक्ने बिषयहरुमा सहकार्य, कार्यगत एकता, संयुक्त मोर्चा एबं पार्टी एकताबारेसमेत बिचार बिमर्श भएको बताइएको छ।

## अमेरिकी राजदूतसँग एमसीसीबारे छलफल

काठमाडौं। अमेरिकाले नेपालमा लागू गराउन खोजिएको बिवादास्पद योजना एमसीसी स्थगित गरेपछि शासन सत्तामा रहेकाहरु छटपटाउन थालेका छन्। यसैक्रममा ऊर्जा, जलश्रोत तथा सिंचाईमन्त्री दीपक खड्का र नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनबीच भेटवार्ता भएको थाहाभएको छ। ऊर्जा मन्त्रालयमा हालै भएको भेटमा दुई देशबीचको उर्जा सहकार्य र मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) परियोजना कार्यान्वयनका बिभिन्न पक्षमा छलफल भएको थियो। भेटमा ऊर्जामन्त्री खड्काले एमसीसी परियोजनामार्फत अगाडि बढाइएका आयोजनाको काम निरन्तर अगाडि बढीरहे पनि एमसीसी केही समयदेखि होल्ड भएकोले केही अन्यौलता सिर्जना गरेको बताउनु भएको थियो। उहाँले एमसीसी परियोजना निरन्तर अगाडि बढ्ने र ऊर्जा क्षेत्रमा अमेरिकाको थप सहयोग हुने विश्वास व्यक्त गर्नुभएको थियो। भेटमा अमेरिकी राजदूत थम्पसनले नेपालको उर्जा क्षेत्रमा अमेरिकाको निरन्तर साथ र सहयोग रहने **बाँकी ८ पेजमा**

## नेपाल प्रहरीमा उच्चस्तरीय सरुवा

काठमाडौं। नेपाल प्रहरीमा उच्चस्तरीय सरुवाकोक्रम शुरु भएको छ। यसैक्रममा हालै बढुवा हुनुभएको १२ जना उच्च अधिकृतहरुको सरुवा र पदस्थापन भएको छ। प्रहरी प्रधान कार्यालयको मानव श्रोत विकास विभागले गत शुक्रबार हालै बढुवा हुनुभएको डिआइजीहरुको सरुवा गरेको थियो। जसअनुसार सुदर्शन कोइराला विशेष ब्युरो, विनोद घिमिरे प्रहरी महानिरीक्षकको सचिवालय, दीपेन्द्र जिसी क्षेत्री राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, दीपक रेग्मी, प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालय, माधव श्रेष्ठ कर्णाली प्रदेश कार्यालय सुर्खेतमा सरुवा गरेको हो। दिलीपसिंह देउवाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, दीपककुमार **बाँकी ८ पेजमा**

## राजावादी समूहहरुको प्रदर्शन जारी

काठमाडौं। राजावादी समूहहरुले आफ्नो काठमाडौं केन्द्रित प्रदर्शन जारी राखेका छन्। उनीहरुले माइतिघर-बबरमहल क्षेत्रमा प्रदर्शन केन्द्रितगर्दै लगेको देखिएको छ। उनीहरुले राजसंस्था र हिन्दू राज्य पुनर्स्थापना र संघीयताको खारेजीलगायत एजेन्डा अगाडि सारेका छन्। माग पूरा नभएसम्म आन्दोलन यथावत रहने बताइएको छ। नवराज सुवेदी नेतृत्वको



संयुक्त जनआन्दोलन समितिको आह्वानमा गत शुक्रबार माइतीघर-बबरमहल क्षेत्रमा प्रदर्शन भएको थियो। सो समूहले गत १५ गते रत्नपार्कमा प्रदर्शनगर्दै जनआन्दोलन शुरुभएको घोषणा **बाँकी ८ पेजमा**

## अनिश्चितकालिन यातायात हड्ताल हुँदै

काठामाडौं। अनिश्चितकालिन यातायात हड्ताल हुनलागेको थाहा भएको छ। प्राप्त समाचारअनुसार सार्वजनिक यातायात व्यवसायीहरुले अनिश्चितकालिन सवारी साधन बन्दसहीतका आन्दोलनका कार्यक्रम सार्वजनिक गरिसकेका छन्। गतसाता मंगलबार बिभिनन छवटा व्यवसायिक संगठनहरुले सातबुँदे मागसहीत आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका थिए। संवारी ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ विपरित हुनेगरी संघीय ऐनसँग बाभि्कने सातै प्रदेश सरकारहरुले ल्याउने तयारीगरेको र गण्डकी प्रदेश सरकारले ०८२/०२/०१ गते राजपत्रमा प्रकाशितगरि निजी सवारी साधन (रातो प्लेट)सञ्चालनगर्न ल्याएको नियमावलि-०८२ दफा २ को (ज) तत्काल खारेजीको **बाँकी ८ पेजमा**

## नेपाली सञ्चार क्षेत्र सरकारी उपेक्षाको शिकार

काठमाडौं। नेपाली सञ्चार क्षेत्र सरकारी उपेक्षाको शिकार भएको भन्दै बिभिन्न चिन्ता र चासो ब्यक्त हुन थालेको छ। प्राप्त समाचारअनुसार सरकारले आगामी बर्षको बजेटमा सञ्चार क्षेत्रलाई उपेक्षा गरेकोभन्दै सरोकारवालाहरुले चिन्ता व्यक्त गरेका छन्। आगामी आब ०८२/०८३ को बजेटमा सरकारले सञ्चारमाध्यम र सञ्चारकर्मीलाई उपेक्षा गरिएकोभन्दै सरोकारवालाले असन्तुष्टि पनि जनाएका छन्। आर्थिक संकटमा फसेको मिडिया उद्योगलाई राहत दिने कुनै व्यवस्था नगर्नु सरकारको सञ्चार क्षेत्रप्रतिको गम्भीर बेवास्ता भएको उनीहरुको भनाई छ। लामो समय देखि आर्थिक मन्दी, विज्ञापनमा आएको गिरावट र श्रमजीवी पत्रकार हरुको सुरक्षाका विषयमा आवाज उठाउँदै आएका सञ्चार कर्मीहरुले बजेटमा यी विषय नसमेटिनु दुःखद् भएको टिप्पणी गरेका छन्। बजेट सार्बजनिक भएलगत्तै समाचारदाता हरुसँग कुरागर्दै नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाका अध्यक्ष शोभा अर्यालले **बाँकी ८ पेजमा**

## नेपालको तराईका जिल्लामा कोरानाको त्रास

काठमाडौं। नेपालको मुख्यत पूर्ब तराईका जिल्लाहरुमा कोरानाको त्रास देखिएको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का निर्देशक डा. चन्द्रभाल झाले नियमित परीक्षणगर्दा कतिपयमा कोरोना पुष्टिभएको बताउनु भएको छ। यसैक्रममा राष्ट्रिय प्रयोगशालाका प्रवक्ता सन्तोष सुवेदीले प्रयोगशालाले नियमित कोरोना परीक्षणगर्दै आएको जानकारी दिनुभएको छ। विश्व स्वास्थ्य संगठनले नेपाल लगायत बिभिन्न देशमा देखिएको कोरोना कडा नभएकोले नआत्तिन आग्रह गरेको छ। ज्येष्ठ नागरिक, गर्भवती, बालबालिका, दीर्घ रोगीलाई कोरोना संक्रमण भएमा गम्भीर लक्षण देखिन सक्नेभन्दै सचेत रहन इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सबैमा आग्रह गरेको छ। छिमेकी भारतमा कोरोनाको

**समाचार विश्लेषण**

संक्रमण बढेपछि नेपालमा हलचल शुरु भएको हो। यसैक्रममा पर्साको जिल्ला स्वास्थ्य संकट व्यवस्थापन समितिको बैठकले कोरोनाको सम्भावित जोखिमलाई दृष्टिगतगर्दै सीमा नाकामा जाँचलाई प्रभावकारी बनाउने निर्णय गरेको छ। पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले अध्यक्षतामा बसेको बैठकले समितिको बैठकले छिमेकी मुलुक भारत तथा नेपालका बिभिन्न स्थानमा कोरोनाका संक्रमित बिरामीहरु देखापरेकाले कोरोनाको सम्भावित जोखिमलाई दृष्टिगतगर्दै जिल्लामा स्वास्थ्य सतर्कता अपनाउने निर्णय गरेको छ। प्रजिअ अर्यालले स्थानीय समाचारदाताहरुसँग कुरागर्दै कोरोनाको सम्भावित जोखिमलाई मध्यनजरगर्दै सीमा नाकामा जाँचलाई थप प्रभावकारी बनाउने र आवश्यक निगरानी तथा स्वास्थ्य सतर्कता अपनाउन सम्बन्धित सबैमा अनुरोधगर्ने निर्णय भएको छ। भारतीय भूमिबाट प्रवेशगर्ने यात्रुहरुलाई लक्षितगरी स्थापना गरिएको हेल्थ डेस्कलाई थप प्रभावकारी बनाउने, आवश्यकताअनुसार उक्त हेल्थ डेस्कमा सुरक्षाकर्मीलगायत जनशक्ति समेत खटाई व्यवस्थित रुपमा स्क्रिनिङगर्ने **बाँकी ८ पेजमा**

## बृहत कम्युनिष्ट एकताका लागि नयाँ प्रस्ताव

काठमाडौं। नेकपाका महासचिव नेत्रबिक्रम चन्दले बृहत कम्युनिष्ट एकताका लागि पुरानो र परम्परागत मान्यताबाट माथी उठ्नुपर्ने बताउनु भएको छ। नेकपा दाङद्वारा घोराहीमा हालै आयोजित महासचिव चन्दसँग सर्वपक्षीय अन्तरक्रिया[redacted] सम्बोधनगर्दै उहाँले [redacted] बताउनु भएको हो। महासचिव चन्दले पुराना र आआफ्ना मान्यताबाटमात्रै बृहत् कम्युनिष्ट एकता नहुने बताउँदै बृहत कम्युनिष्ट एकताका लागि पुरानो र परम्परागत मान्यताबाट माथी उठेर नयाँ प्रस्तावमा गर्नुपर्ने बताउनु भएको थियो। उहाँले विश्व कम्युनिष्ट आन्दोलनमा दर्शनमै विकास गर्नुपर्ने धारणा व्यक्त गर्दै दर्शनमा निषेधको निषेध नियम र अनिवार्य दुई लाईन संघर्षको नियम काम लाग्दै। जनताकै लागि लड्ने होभने जनताबाट अलग्गिने नीति तोड्नुपर्छ। नीति हेरफेर गर्नुपर्छ। कम्युनिष्टहरुले दर्शनमा विकास गर्नुपर्दछ। कम्युनिष्टहरुले आफ्ना विचारलाई गतिशील समयसंग जोड्नुपर्दछ। हाम्रो पार्टीले दर्शनमा अनिश्चय, सम्भावना , रक्षा र रुपान्तरणको नियम जोडेको भन्नुभएको थियो। उहाँले कम्युनिष्टले स्वामित्व सम्बधिको दृष्टिकोण पनि बदल्नुपर्छ। अब सामुहिक स्वामित्व वा निजिमात्रै भनेर पुग्दैन। स्वामित्वको प्रश्न हल नगर्दा बनेका कम्युनिष्ट सत्ताहरु ढलेका छन्। अहिलेनै सामुहिक स्वामित्व सम्भव छैन्, निजिमात्रै पनि चल्दैन भन्नुभएको थियो। त्यसैगरी उहाँले राजनीतिक प्रणाली[redacted] प्रणालीसँग जोड्न नस[redacted] संकट नटरेको उल्ले[redacted] देशव्यापी कृषि उत्प[redacted] आत्मनिर्भर र उधोग माफ[redacted]को नीति लिएको सन्दर्भ जोड्दै पार्टीको नीति सही भएको बताउनु भएको थियो। माओवादी केन्द्रसँगको पार्टी एकताको प्रशंगमा बोल्दै उहाँले कुनै पार्टीमा गएर विलय हुनेजस्तो एकता नहुने पनि बताउनु भएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा माओवादी केन्द्रदाङका सचिव बरुण, राष्ट्रिय जनमोर्चा दाङका अध्यक्ष गणेश आचार्य, एकीकृत समाजवादीका रामप्रसाद चौधरी,**बाँकी ८ पेजमा**

## १९ खर्ब...

पुऱ्याउने सरकारी लक्ष्य छ। यस्तै, तीन खर्ब ७३ अर्ब हालकै श्रोतबाट रकम जम्मा हुने र कर परिवर्तन तथा प्रशासनिक सुधारबाट १९ अर्ब ६७ करोड रुपैयाँ संकलन हुने अनुमान छ। एकलौटी फर्म तथा व्यक्तिगत आयममा लाग्ने कर चालुआर्थिक बर्षमा एक खर्ब १३ अर्ब रुपैयाँ उठ्ने देखिएकोमा आगामी बर्ष एक खर्ब ३३ अर्ब रुपैयाँ उठ्ने अनुमान छ। एक खर्ब २७ अर्ब त व्यक्तिगत आयमा लाग्ने कर, पारिश्रमिक कर, पूँजीगत लाभकर, आकस्मिक लाभकर, एकलौटी व्यवसायको आयमा लाग्ने करबाटै उठ्नेछ। प्रशासनिक सुधारबाट मात्रै थप छअर्ब ६९ करोड रुपैयाँ राजस्व संकलन गर्नेछ। कम्पनी तथा संस्थानको आयमा लाग्ने कर एकखर्ब ९३ अर्ब रुपैयाँ पुऱ्याउने लक्ष्य राखेको देखिएको छ। चालु आर्थिक बर्षमा एक खर्ब ५२ अर्ब रुपैयाँ संकलन गरेको सरकारले ४१ अर्ब रुपैयाँ थप उठाउन सक्ने आकलन गरेको छ। अर्थ मन्त्रालयले सरकारी संस्थान, पब्लिक कम्पनी, प्राइभेट कम्पनीको मुनाफामा लाग्ने कर, पूँजीगत लाभकर र आकस्मिक लाभ करबाट लक्ष्य भेट्टाउने उल्लेख गरेको छ। लगानीको आय तथा अन्य आयमा लाग्ने करबाट ६६ अर्ब ७२ करोड रुपैयाँ उठाउने लक्ष्य राखिएको छ। सो शीर्षकमा चालुआर्थिक बर्षमा ५४ अर्ब ४४ करोडमात्रै उठ्ने अनुमान रहेकोमा आगामी बर्ष १२ अर्ब बढी राजस्व उठाउन सक्ने आंकलन छ। सम्पत्ति, बहाल तथा पट्टाबापतको आयमा लाग्ने कर, ब्याजमा लाग्ने कर, लाभांशमा लाग्ने कर, लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर, आकस्मिक लाभ करबापत करवृद्धि गर्न सकिने अर्थ मन्त्रालयको अनुमान छ। अर्थमन्त्रीले पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर ९ अर्ब रुपैयाँबाट १३ अर्ब ४५ करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखेका छन्। वस्तु तथा सेवामा आधारित कर ६ अर्ब ६७ अर्ब ४५ करोड रुपैयाँ संकलनगर्ने लक्ष्य राखिएको छ। चालुआर्थिक बर्षमा ५ खर्ब ६७ अर्ब रुपैयाँ राजस्व संकलन गरेकोमा आगामी बर्ष १ खर्बको लक्ष्य बढाइएको पाइएको छ। **(बजेट बक्तब्यबाट संकलित तथा सम्पादित तथ्यांक तथा बिवरण )**

## कांग्रेस..

सिट्ठी जुलुस निकालेको थियो। प्रतिपक्षको बिरोधका बाबजुद प्रतिनिधिसभाको बैठक आगामी २० गतेदेखि असार १५ गतेसम्म १९ दिन बस्ने तयभएको छ। सभामुख देवराज घिमिरेले गत शुक्रबार बोलाउनु भएको कार्यव्यवस्था परामर्श समिति बैठकले जेठमा १० दिन र असारमा नौदिनगरी १९ दिन बस्नेगरी संसदको क्यालेण्डर पारित गरेको छ। पारित कार्यतालिका अनुसार जेठमा २०, २१, २२, २३, २५, २६, २७, २८, २९ र ३० गते बैठक बस्नेछ। त्यस्तै असारमा १, २, ३, ४, ५, ६, १०, ११ र १२ गते बैठक बस्नेछ। संसद सचिवालयले सार्वजनिक गरेको कार्यसूचीअनुसार आगामी २० गतेबाट बजेटमाथि छलफल प्रारम्भ हुनेछ। २३ गते अर्थमन्त्री विष्णु पौडेलले बजेटमाथि उठेका जवाफमा प्रष्टीकरण दिने भनिएको छ। २६ गतेबाट मन्त्रालयगत छलफल र खर्च कटौतीका प्रस्ताव राखिएको छ। तालिका अनुसार जेठ २० गते संघीय निजामती सेवा विधेयक पेश गरिनेछ। त्यस्तै २५ गते भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक पेश गरिनेछ। आगामी असार १० गते आर्थिक विधेयक,राष्ट्र ऋण उठाउने विधेयक तथा ऋण तथा जमानत विधेयक पारितगर्ने संसदको क्यालेण्डरमा उल्लेख छ। यसरी सत्तापक्ष पेलेर जाने मनस्थितिमा रहेकाले संसदमा भिडन्त हुने संकेतहरु पनि देखिएका छन्।

## अमेरिकी..

बताए। एमसीसी परियोजनालाई अगाडि बढाउन हरसम्भव पहल र प्रयास भइरहेको उनको भनाई थियो। उनले अहिले एमसीसीअन्तर्गत अगाडि बढाइएका आयोजनालाई निरन्तर अगाडि बढाउन नेपाल सरकारकातर्फबाट गरिनुपर्ने सहयोगका लागि आग्रह गर्नुभएको थियो। एमसीसी अन्तर्गत सञ्चालित एमसीए परियोजनाका लागि अमेरिकाले ५०० मिलियन डलर र नेपालले १९७ मिलियन डलर खर्चगर्ने सम्झौता भएको थियो। उक्त परियोजना अन्तर्गत लप्सीफेदी-रातमाटे, रातमाटे-दमौली, दमौली-बुटवल र बुटवल-नेपाल-भारत सीमासम्म (गोरखपुर) ४०० केभी प्रसारण लाईन र सम्बद्ध सवस्टेशनहरु निर्माण हुने भनिएको थियो। उपरोक्त भेटमा एमसीसी तथा एमसीएका प्रतिनिधि तथा मन्त्रालयका उच्च अधिकारीहरुको समेत सहभागीता रहेको थियो। तर राजदूत थम्पसनले सो परियोजनाकाबारेमा कुनै पनि उत्तर नदिनु भएको जानकारहरुले बताएका छन्। नेपालले एमसीसीका लागि बिद्येशी ऋणमा ल्याएको झण्डै ३० अर्ब रुपैयाँ खर्च गरिसकेको छ।

## अनिश्चितकालीन..

माग गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका हुन्। उनीहरुले आज जेठ १८ गतेसम्ममा मागहरु सम्बोधन नभए भोली १९ गतेबाट देशव्यापीरुपमा अनिश्चितकालका लागि सवारी साधनहरु घर ग्यारेजमा थन्काउने चेतावनीसमेत दिइसकेका छन्। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वाँरले पत्रकार सम्मेलनमा बोल्दै गण्डकी प्रदेश सरकारले प्राइभेट गाडीमा मानिस राख्न पाउने नियम बनाउनुनै आन्दोलनको ठूलो कारण बनेको दाबि गर्नुभएको थियो। उहाँले यस विषयमा सरकार गम्भिर नभएको कारण यातायात व्यवसायीले दुःख पाएको टिप्पणी पनि गर्नुभएको थियो। उहाँले अहिलेको यो २१ औं शताब्दिमा आएर पनि गरिखानेलाई गरिखान नदिने शोच राख्नुनै गलत रहेको बताउनु भएको थियो। सोही कार्यक्रममा बोल्दै सार्वजनिक यातायात व्यवसायिक महासंघका अध्यक्ष डा. डोलनाथ खनालले हरेक नम्बर प्लेटको आआफ्नै विशेषता हुनेभएकोले त्यसलाई कुल्चिएर अघिबढ्न नहुने बताउनु भएको थियो। त्यसैगरी अर्का यातायात व्यवसायी सरोज सिटौलाले गण्डकी प्रदेशका मुख्यमन्त्रीका कारण आन्दोलनमा जान बाध्यभएको बताउनु भएको थियो। त्यसयता सरकार र यातायात ब्यवसायीबीच कुनै निर्णयक वार्ता भएको छैन।

## संघीय....

कसैलाई छैन भन्ने मेरो दाबी छ पनि भन्नुभएको थियो। उहाँले संविधानले तोकेको संघीय संरचना कार्यान्वयनका लागि आवश्यक कानून निर्माण नहुँदा प्रदेश सरकारहरु अप्ठ्यारोमा परेको उल्लेखगर्दै सरकार त्यसप्रति गम्भीर हुनुपर्ने धारणा राख्नुभएको थियो। अध्यक्ष दाहालले संघीयता सुदृढगर्न कर्मचारी समायोजन, प्रहरी समायोजन ऐन, बिद्यालय शिक्षा ऐन लगायतका विषयमा आफ्नो सरकारले लिएका पहलहरुबारे जानकारी गराउँदै ती कानूनी प्रक्रियाहरु टुंगोमा पुऱ्याउनु अहिलेको आवश्यकता रहेको बतउनु भएको थियो।

## जनगणतन्त्र...

पार्टीका कार्यवाहक महासचिव गजुरेलले जारीगर्नुभएको बक्तब्यमा उल्लेख भएअनुसार भाकपा माओवादीका महासचिव क. नम्वाला केशवराव वसवराजुसहीत अन्य २६ जना क्रान्तिकारी कार्यकर्ताहरुलाई घेरा हालेर गत मई २१ का दिन भारतको मोदी सरकारले गरेको क्रुरतापूर्ण सामूहिक हत्याको विरोधगर्दै उहाँहरुप्रति शोक प्रस्ताव पारित गरिएको थियो।

## राजावादी..

गरेको थियो। आन्दोलनमा राप्रपा, राप्रपा नेपाल, राष्ट्रिय शक्ति नेपाललगायत दल तथा समूहहरु रहेका छन्। प्रदर्शनमा संयोजक सुवेदी, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापालगायतको सहभागिता रहने गरेको छ। राजावादीहरुको आन्दोलन बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय काठमाडौंले हिजो शनिबारबाट लागूहुनेगरी नारायणहिटी दरवार वरपरको क्षेत्रमा निषेधाज्ञाको घोषणा गरेको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले गत शुक्रबार उक्त स्थानमा पाँचजनाभन्दा बढि व्यक्ति भेलाभई अनसन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता विरोधका कार्यक्रमगर्न निषेधको आदेश जारी गर्नुभएको हो। निषेधाज्ञा आगामी असार २४ गतेसम्म कायम रहने भनिएको छ। प्रजिअको आदेशअनुसार केशरमहल चोकदेखि नारायणहिटी दरवार संग्रहालय दक्षिण गेटहुँदै जयनेपाल मोडसम्म, महेन्द्र सालिकहुँदै नारायणहिटी दरवार संग्रहालय दक्षिण गेटसम्म विरोधका कार्यक्रमगर्न नपाइने भनिएको छ। यसैबीच काठमाडौंको तीनकुने घटनाका २६ जना हिरासत मुक्तभएको छन्। जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोगपत्र दायरगर्दा २६ जनाको संलग्नता नदेखिएकोभन्दै मुद्धा नचलाउने निर्णय गरेर रिहा गरेको हो। उनीहरुलाई प्रहरीले ६० दिनसम्म थुनेको थियो। अन्तिममा ११ जनालाईमात्र आपराधिक उपद्रवमा मुद्धा चलाएर बाँकीलाई रिहागरिएको छ। रिहा हुनेहरुमा देवबहादुर थापा मगर, राजा ठाकुर हजाम, प्रसिद्ध मल्ल, नविन ढकाल, आलोक पराजुली, इरफान हजाम, गणेशबहादुर गुरुङ, विवेक रखाल, उपेन्द्र प्रसाद शाह, गणेश प्याकुरेल, सरुन थापा, ईष्टन लामा, भविन्द्र विसि, विकास ओली, जीवलाल पुरी, आशिस तामाङ, लिला राना, मनिश कुमार शाही, भगवती रोक्का, सरिता खत्री, सुदर्शन थापा, सीता देवी राई, कृष्ण कुमार बस्नेत, मुकुन्द दाहाल र राज कुमार राई रहेका छन्।

## बेहत्..

प्रेस स्वतन्त्रता सेनानी सुशील गौतम, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सविन प्रीयासन, दाङ जिल्ला उधोग बाणिज्य संघका पूर्वअध्यक्ष नारायण भुषाल, मानवअधिकारकर्मी बिनोद केसी, नेपाल जेसिज पूर्व केन्द्रीय महासचिव निशान्त आचार्य, राप्ती इन्जिनियरिङ कलेजका प्रमुख डा.भीमसेन गिरी , रोल्पाली सेवा समाजका केन्द्रीय अध्यक्ष डिलाराम वली, महेन्द्र बहुमुखी क्याम्पस दाङका प्नमुख नारायण पन्थी , शिक्षक तथा बुद्धिजीवी वसन्तप्रसाद रिजाल , प्याब्सन दाङका बरिस्ठ उपाध्यक्ष वीरेन्द्र चन्द, नागरिक समाज दाङका पूर्बसंयोजक चन्द्रराज पन्तले बिभिन्न जिज्ञासा राख्दै सल्लाह र सुझाव दिनुभएको थियो।

## नेपालको..

व्यवस्था मिलाउने निर्णय भएको बताउनु भएको हो। बैठकले अस्पताल तथा स्वास्थ्य संस्थालाई तयारी अवस्थामा रहन निर्देशन अनुरोध गरेको छ। त्यसैगरी जटिल प्रकृतिका शंकास्पद बिरामीलाई अन्य अस्पतालमा रेफर नगर्न पनि अनुरोध गरेको छ। बैठकले मास्क, सेनिटाइजर, अक्सिजनलगायतका कोरोना संक्रमणमा प्रयोग हुने लाइफ सेभिङ उपकरणहरुको स्टक सुनिश्चितगर्ने पनि निर्णय गरेको छ। प्रवेश विन्दुमा खटिएका कर्मचारीहरुले विगतदेखि पाउनुपर्ने तलब सुविधा हालसम्म नपाएको गुनासो आएकाले रोकिएको पारिश्रमिक उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोधगर्ने पनि निर्णय भएको छ। नेपालसँग सीमा जोडिएका भारतका प्रायः जिल्लामा कोरोनाको संक्रमण बढ्दै गएको जानकारहरुले बताएका छन्।

## नेपाल..


बस्नेतको प्रदेश समन्वय विभाग, ओमबहादुर रानाको अख्तियार दुरुपयोग अनुसन्धान आयोग, जयराज सापकोटाको कार्य विभाग, सञ्जीव शर्मा दासको अपराध अनुसन्धान विभाग र सुरेन्द्र गुरुङको प्रहरी प्रधान कार्यालय कार्य विभागमा सरुवा भएको छ। नेपाल प्रहरीका महानिरीक्षक दिपक थापाले हालै पदोन्नति हुनुभएको १२ जना प्रहरी अधिकृतहरुलाई गत शुक्रबारनै दर्ज्यानी चिन्हसमेत प्रदान गर्नुभएको थियो। नेपाल प्रहरीको प्रधान कार्यालयमा आयोजित विशेष समारोहबीच महानिरीक्षक थापाले उहाँहरुलाई दर्ज्यानी चिन्ह प्रदान गर्नुभएको हो। समारोहमा पदोन्नति हुनुभएको प्रहरी अधिकृतहरुकातर्फबाट मन्तव्य व्यक्तगर्दै प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाहले संगठनको लक्ष्य र उद्देश्य हाशिलगर्न तथा छवि उच्चबनाउन पूर्णव्यवसायिक निष्ठा र इमान्दारीतापूर्वक अझबढि सशक्तभई कार्यसम्पादनगर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो। समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु लगायत प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति रहेको थियो। त्यसैगरी नेपाल प्रहरीका २८ जना प्रहरी वरिष्ठ उपरीक्षक ( एसएसपी)को पनि सरुवा भएको थाहा भएको छ। गृह मन्त्रालयले गत शुक्रबारको मन्त्रीस्तरीय निर्णयबाट एकैपटक २८ एसएसपीको सरुवा गरेको हो। जसअनुसार प्रहरी प्रधान कार्यालयको मानवश्रोत विकास विभाग वृत्ति विकास महाशाखा नक्सालमा कार्यरत एसएसपी अनुपम शमशेर जबरालाई प्रहरी युक्त तालिम महाबिद्यालय जर्गाह पश्चिम नवलपरासी सरुवा गरिएको छ। कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरमा कार्यरत एसएसपी अविनारायण काफ्लेलाई प्रहरी प्रधान कार्यालय कार्यविभाग कार्य निर्देशनालयमा सरुवा गरिएको थाहाभएको छ। अन्यको पनि बिभिन्न स्थानमा सरुवा भएको प्रहरी प्रधान कार्यालय सूत्रले जनाएको छ।

## नेपाली..

बजेट निर्माणअघि सरकारको ध्यानाकर्षण गराइएको भएपनि अपेक्षित रुपमा नसमेटिएको बताउनुभएको थियो। अध्यक्ष अर्यालले गत शुक्रबार मन्त्रालयमै पुगेर बजेटबारे बुझ्दा पुरानै कुरा दोहोरिएको पाइयो, नयाँ केही समेटिएको छैन। जति बजेट आउनुपर्ने हो, त्यो आएको छैन भन्नुभयो। त्यसैगरी मिडिया एलायन्सका अध्यक्ष भास्कर राजकर्णिकारले सञ्चारमाध्यमलाई उद्योगकारुपमा नहेर्ने सरकारी दृष्टिकोणको आलोचना गर्नुभएको छ। नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले सरकारको उपेक्षा अकल्पनीय भएको बताउनुभएको छ। सरकारले आगामी आबको बजेटमा सञ्चार मन्त्रालयको लागि ७.३५ अर्ब बजेट विनियोजन गरेको भएपनि सञ्चारमाध्यम र सञ्चार कर्मीका लागि केही व्यवस्था गरेको छैन। सरकारले बजेटमा विज्ञापन वितरण प्रणालीलाई व्यवस्थित गर्नेमात्रै भनेको छ। मिडिया एलायन्सका अध्यक्ष भास्कर राजकर्णिकारले सरकारले बजेटमा सञ्चारमाध्यमलाई उपेक्षा गरेको बताउनुभएको छ। आर्थिक मन्दीका कारण समस्यामा रहेका मिडियालाई राहतको प्याकेज ल्याउनुपर्नेमा सरकारले पनि उपेक्षागर्नु साह्रै दुःखद् भएको उहाँको भनाई छ। उहाँले हामीले हरेक बर्ष बजेट आउनुभन्दा अगाडिदेखि सरकारको ध्यानाकर्षण गराउँदै आएका छौं। सञ्चार माध्यमलाई व्यवस्थितगर्ने कुरा उठाइरहेका छौं। चार बर्षदेखि गरिरहेका छौं तर, सरकारले सुन्दैन। सरकारले आमसञ्चार माध्यमलाई उद्योगको रुपमा हेरेन। सरकारलाई केही भन्ने पक्षमै छैनौं। पाँचौंबर्ष भयो गुहारेको तर, बजेटमा एक शब्द पनि उच्चारण नहुनु साह्रो दुःखद् र लज्जास्पद कुरा हो भन्नुभयो। उद्योगधन्दामा देखिएको सुस्तता र उत्पादनमा आएको गिरावटका कारण विज्ञापन राजस्वमा ठूलो गिरावट आएको उहाँले बताउनुभएको छ। सञ्चारमाध्यमलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउने र मूल्य अभिवृद्धि कर किस्ताबन्दीमा तिर्न पाउने व्यवस्था गर्नुपर्ने कुरा आफूहरुले उठाउँदै आएको उहाँले बताउनुभएको छ। उहाँले मिडिया उद्योगको आम्दानीको मुख्य श्रोत भनेकै विज्ञापन हो। उद्योगको उत्पादननै आधा घटेको छ, त्यसैले विज्ञापन घट्नु स्वाभाविक हो। अर्थतन्त्रमा आएको शिथिलताको असर सञ्चारमाध्यममा पनि परेको छ। सरकारले छापा, रेडियो, टेलिभिजन र अनलाइनसहीतका सञ्चार माध्यमलाई केही राहत प्याकेज ल्याउनुपर्छ भनेका थियौं। मूल्य अभिवृद्धि करको कुरा छ। कर थपिँदा थपिँदै तिर्नै नसक्ने अवस्था छ। किस्ताबन्दीमा तिर्न पाउने व्यवस्था गर्नुपर्छभन्ने हो। सस्तोमा ऋण दिनुपर्छभन्ने हो। यसले केही राहत हुन्थ्यो। तर, सरकारले सुनेन। अब सरकारलाई केही भन्नेपक्षमा छैनौं भन्नुभयो। उहाँले मूलधारका सञ्चारमाध्यम र सामाजिक सञ्जालबीच फरक छुट्टयाउने आवश्यकता औल्याउनुभएको छ।

# चीनले बनायो अन्तर्राष्ट्रिय मध्यस्थता संस्था

काठमाडौं। नेपालको छिमेकी चीनले अन्तर्राष्ट्रिय मध्यस्थता संस्था बनाएको छ। चीनले स्थापना गरेको मध्यस्थता-आधारित अन्तर्राष्ट्रिय विवाद समाधान समूहलाई गत शुक्रबार दर्जनौं देशहरुले अनुमोदन गरेको छ। इन्डोनेसिया, पाकिस्तान, लाओस, कम्बोडिया र सर्बिया, बेलारुस, क्युबासहित ३० भन्दा बढी देशका प्रतिनिधिहरुले चीनका परराष्ट्रमन्त्री वाङ यीको उपस्थितिमा हङकङमा आयोजित समारोहमा अन्तर्राष्ट्रिय मध्यस्थता संस्था स्थापनासम्बन्धी सन्धि (आईओमेड)मा शुक्रबार हस्ताक्षर गरेका छन्। चिनियाँ परराष्ट्र मन्त्रालयकाअनुसार हस्ताक्षर समारोहमा एशिया, अफ्रिका, ल्याटिन अमेरिका र युरोपका ८५ देशका झन्डै ४०० उच्च प्रतिनिधि र करिब २० अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरुले सहभागिता जनाएका थिए। नेपालले यसमा पर्यवेक्षकको रुपमा सहभागिता जनाएको छ। हस्ताक्षरसँगै ती देशहरु नयाँ संस्था स्थापनाका संस्थापक सदस्य बनेका छन्। नवगठित आईओमेडले संयुक्त राष्ट्रसंघको वडापत्रका सिद्धान्तहरुसँग मेल खानेगरी मध्यस्थताको माध्यमबाट द्वन्द समाधान प्रवर्द्धनगर्ने लक्ष्य राखेको छ। सो पहलले बिद्यमान अन्तर्राष्ट्रिय बिवाद समाधान प्रणालीहरुको पूरककारुपमा कामगर्ने र राष्ट्र-राष्ट्रबीच तथा अन्य अन्तर्राष्ट्रिय विवादहरुलाई समाधानगर्न मुद्धा र मध्यस्थताको शान्तिपूर्ण विकल्प प्रदानगर्ने उद्देश्य लिएको देखिएको छ। हङकङमा मुख्यालय रहने यो संस्थाले अन्तर्राष्ट्रिय विवादहरुको सौहार्दपूर्ण समाधानलाई प्रोत्साहनगर्ने र विश्वव्यापी सम्बन्धलाई थप सामञ्जस्यपूर्ण बनाउने उद्देश्य राखेको जनाइएको छ।



डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-३१ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

## सम्पादकीय

# अन्योलमा देखिएको आगामी आब ०८२/०८३ को बजेट र कार्यान्वयनको प्रश्न

**अर्थमन्त्रि बिष्णुप्रसाद पौडेलले गत साता १५ गते आगामी आब ०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको रुपैयाँको बजेट सार्बजनिक गर्नुभएको थियो । उक्त बजेटमा चालुतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात ६०.१ प्रतिशत, पूँजीगततर्फ चारखर्ब सात अर्ब ८९ करोड अर्थात २०.८ प्रतिशत र वित्तीय व्यवस्थापमा तीनखर्ब ७५ अर्ब २४ करोड अर्थात १९ दशमलव एक प्रतिशत विनियोजन गरिएको पाइएको छ। त्यसैगरी आगामी आबको व्ययको अनुमान चालु आबको विनियोजनको तुलनामा ५.६ प्रतिशत र संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढी हो। कूल विनियोजनमा प्रदेश र स्थानीय तहका लागि वित्तीय हस्तान्तरणतर्फ चारखर्ब १७ अर्ब ८३ करोड विनियोजन गरिएको पाइएको छ। आगामी आबका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतमध्ये आन्तरिक राजस्वबाट १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड उठाइने अनुमान गरिएको छ। बाँकी पाँचखर्ब ९५ अर्ब ६६ अर्ब बराबर न्यून हुने देखिएको छ। जसका लागि आन्तरिक ऋणबाट तीन खर्ब ६२ अर्ब र बाह्य ऋणबाट दुई खर्ब ३३ अर्ब ६६ करोड व्यहोरिने भनिएको थियो। समग्रमा हेर्दा बजेटमा औल्याउन योग्य कुनै राम्रा प्रावधानहरु पनि रहेका छैनन् र नराम्रा पनि खासै देखिएका छैनन्। त्यसैले होला धेरैले यसलाई कामचलाउ बजेटका रुपमा लिने गरेको देखिएको छ। सदाबहार र सबैले भन्ने गरेको कुरा यो छकि नेपालको कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान उल्लेख्य रहेको मानिन्छ। देशका अधिकांश जनता कृषि पेशामा आबद्ध पनि रहेका छन्। जुन क्षेत्रले करीब २० प्रतिशत रोजगारी सिर्जना गरेको छभनेमा अत्युक्ति नहोला। विगत एक दशकको तथ्यांक नियाल्दा कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको घटेको योगदानको करीब आधा हिस्सा जति सेवाक्षेत्र अन्तर्गतको सार्वजनिक प्रशासन, रक्षा र सामाजिक सुरक्षा क्षेत्रको योगदानमा भएको वृद्धिले समेटेको पाइन्छ। जसले हाम्रो प्राथमिकता, क्षमता र मार्ग पहिचानको प्रभावकारितामाथि प्रश्न उठाएको छ। कृषि, वन, मत्स्यपालन र शिकार समूह अन्तर्गत कृषि वर्गमा सिंचाइ संरचना निर्माण र सोका लागि वितरण हुने अनुदान पर्दछ। त्यसैगरी कृषि क्षेत्रको विकासका लागि कार्यक्रम खर्च र त्यसको प्रभावकारिताको पनि अहम् भूमिका रहन्छ। तर आगामी आबको बजेटले कृषि क्षेत्रलाई खासै प्रोत्साहनगर्न सकेको देखिएको छैन। त्यसैगरी नेपालमा आवधिक योजनाहरुको बिशेष महत्व रहन्छ र रहँदै पनि आएको छ। तर यस पटकको बजेट बक्तब्यले आवधिक योजनाहरुलाई खासै प्रोत्साहनगर्न सकेको देखिएको छैन।**

**टुक्रे र आगामी निर्वाचनलाई ध्यानमा राखेर धेरै योजनाहरुको छनोट गरेको देखिएको छ। चालु आबको बजेटमा रहेका कतिपय योजनाहरु मध्यावधी समीक्षाको बहानामा कटौती गरिएकाले यस पटक उल्लेख गरिएका योजनाहरुको हबिगत पनि त्यस्तै नहोला भन्नसकिने अवस्था छैन। त्यसैगरी यस पटकको बजेटमा कर्मचारीहरुको तलव बढ्ने जुन चर्चा परिचर्चाहरु भैरहेका थिए, त्यसले प्रोत्साहन अपाउँदा प्रशासनिक क्षेत्रमा निराशा बढ्नसक्ने देखिएको छ। सरकारले आफ्ना कर्मचारीका लागि तीन हजार महँगी भत्ता थपेका कारण महँगीको पारा फेरी रफ्तारमा अगाडि बढ्न सक्ने अवस्था पनि छ। भौतिक तथा सामाजिक पूर्वाधारको सन्तुलित विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिलाईसमेत प्राथमिकतामा राखिएको हुनुपर्नेमा त्यसमा गोलमटोल प्रकृतिका भाषा प्रयोग गरिएकाले जनमानसमा भ्रमको अवस्था सिर्जना भएको देखिएको छ। सरकारले आफ्ना लक्ष र उद्देश्यहरु प्राप्तगर्न आम्दानी खर्चमा सन्तुलन कायम गर्नुपर्नेमा प्रशासनिक र ब्यवस्थापकीय खर्च धेरै देखिएको छ। सबैतिर मिलाएर हेर्दा राजनीतिक परिचालनमामात्र झण्डै कूल बजेटको ८३ प्रतिशत खर्च छुट्याइएको पाइएको छ। जलविद्युत तथा ऊर्जा विकास, कृषिको उत्पादकत्व वृद्धि, पर्यटन र उद्योगको विकासलाई प्राथमिकतामा राखिएको भनिए पनि त्यसको प्रभावकारी र सही ढंगले कार्यान्यन हुने कुनै आधारहरु देखिएका छैनन्। खासगरी नेपालको बिद्यमान राजनीतिक ब्यवस्थामा धेरै अन्योलताहरु रहेका छन्। जसले गतबर्षहरुमा जस्तै आगामी बर्षको बजेटमा पनि स्थान पाएको देखिएको छ। सामान्यतया संसदमा प्रस्तुत गरिसकेको बजेटमा हेरफेर गर्ने/गराउने प्रचलन नरहेपनि प्रस्तुत बजेट कार्यान्वयनका क्रममा सन्तुलन मिलाउन सक्नुपर्ने देखिएको छ। यो आजका सन्दर्भमा प्रमुख बिचारणिय पक्ष हो।**

# गणतन्त्रमाथि उठेको प्रश्न र राजावादीहरुको चलखेल

**देश/परिवेश** डा. केशव देवकोटा

नेपालमा राजतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना भएको गत १५ गते १७ बर्ष पूरा भएको छ। गणतन्त्र घोषणा भएको शुरुका केही बर्षसम्म यसकाबारेमा खासै प्रश्न नउठे पनि ०७२ को संविधान जारी भएर देशलाई संघीयतामा लगिएपछि र संघीयताका कारण देश अस्तब्यस्त बन्दैगएपछि फेरी राजतन्त्र पुनर्स्थापनाको माग बढेर गएको हो। यसबर्ष त राजतन्त्र पुनर्स्थापनाको माग निकै चर्कोरुपमा उठेको छभने राजावादीहरु गणतन्त्रवादीसँग आमने-सामने नै भएका छन्। गत १५ गते उनीहरुले गणतन्त्र दिवसका कार्यक्रमहरु सकिएपछि आफ्ना कार्यक्रम सञ्चालन गरेर बर्तमान सरकार र आफूलाई गणतन्त्रवादी भन्ने/ठान्नेहरुलाई चुनौती दिने प्रयास गरे। गणतन्त्रवादीहरुले जहाँ, जहाँ आफ्नो शक्ति प्रदर्शन गरेका थिए, सोही सोही स्थानमा राजावादीहरुले पनि प्रदर्शनगर्नु मुख्यत नेकां, एमाले र माओवादी केन्द्रका लागि गंभिर चुनौती हो। गणतन्त्र खासमा जनताको ब्यवस्था भएका कारण जनस्तरबाट रोज्नुपर्दा गणतन्त्रनै रोजाइमा पर्ने कुरामा बिवादगर्ने ठाउँ छैन। तर नेपालमा गणतन्त्रका नाममा सामन्ती ब्यवस्थाको अभ्यास गर्ने/गराउने प्रयास भैरहेको छ। नेपालमा बिद्यमान राजनीतिक ब्यवस्थाको नाम जे भएपनि चरित्र सामन्तवादी रहेको स्पष्ट छ।

नेपालमा गणतन्त्रको बिरोध खासगरी दुई कारणले भएको देखिएको छ। पहिलो कारण ०६३ बैशाख ११ गते तत्कालीन राजा र १९ दिने आन्दोलनमा सहभागी भएका दलहरुकाबीचमा भएको पाँच बुँदे भद्र सहमतिको अभद्र किसिमले उल्लंघन हुनु, दोश्रो गणतन्त्र स्थापना भएको १७ बर्ष ब्यतितहुँदा पनि देशमा राजनीतिक स्थायित्व र विकास दुबै नहुनु। ०६३ बैशाख ११ गते दलहरुले राजालाई हुकुमी अधिकार प्रदान गरेका थिए। संवैधानिक भैसकेका राजालाई त्यस्तो हुकुमी अधिकार किन दिइयो ? भन्ने गंभिर प्रश्न छ र यो प्रश्न नेपालमा सधै उठिरहने छ। राजाले निर्धारित समयसमेत सकिएको बिघटित प्रतिनिधिसभा पुनर्स्थापना गराउने अधिकार पाउनु हुकुमी अधिकार पाउनु थियो। दलहरुले त्यतिबेला आआफ्नो स्वार्थ साधनाका लागि त्यसरी ०४७ को संविधानमासमेत नभएको अधिकार राजालाई प्रदानगर्नु हुने थिएन। त्यसैगरी राजाले पनि आफ्नो अधिकार क्षेत्र बाहिर गएर हुकुमी पाराले संसद ब्युँताएर अनिर्वाचित ब्यक्तिहरुलाई स्वतह संसदमा पुग्ने/अवसर प्रदान गर्नुहुने थिएन। उक्त गल्तीका कारणले नै ०६५ जेठ १५ गते राजतन्त्रको अन्त्यभएर गणतन्त्रको घोषणा भएको होभने दलहरुले हालको अवस्था ब्यहोर्नु परेको हो। माओवादीले ०६२ मंसिर सातगते जनयुद्धलाई भारतको दिल्लीमा लगेर औपचारिकरुपमै बिसर्जन गरेको थियो। नेपालका संसदवादी दलहरुसँग १२ बुँदे सहमति गर्ने/गराउने बहानामा त्यतिबेला जनयुद्ध जसरी बिसर्जन गरियो, त्यसलेगर्दा हालको राजनीतिक ब्यवस्था जनयुद्धको बलमा आएको भन्न सकिने अवस्था छैन। यो केवल संझौताबाट मात्र आएको ब्यवस्था भएका कारण, सोहीअनुसार संझौताको पालना गरिएको हुनुपर्ने थियो। त्यतिमात्र नभएर दल र राजाकाबीचमा सहमति गराउन पनि दिल्लीका प्रतिनिधिलाई रोहबरमा राखिएको थियो। जसलेगर्दा भारतको जहिले पनि हस्तक्षेप रहँदै आएको छ र यो राजनीतिक ब्यवस्था रहेसम्म रहिरहने छ। आठ दलकाबीचमा दिल्लीमा गरिएको भनिएको १२ बुँदे सहमतिमा समेत नेपालमा राजतन्त्रको समूल अन्त्यगर्ने भनिएको थिएन। त्यसैले सो सहमति गराउने इन्डो पश्चिमा शक्तिसमेत नेपालको राजतन्त्र र गणतन्त्रको बिवादमा मुछिन पुगेका हुन्। नेपालमा संविधानसभाबाट संविधान बनाउने भनियो। तर त्यसलाई पनि छलछामकै बिषय बनाइएको थियो। किनकी पहिलो संविधानसभाले एकातिर आफूले पाएको संविधान बनाउने जनादेशको पालना गरेनभने अर्कातिर जबरजस्त केही दलहरुको बलका भरमा देशको राजनीतिक ब्यवस्थानै परिवर्तन गरिदियो। पहिलो संविधानसभाले संविधान बनाएर बिधि र पद्धतिका आधारमा ब्यवस्थाको परिवर्तन गरेको भए, कसैले पनि कुनैपनि समयमा प्रश्न उठाउने अवस्था आउने थिएन। त्यसैले पहिलो संविधानसभाले जसरी जबरजस्त गणतन्त्रको घोषणा गरेको थियो, त्यो आफैमा अत्यन्त कमजोर र बिवादास्पद निर्णय थियो। सो संविधानसभा आफै बिघटन भएका कारण त्यसले गरेका सबै निर्णयहरु अमान्य घोषित गरिएको हुनुपर्ने थियो। पहिलो संविधानसभा बिघटन हुनुको पछाडि नेपालमा कुनैपनि संविधान बन्न नदिने र देशलाईनै बिघटनमा पुऱ्याउने कुत्सित मनशाय रहेको पनि देखिएको थियो। ०६२ मा दिल्लीमा जनयुद्धको बिसर्जन गर्नेहरुले नेपालको समग्र कम्युनिष्ट आन्दोलनप्रति धोखाघडी गरेको बुझेपछि जनयुद्धकालीन माओवादीको ठूलो तप्का अलग भएको थियो। जो हालसम्म पनि सबै किसिमका निर्वाचनबाट अलग रहँदै आएको छ। कतिपयले त पहिलो संविधानसभाबाटै राजीनामासमेत गरेका थिए।

दोश्रो संविधानसभालाई पनि मुख्यत तत्कालीन एमाओवादीले बिधि र पद्धतिअनुसार कामगर्न दिएको थिएन। त्यतिबेला संविधानसभालाई अज्ञातस्थलबाट सिर्जना गरिएका पूर्ब शर्तहरुको भारी बोकाइएको थियो। भनिन्छ संविधानसभालाई उक्त पूर्ब शर्तहरुको भारी बोकाए बापत ठूलो आर्थिक चलखेलसमेत भएको थियो। हाल आएर उक्त पूर्ब शर्तहरु साम्राज्यवादी मुलुकहरुले तयार गरेका रहेथिएभन्ने कुरा खुलेको छ। जस्तो संघीयतामा अमेरिका र यूरोपियन यूनियनको लगानी रहेको दिनको घाम जतिकै छर्लङ्ग भएको छ। अमेरिकाले त नेपालको संघीयताका लागि ठूलो धनराषिको बार्षिक बजेटनै छुट्याउने गरेको र सो बजेट बर्तमान ट्रम्प प्रशासनले कटौती गरेको सबैका सामु स्पष्ट छ। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले त त्यसलाई राजनीतिक ठगीको संज्ञानै दिनुभएको छ। तर अमेरिकालाई मिलाएर नेपालमा राजनीतिक ठगीगर्नेहरुका बारेमा कुनै औपचारिकरुपमा खोजी नभएपनि सबैका सामु स्पष्ट छ। त्यसैगरी नेपालको संघीयता बचाउन भन्दै यूरोपियन यूनियनले लगानी गरेको ऋण सहयोगको राषि पनि ठूलो रहेको छ। यसरी नेपालमा लागूगराइएको संघीयता, जातीय समावेशी, धर्म निरपेक्षता, समानुपातिक सहितको मिश्रित निर्वाचन प्रणाली सबै विदेशीका एजेण्डा भएको घटनाक्रम हरुलेनै स्पष्ट गरेका छन्। संघीयताकै कारण लोकतान्त्रिक गतिबिधिहरु हुन सकिरहेका छैनन्। नेपालका दलहरुले ०७२ को संविधान निर्माणगर्दा जनमत बुझ्ने र सार्बजनिक छलफल गराउने काम गरेनन्। उनीहरुको नीति हर कुरामा जोरजबरजस्ती गर्ने/गराउनेमै केन्द्रित रहने गरेको देखिएको थियो। तर नेपालको आन्तरिक राजनीतिमा आवश्यकताभन्दा बढी चासो राख्ने विदेशहरुलेभने पूर्ब मेचीदेखि पश्चिम महाकालीसम्म नेपाललाई कसरी अस्तब्यस्त बनाएर आफ्नो मुठीमा राख्न सकिन्छ ? भन्नेबारेमा तीन पटक सर्भेषण गराएको पाइएको छ। त्यसैका आधारमा संघीयता र जातीय समाबेशीको कुरा आएको देखिएको छ। शुरुमा उनीहरुले नेपालमा जातीयता र क्षेत्रीयताका आधारमा प्रदेशहरु बनाउने र उनीहरुलाई छुट्टिएर जान पाउने आत्मनिर्णयको अधिकार समेत दिने जिरह गरेका थिए। त्यस्तो जिरह नेपालमा को कस्ले गरेका थिएभन्ने कुरा राजनीतिप्रति सामान्य चासो राख्नेहरुलाई समेत स्पष्ट भएको कुरा हो। त्यसपछि नेपालको तराईलाई जबरजस्त मधेश घोषणा गर्ने/गराउने र मधेश एक प्रदेश बनाउने प्रयासहरु पनि भएका थिए। यदि शेर्पा राज्यका कारण चीन र मिथिला राज्यका कारण भारतमा असरगर्ने अवस्था सिर्जना नभएको भए तथा छिमेकी चीन र भारतले बिमति नजनाएको भए नेपालमा जातीय राज्य घोषणा भैसकेको हुने थियो। ०६३ पछि सत्ता र शक्तिमा आएकाहरुले खुलेरै नेपाल र नेपालीको अस्थित्व समाप्त पार्ने प्रयास गरेका थिए। उनीहरुले पृथ्वीनारायण **बाँकी ७ पेजमा**

# नयाँ राजनीतिक परिवर्तनका लागि भएका आनदोलनहरु

काठमाडौं। नेपालमा पछिल्ला दिनमा राजसंस्था पुनस्थापनाको माग बढेर गएको देखिएको छ। जसका खास कारणहरुलाई केलाएर समस्याको समाधान गर्नु/गराउनु पर्नेमा बर्तमान सरकार ढुलमूल र उदासिन देखिएको पाइन्छ। खासमा राजावादीको समस्या नेकां, एमाले र माओवादी केन्द्रका कारण सिर्जना भएको हो। उनीहरुले ०६३ पछि जेजस्ता अवसरवादी गतिबिधिहरु देखाएका थिए, त्यसले यो समस्याको सिर्जना गरेको हो। त्यसैगरी उक्त तीनवटा पार्टी एकसाथ अग्रसर नभएसम्म समस्याको समाधान हुने पनि कुनै समाधान छैन। राजावादीहरुले आफूहरुले घोषणा गरेको आन्दोलनको उद्देश्य भनेको राजसंस्था र हिन्दूराष्ट्रको पुन:स्थापना, संघीयताको खारेजी, देशमा भ्रष्टाचारको अन्त्य र सुशासनको स्थापनाजस्ता जनजीविका सँग सम्बन्धित विषय स्थापितगर्नका लागि हो भनेका छन्।

तर धेरैको प्रश्न राजावादीहरुले जेठ १५ नै किन रोजे भन्ने रहेको थियो। उनीहरुले पनि जेठ १५ मै गणतन्त्र समाप्त भएर राजतन्त्र पुनर्स्थापना हुनेझै गरेर प्रचार गरेका थिए। तर गत १५ गते सामान्य औपचारिकता पूरा गर्ने/गराउने बाहेक केही पनि भएन। राजावादीहरुले गल्ती जहाँबाट भएको छ, जहिलेबाट भएको छ, त्यहीबाट सच्याउनका लागि अर्थात जेठ १५ गते जुन गल्ती भयो, त्यस्तो गल्ती सुधार गराउन सोही दिनलाई रोजेको बताएपनि त्यसदिन केही पनि हुनसकेन। गणतन्त्र दिवसकै दिन हामीले गणतन्त्र अन्त्यको विषय पनि उठाउन शुरु गरौंभनेर जेठ १५ रोजेको राजावादीहरुको भनाई रहने गरेको छ। उनीहरुले शुरुदेखि नै आफ्नो आन्दोलनको स्वरुप पूर्णरुपले शान्तिपूर्ण हुन्छ। अहिंसात्मक हुन्छ, सत्याग्रहमा आधारित हुन्छ र यसमा कुनैपनि प्रकारका हिंसा भड्काउने खालको काम हुँदैन्भन्ने गरेका थिए। जसलाई उनीहरुले कायम राखेको देखिएको छ। निरन्तर शान्तिपूर्ण प्रदर्शन हुने गरेकाले सरकारलाईभने ठूलो दबाव परेको ठानिएको छ। नेपालका यसअघिका ठूला परिवर्तनहरु खासगरि ००७, ०४६, ०६२/६३ सालको आन्दोलन र परिवर्तनको कुरागर्दा उक्त तीनवटै परिवर्तन कुनै चुनावबाट नभएर आन्दोलनबाटनै भएको पाइएको छ। आन्दोलन, आन्दोलनपछि सम्झौता र निष्कर्ष भएकाले यस पटक पनि उनीहरुले आन्दोलन र जनदबाबबाट नै राजनीतिक दलहरुलाई खासगरि अहिलेको सत्ता तथा गणतन्त्रका पक्षधरहरुलाई वार्तामा ल्याउने र एउटा सहमतिको बाटोबाटै नयाँ समझदारी कायम गरेर मुलुकमा राजादेखि गणतन्त्रवादीहरु सबै अटाउने मौलिक व्यवस्था निर्माणगर्नका लागि आन्दोलन तय गरेको हुनसक्छ। राजावादीहरुले भन्नेगरेका छन्- हामीले खोजिरहेको परिवर्तनप्रति उत्साह बढेर गएको छ र देशभरबाट हजारौंका संख्यामा मानिसहरु काठमाडौं आएका छन्। यस्ता संवेदनशिलता र जनताको चाहनालाई सत्तारुढ पक्ष अथवा गणतन्त्रको पक्षधर दलहरुले पनि बुझ्ने छन्। र हिजो भएको गल्ती कमजोरीहरु सच्चाएर नविन समझदारीको लागि तयारी हुँदैछन्। हिन्दूराष्ट्र कुनै जात विशेषले मान्ने धर्मको कुरा मात्र होइन्। नेपालको एकता र पहिचानसँग सम्बन्धित विषय हो। हिजो हिन्दू राष्ट्रहुँदा कोही मानिस निषेधित थिएनन्। कुनै धर्म, जात, संप्रदायका मानिस उपेक्षित थिएनन्। बरु संरक्षित र सुरक्षित थिए। पछिल्लो दिनमा धर्मका आन्दोलन जुन जालो अथवा डडेलो बढेर गएको छ, त्यो धर्म निरपेक्षताको आडमा नै हो।

धर्म निरपेक्षताको आडमा बढेको धर्मान्तरणले अल्पसंख्यकहरु आज असुरक्षित छन्। धार्मिक द्वन्दको सम्भावना बढेर गएको छ। त्यसकारण राज्यका तर्फबाट अल्पसंख्यकहरुको सुरक्षाको सुनिश्चितागर्दै सर्व धर्मस्वभाव, पूर्ण धार्मिक स्वतन्त्रता सहितको हिन्दूराष्ट्र हुनुपर्छ। यो सबैको पहिचान र एकतासँग सम्बन्धित विषय हो। यसले कसैलाई निषेध गर्दैन्। राप्रपाकोमात्र आन्दोलन भएको भए स्वाभाविक रुपमा सोही पार्टीका अध्यक्षले नेतृत्वगर्ने कुरा हुन्थ्यो। तर अहिले धेरै पार्टी शक्तिहरु जसमा विचारमा अलग अलग छन्, सबैको सहमतिमानै यो आन्दोलनलाई अगाडि बढाइरहेको हुनाले जेष्ठ सदस्यलाई आन्दोलनको नेतृत्वगर्ने र हामीहरु समान हैसियतमा बस्ने निर्णय गरेर अगाडि बढिरहेका छौं। हामीले घोषणा गरेको शान्तिपूर्ण प्रदर्शनले आवतजावतमा अवरोध गर्छ। केही असर पुर्याउँछ। चारैतिर छरिएर, धेरै ठाउँमा कार्यक्रम गरेर, धेरै अवरोध सृजना गर्नुभन्दा एक ठाउँमा गर्दा कम असुविधा हुन्छभन्ने उनीहरुको भनाई बाहिर आएको छ। गत चैत्र १५ गतेको घटनालाई उनीहरुले पनि बिभिन्न कोण वा हिसाबले आफ्नो कुराहरु राखिरहेका छन्। त्यस दिनको हिंसा भड्काउनुमा सरकारनै जिम्मेवार रहेको भन्ने पनि कतिपयको आरोप छ। तर सरकारमा रहेकाहरुले सो आरोप स्वीकार गरिरहेका छैनन्। सरकारले संयमता नअपनाउँदा त्यो हिंसा भएकोभन्ने कुरामा भने धेरै पक्षहबस्रि सहमत देखिएका छन्। जुन घटनामा राष्ट्रले ठूलो क्षति व्यहोर्नु परेको थियो। दुइजनाको ज्यान नै गउको थियो। कयौं घाईते भएका थिए। उनीहरु हालसम्म पनि काठमाडौंका बिभिन्न अस्पतालमा उपचाररत रहेका छन्। भौतिक क्षतिहरु पनि त्यतिकै मात्रामा भएका थिए। जसको पुननिर्माण हालसम्म पनि हुन सकिरहेको छैन। जडिबुटीको औषधी उद्योगमा कस्ले किन आक्राण गरेकोभन्ने प्रश्न अनुत्तरित नै रहेको अवस्था छ। निष्पक्ष छानबिनगर्न न्यायिक **बाँकी ७ पेजमा**

# १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट र संसदमा देखिएको गतिरोध

**बजेट एक दृष्टि :** अर्थमन्त्रि बिष्णुप्रसाद पौडेलले गतसाता बिहीबार आगामी आर्थिक बर्ष ०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट सार्वजनिक गर्नुभएको थियो। सो बजेटका बारेमा तत्कालैबाट छलफल थालिनुपर्नेमा प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रलगायतका प्रतिपक्षी दलहरुको अवरोधका कारण छलफल शुरु हुनसकेको छैन। बजेटका प्रावधानहरुलाई लिएर बिभिन्न कोणबाट प्रश्नहरु उठिरहेका छन्। समग्रमा नयाँ बजेट नेकां र एमालेजस्ता ठूला पार्टी सम्मिलित शक्तिशाली सरकारको कामचलाउजस्तो हुनपुगेको छ। अर्थमन्त्री पौडेलले उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएका धेरैजसो सुझावहरुलाई समेटेर संसदमा आगामी बर्षका लागि आय व्याय प्रस्तुत गर्नुभएको भनिएपनि कतिपय महत्वपूर्ण सुझावहरु छुटेको देखिएको छ। उहाँले आगामी बर्षका लागि चालूतर्फ ११ खर्ब ८० अर्ब ९८ करोड पूँजीगततर्फ चार खर्ब सात अर्ब ८९ करोड वित्तीय व्यवस्थातर्फ तीन खर्ब ७५ अर्ब २४ करोड बजेट विनियोजन गर्नुभएको छ। चालु आबको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी हो। संशोधित अनुमानको तुलनामा १८.२ प्रतिशतले बढी रहेको छ। कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु. ४ खर्ब १७ अर्ब छुट्याइएको छ। आगामी आबका लागि अनुमान गरिएको खर्च ब्यहोर्ने श्रोतमध्ये राजस्वबाट १३ खर्ब १५ अर्ब र वैदेशिक अनुदान ५३ अर्ब ४५ करोड बेहोर्दा पाँच खर्ब ९५ अर्ब न्यून हुनेछ। सो न्यून पूर्तिगर्न वैदेशिक ऋणबाट दुई खर्ब ३३ अर्ब जुटाइने भनिएको छ। अपुग तीन खर्ब ६२ अर्ब आन्तरीक ऋणबाट ब्यहोरिने लक्ष रहेको देखिन्छ। गत १५ गते बजेट प्रस्तुतगर्दै अर्थमन्त्री पौडेलले अर्थ व्यवस्था सकारात्मक लयतर्फ उन्मुख रहेको बताउनुभएको थियो। उहाँकाअनुसार गत बर्ष आर्थिक वृद्धिदर ३.७ प्रतिशत रहेकोमा चालु आर्थिक बर्षमा ४.६ प्रतिशत हुने अनुमान गरिएको छ। उद्योग, निर्माण थोक तथा खुद्रा व्यापार लगायतका क्षेत्रमा गत आर्थिक बर्षमा ऋणात्मक वृद्धिदर रहेकोमा चालु आर्थिक बर्षमा अर्थतन्त्रका सबै क्षेत्रहरु धनात्मक वृद्धिदर हुने अनुमान रहेको बताउनुभएको थियो। बिद्युत, यातायात तथा भण्डारण र वित्तीय तथा बीमा सेवा लगायतमा उल्लेखनिय वृद्धिदर हुने अनुमान रहेको बताउनुभएको छ। चालु आर्थिक बर्षको बैशाख मसान्तसम्म ३३९ मेगावाट थप बिद्युत उत्पादन भएको दाबी पनि गरिएको छ। ०८२ सालको बैशाखसम्म पर्यटक आबागमनको संख्या गत बर्षको सोही अवधिको तुलनामा १३ प्रतिशतले वृद्धिभई नौलाख २३ हजार पुगेको उल्लेख छ। अर्थमन्त्री पौडेलले चालु आर्थिक बर्षको मुद्रास्फिति चालु आर्थिक बर्षको चैत्र महिनामा ३.४ प्रतिशितमा सिमित रहेको बताउनुभएको छ। संसदमा बजेट पेशगर्दै पौडेलले व्यवसायी/लगानीकर्तालाई कूल निर्यातको २५ प्रतिशतसम्म विदेशमा लगानीगर्न दिइने बताउनुभएको थियो। उहाँकाअनुसार विदेशमा लगानीगर्ने अनुमतिभने नेपाल लगानी बोर्डले दिने छ। रामेश्वर खनाल नेतृत्वको आर्थिक सुधार आयोगले नेपालीलाई विदेशमा लगानीगर्न दिन सरकारलाई सुझाएको थियो। बजेटमार्फत सरकारले विदेशी कम्पनीलाई विशिष्ट प्रकृतिको सेवा उपलब्ध गराएवापत नेपाली नागरिकले स्वेट सेयर लिन पाउने व्यवस्था गरेको छ। नेपाली नागरिकले विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा सेवा उपलब्ध गराएवापत स्वेट सेयर लिन पाउने भएका छन्। उपप्रधान तथा अर्थमन्त्री पौडेलले बजेट प्रस्तुतगर्दै नेपाली नागरिकले विदेशी कम्पनीलाई प्रविधि वा विशिष्ट प्रकृतिको ज्ञान वा सेवा उपलब्ध गराए वापत स्वेट सेयर लिन पाउने कानूनी व्यवस्था गरिने बताउनुभयो। उहाँले सरकारले नेपालमा खुलेका कम्पनीहरुलाई विदेशमा पनि लगानीगर्न दिने भएको छ। विदेशमा लगानी गरेका कम्पनीहरुले आम्दानीको ५० प्रतिशत मुनाफा नेपालमै फिर्ता व्यवस्था गरिने बताउनुभएको थियो। अर्थमन्त्री पौडेलकाअनुसार बजेटमा सरकारले औद्योगिक क्षेत्रको भाडा ५० प्रतिशतले घटाउने घोषणा गरिएको छ। खानीजन्य वस्तुहरुको उत्खननदेखि निकासीसम्मको व्यवस्था मिलाइने ल्लेख छ। त्यस्तै, बजेटमा स्टार्टअपलाई सहुलियतपूर्ण कर्जा दिने कार्यक्रम राखिएको छ। सरकारले शिक्षित युवालाई उद्यमशिल र स्वरोजगार बनाउन बिनाधितो तीन प्रतिशत ब्याजदरमा सहुलियत कर्जा दिने समेत घोषणा गरेको छ। दुईलाख देखि २० लाख सहुलियत कर्जा दिने घोषणा अर्थमन्त्री पौडेलले गर्नुभएको छ। उहाँकाअनुसार शैक्षिक योग्यता, व्यवसाय दर्ता, शिप परिक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावमा आधारमा यस्तो कर्जा दिइनेछ। जसका लागि ७३ करोड बजेट छुट्याइएको छ। कर्जा तथा निक्षेप सुरक्षणमार्फत सहकारीका ५ लाखसम्मका बचतकर्ताको बचतको सुरक्षण गरिनेछ। आगामी बर्ष १०० स्थानीय तहमा भूमि बैंक, वैकल्पिक वित्त कोष परिचालन गरि निजगढ बनाइने अर्थमन्त्री पौडेलले बताउनुभएको छ। सरकारले आगामी आर्थिक बर्षमा काठमाडौं-केरुङ रेलमार्गको विस्तृत परियोजना रिपोर्ट (डिपिआर) तयारगर्ने घोषणा गरेको छ। यस्तै 'आगामी बर्ष पूर्व पश्चिम राजमार्गलाई आधार मानी स्ट्यान्डर्ड गेज मापदण्ड बिद्युतीय रेलमार्ग विस्तृत अध्ययन गरिने पनि बजेट भाषणमा भनिएको छ।

**बजेटको बाँटफँट :** निर्माणाधीन बर्दिबास निजगढ खण्डको रेलमार्गलाई पूर्व पश्चिम बिद्युतीय रेलमार्ग मापदण्डअनुरुप बनाइनेछ। आगामी बर्षको बजेटमा गृहणी महिलाको क्षमता, शीपलाई साना तथा घरेलु उद्योगसँग जोडिने कार्यक्रम अघिसारिएको छभने ०८२/८३ को बजेट प्रस्तुतगर्दै अर्थमन्त्री पौडेलले झापामा आधुनिक रंगशाला निर्माण गरिने, उनले काठमाडौंस्थित मूलपानी क्रिकेट मैदान, मोरङको गिरिजा प्रसाद रंगशाला, कैलालीको फाप्ला रंगशाला र रुपन्देहीको सिद्धार्थ क्रिकेट स्टेडियम निर्माण गर्न ४२ करोड रुपैयाँ बिनियोजन गरेको बताउनुभयो। अति विपन्न जनताका घरमा छाना फेर्नका लागि सरकारले ७५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ। फुसका छाना विस्थापित गरेर जस्ताका छाना लगाउने उद्देश्यले सरकारले यस अघिनै सुरक्षित आबास कार्यक्रम घोषणा गरेको थियो/। संविधानले आबासको हकलाई मौलिक हककारुपमा राखेकाले बजेट विनियोजन गरिएको अर्थमन्त्री पौडेलले बताउनुभयो। आगामी बर्ष सबै प्रदेशमा श्रम मेला चलाइने भनिएको छ। उहाँकाअनुसार सबै नेपालीलाई सामाजिक सुरक्षाको दायरामा ल्याइने बताउनुभएको छ। उहाँकाअनुसार निजी क्षेत्रका सबै श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिने बताउनु भयो। सबै किसिमका भत्ताका लागि एक खर्ब नौअर्ब विनियोजन गरिएको बताउनुभएको छ। पौडेलले आगामी आबको बजेटमा रोजगार पोर्टल सञ्चालन गर्ने घोषणा गर्नुभयो। उहाँले थप द्विपक्षीय श्रम सम्झौता र महिलाको कार्यस्थल सुरक्षा सुनिश्चिततागर्न थप सम्झौता गरिने, सरकारले वैदेशिक रोजगारीमा जाने महिलाको सुरक्षा र सहजता सुनिश्चित गर्न कदम चाल्ने बताउनुभयो। सरकारले आगामी आर्थिक बर्षको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि ९५ अर्ब ८१ करोड विनियोजन गरेको छ। अर्थमन्त्री पौडेलले टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालालाई सबै प्रकारका नमुना परीक्षण हुने अन्तर्राष्ट्रिय स्तरको प्रयोगशालाको रुपमा स्तरोन्नति गरिने बताउनुभएको छ। उहाँले प्रयोगशालाको स्तरोन्नतिको लागि पूर्वाधार विकास, यन्त्र उपकरण र जनशक्ति व्यवस्थापन गरिने जिकिर गर्नुभयो। अर्थमन्त्री पौडेलले यसबाट नमुना परीक्षणको लागि विदेशमा पठाउनुपर्ने अवस्थाको अन्त्य हुने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथी, अगुपेन्चर लगायतका वैकल्पिक उपचार पद्धतिलाई प्रवर्द्धन गरिनेछ। सिंहदरबार वैद्यखानाको उत्पादन क्षमता विस्तार गरिनेछ। बजेटमा सरकारले साझा यातायातलाई थप १०० बिद्युतीय बस उपलब्ध गराउने अर्थमन्त्रीले घोषणा गर्नुभएको थियो। उहाँकाअनुसार काठमाडौं उपत्यकामा वाय प्रदूषण कमगर्न साझालाई उक्त संख्यामा थप बस उपलब्ध गराउनेछ। बजेटमा सरकारको स्वामित्वमा रहेको नेपाल दुरसञ्चार कम्पनीको सेयर नागरिकमा पनि वितरण गर्ने घोषणा गरेको छ।

**राजस्व उठाउने लक्ष्य :** सरकारले नयाँ बजेटमार्फत चालुआर्थिक बर्षभन्दा पनि ठूलो लक्ष्य राख्दै पूराहुने दाबीगरेको छ। चालु आबको बजेटमा संशोधित अनुमानबाट आफैं लक्ष्य घटाउनु भएका अर्थमन्त्री पौडेलले आगामी बर्षको लक्ष्यचाहिँ यथार्थपरक रहेको दाबी गर्नुभएको छ। सरकारले आगामी आर्थिक बर्षमा प्रदेश र स्थानीय तहमा जानेसमेतगरी कूल १४ खर्ब ८० अर्ब राजस्व संकलन गर्ने लक्ष्य राखेको छ। त्यसमा एक खर्ब ६५ अर्ब रुपैयाँ राजस्व बाँडफाँटबाट हस्तान्तरणपछि संघीय सञ्चित कोषमा दाखिला हुने राजस्व १३ खर्ब १५ अर्ब रुपैयाँ संकलन हुने अनुमान छ। त्यसमा वर्तमान श्रोतबाट १२ खर्ब ५९ अर्ब ३० करोड रुपैयाँ हुने अनुमान छ। कर परिवर्तन तथा प्रशासनिक सुधारबाट ६६ अर्ब २७ करोड रुपैयाँ राजस्व संकलन हुने प्रक्षेपण गरिएको छ। चालुआर्थिक बर्षको बजेटमा १४ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ राजस्व संकलनगर्ने लक्ष्य राखिएको थियो। त्यसमा १ खर्ब ५९ अर्ब रुपैयाँ प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरणगर्दै संघीय कोषमा १२ खर्ब ६० अर्ब रुपैयाँ संकलन हुने अनुमान गरेको थियो। अर्थमन्त्री पौडेलले चालुआर्थिक बर्षको संशोधित अनुमानको १७ प्रतिशतमात्रै बढी राजस्व बढाएकाले लक्ष्य भेट्टाउन सकिने दाबी गरिएको छ। आर्थिक बर्ष ०७८/०७९ मा ९ खर्ब ८६ अर्ब, ०७९/०८० मा ८ खर्ब ९० अर्ब, ०८०/०८१ मा ९ खर्ब ५५ खर्ब रुपैयाँ राजस्व उठेको थियो। चालुआर्थिक बर्षमा राजस्व बाँडफाँटसहित १२ खर्ब ६७ अर्ब उठ्ने लक्ष्य राखे पनि जेठ १५ (बजेटको दिन)सम्म कूल राजस्व नौ खर्ब ६७ अर्ब रुपैयाँ संकलन भएको थियो। आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर चालुआर्थिक बर्षमा तीन खर्ब २१ अर्ब रुपैयाँ उठ्ने संशोधित अनुमान रहेकोमा आगामी बर्ष तीन खर्ब ९३ अर्ब रुपैयाँ **बाँकी ८ पेजमा**

## सुधारका नाममा अन्धाधुन्ध हस्तक्षेप गर्ने कुरा हुँदैन

### अर्थमन्त्री बिष्णुप्रसाद पौडेल



**यो साताको बिशेष**

**आगामी आर्थिक वर्षको बजेटले समातेको लय, यसको केन्द्र तथा प्राथमिकतामा र भएका सुधारका पक्ष के हुन् ?**

श्रोत र खर्च व्यवस्थापनका दृष्टिले यथार्थपरक र अनुशासित बजेट आएको छ। खर्च व्यवस्थापनमा हामीले श्रोतको अधिक सदुपयोग हुने कुरालाई जोड दिएका छौं। आन्तरिक राजस्व र आन्तरिक तथा बाह्य ऋण परिचालनका सवालमा पनि यथार्थपरक हुन खोजिएको छ। पूँजीगत खर्चको विनियोजन बढाइएको छ, निरन्तर बढ्दो चालु खर्चलाई निश्चित सीमाभित्र राख्न खोजिएको छ, र वित्तीय हस्तान्तरणबाट प्रदेश र स्थानीय तहमा जाने बजेट वृद्धि गरिएको छ। यो बजेटले अर्थतन्त्रलाई चलायमान बनाउने सिलसिलामा मुख्यगरी दुई,तीनवटा कुरालाई जोड दिएको छ। लगानी वृद्धिका निम्ति अनुकुल नीतिगत सुधारको बाटो तय गरेको छ। स्वदेशी तथा विदेशी लगानीलाई आकर्षितगर्ने नीति लिएको छ। उत्पादन वृद्धि र रोजगारी सिर्जनाका निम्ति पनि अनुकुल आधार तयार पारेको छ भन्ने मेरो विश्वास छ। थाती रहेका कैयौं समस्यालाई समाधान गर्ने दृष्टिकोण पनि बजेटले लिएको छ।

**अहिले औसत खालकोमात्रै बजेट आयो भनेर टिप्पणी भइरहँदा तपाईले हस्तक्षेपगर्न नखोजेको कि नसकेको ?**

सुधारका नाममा अन्धाधुन्ध हस्तक्षेप गर्ने कुरा भएन। आवश्यक ठाउँमा सही नीति निर्धारण गर्ने र सही नीति लिनका निम्ति बजेटले लिनपर्ने पहलकदमी लिएकै छ। विभिन्न नीतिगत सुधार भएका छन्। वैकल्पिक विकास वित्तको उपयोग नीति लिइएको छ। आयोजना व्यवस्थापन र खरिद प्रक्रियामा सुधार थालिएको छ। अर्को आर्थिक वर्ष कुर्ने नभई जेठ १६ गतेबाटै हामीले खरिद प्रक्रिया थाल्नसक्ने व्यवस्था गरेका छौं। मितव्ययिता र खर्च कटौतीको नीतिले चालु खर्च सन्तुलनमा राख्ने अपेक्षा हामीले गरेका छौं। सामाजिक सुरक्षा खर्च र स्वास्थ्य बीमालाई थप व्यवस्थित गरिएको छ। करका विषयमा बाहिरको बुझाई के थियो भन्नेकुरा मैले भन्न सक्दिन। कस्तो राजस्व नीति लिनेभनेर धेरै थरिका सुझाव आएका थिए र सबैका सुझाव सुनेका पनि थियौं। तर करका सन्दर्भमा अहिले जे निर्णय गरिएको छ, त्यसले राज्यप्रतिको करदाताको विश्वास बढाएको छ भन्ने मलाई लाग्छ।

**यसपटकको बजेटमा तपाईलाई कस्ता राजनीतिक दवाव आए ? तपाईको बजेट राजनीतिक पूर्वाग्रही वा अनुशासित ?**

बजेट माथि जेजस्ता प्रतिक्रिया आएका छन्, ती सबै स्वागतयोग्य छन्। बजेट बनाउँदा राजनीतिक दवाव र सजिलो वा अप्ठ्यारोभन्दा पनि यथार्थपरक र अनुशासित भएर बजेट बनाउने कुरामा मेरो ध्यान केन्द्रित थियो। म त्यही हिसाबले अगाडि बढे। बजेट निर्माण दवावको कुरा होइन, औचित्यमा आधारित भएर गरिने कुरा हो। मैले कुनैपनि खालको दवाव महशुस गरिन। कतैबाट पनि दवाव थिएन र त्यसको अनुभवगर्न परेन। यद्यपि, बजेटलाई निरपेक्ष रुपले राजनीतिबाट अलग गर्न मिल्दैन। किनभने बजेटले मुलुकको संविधानलाई पछ्याउन पर्छ। सरकारको नीति तथा कार्यक्रमलाई पछ्याउनुपर्छ। त्यसैअनुरुप बजेट आएको छ। त्यसकारण यसलाई राजनीतिबाट अलग भएर पूर्णरुपमा प्राविधिक ढङ्गले आएको भन्न मिल्दैन। तर बजेटका आधारभूत मान्यताको सीमाभित्र रहेर यो बजेट आएको छ।

**आगामी आर्थिक वर्षको बजेटबाट निजी क्षेत्र त उत्साहित भयो तर सर्वसाधारण नागरिक केन्द्रमा परेनन् भन्ने गुनासो आयो नी ?**

लोकरिझ्याँईभन्दा पनि अहिले हामी राष्ट्रका आवश्यकतालाई प्राथमिकीकरण गर्नुपर्ने अवस्थामा थियौं, चाहे आयोजनाको सन्दर्भमा होस् वा कार्यक्रमको सन्दर्भमा होस्। त्यहि अवस्थालाई ख्याल गरेर बजेट आएको छ। हामी सस्तो लोकप्रियताभन्दा पनि उत्पादन र उत्पादकत्व वृद्धिगर्ने, अर्थतन्त्रलाई चलायमान बनाउने, आर्थिक वृद्धिदर बढाउने र दिगो बनाउने कुराबाट बढी निर्देशित थियौं। आर्थिक गतिविधि विस्तार हुने, निजी क्षेत्रको लगानी वृद्धि हुने, रोजगारीका अवसर वृद्धि हुने र पूर्वाधारका आयोजना निर्धारित समयमै सम्पन्न हुने कुराको प्रत्याभूति बजेटले गरेको छ। यसबाट लक्षित आर्थिक वृद्धि हासिल हुनेमा पनि म आशावादी छु।

**बजेटमा परेका आयोजनाको प्राथमिकीकरण र छनौट अन्य वर्षभन्दा यसपटक कसरी फरक छ ?**

संघीय सरकारले प्रस्तुतगर्ने र संघीय संसद्ले पारितगर्ने योजना तथा कार्यक्रम ल्याइनुपर्छ भन्ने कुरा हरदम हेक्का राखेर काम गर्यौं। संघीय महत्वका दायित्वलाई केन्द्रमा राखेर बजेट निर्माण भयो। त्यसलेगर्दा कतिपय प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम संघीय सरकारको बजेटको दायराभित्र पर्दैनन्भन्ने कुरामा पनि हामी सचेत थियौं। बजेटमा रु तीन करोडभन्दा कम लागतका संघीय आयोजना नराख्ने भनिएको छ। संघ सरकारलेमात्र होइन प्रदेश र स्थानीय तहले पनि सन्तुलित बजेट ल्याउनुपर्छ भनेर हामीले यो बजेटमा केही व्यवस्था राखेर स्पष्ट सन्देश दिएका छौं। चालु आर्थिक वर्षभित्रै ठेक्का लगाउन सकिने आयोजना लाई हामीले तत्काल अघि बढाउने भनेका छौं। बजेट निर्माणगर्ने अनि कार्यान्वयनको तयारी सुस्त भएर हुँदैन। बजेट कार्यान्वयनका निम्ति आजैदेखि लाग्नुपर्छ भन्ने मेरो आफ्नो बुझाइ हो। हामीले काम पनि त्यसरी नै गरिरहेका छौं। हामी सुधारतर्फ फर्किएका छौं। कतिपय काम बाँकी होलान्, तिनलाई आगामी वर्षमा हामी गर्दैजानेछौं।

**( अर्थमन्त्री विष्णुप्रसाद पौडेलसंग राससका समाचारदाता हेमन्त जोशीले लिनुभएको अन्तर्वार्ताको सम्पादित अंश )**

# नेपालको गणतान्त्रिका व्यवस्थाका बारेमा केही कुरा

मोहनविक्रम सिंह



आज देशमा जुन बहुदलीय व्यवस्था, गणतन्त्र वा धर्मनिरपेक्षता कायम भएको छ, लखन थापा, खड्गमानसिंह बस्नेत, गंगालाल, धर्मभक्त, शुक्रराज र दशरथ चन्द तथा पञ्चायतीकालमा लाखौं जनता मजदुर, किसान, बुद्धिजीवी, बिद्यार्थी, लेखक र साहित्यकार, पत्रकार आदिको लामो एउटा गौरवपूर्ण, संघर्ष, त्याग र बलिदानका उपलब्धि हुन्। आज प्रतिगामी शक्तिले ती उपलब्धिलाई समाप्त गर्नका लागि संगठित र योजनाबद्ध प्रकारले अभियान चलाइरहेका छन। यदि उनीहरु आफ्नो त्यो उद्देश्यमा सफल भएभने नेपाल प्रतिगमनको दिशामा धकेलिनेछ र वर्तमानका प्राप्त उपलब्धिहरुलाई प्राप्तगर्नका लागि हामीले अरु ५० वर्ष संघर्ष गर्नुपर्ने छ। त्यसकारण देशलाई प्रतिगमनको दिशामा जानुबाट रोक्नका लागि वा इतिहासले हामीलाई सुम्पेका उपलब्धिको रक्षाका लागि संघर्षगर्न सम्पूर्ण नेपाली जनता एकताबद्ध हुनुपर्दछ। इतिहास सधैं सिधा रेखामा अगाडि बढ्दैन र त्यो टेडोमेडो र बक्ररेखाका बीचबाट हुँदै अगाडि बढ्छ। निश्चयनै इतिहास निश्चितरुपले निम्न चरणबाट उच्चस्तरमा वा अग्रिम दिशामा नै अगाडि बढ्दै जान्छ। विश्वको र नेपालको पनि राजनीतिक इतिहासले त्यो कुरा बारम्बार प्रमाणित गर्दै आएको छ। प्रजातान्त्रिक आन्दोलनको इतिहास पनि त्यही प्रकारले अगाडि बढ्दै आएको छ। कैयौं देशमा क्रान्ति हुन्छन्। पुनः प्रतिक्रान्ति हुन्छन् तर त्यो अस्थायी अवस्था हो। क्रान्ति हुन्छ र इतिहास अग्रगामी दिशामा अगाडि बढ्छ। नेपालको इतिहास पनि यही प्रकारले अगाडि बढ्दै आएको छ।

२००७ सालमा राणाको निरंकुश शासनको अन्त्य भयो। २०१७ सालमा तात्कालीन राजा महेन्द्रले बहुदलीय व्यवस्था समाप्त गरेर निरंकुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था कायम गरे। २०४६ मा त्यो व्यवस्थाको अन्त्य भयो। तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ सालमा बहुदलीय व्यवस्थालाई समाप्त गरेर निरंकुश शासन कायम गरे तर त्यसका विरुद्ध २०६२-६३ सालमा जनआन्दोलन भयो र त्यसले २०४६ सालमा भन्दा ठूलो फड्को मार्‍यो र देशमा राजतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना भयो। त्यही प्रकारले आज राजावादीले गणतन्त्रलाई समाप्तगर्न प्रयत्न गर्दछन् भने देशको राजनीतिक आन्दोलनले अरु उच्च तहमा फड्को मार्नेछ। यो वास्तविकतालाई हामीले स्वीकार गर्दछौं र गर्नु पनि पर्दछ, २००७ साल, २०४६ साल वा २०६२-६३ सालपछि देशमा बहुदलीय व्यवस्था वा गणतन्त्र पक्षधर जुन शक्तिहरु सत्तामा आए, उनीहरुले जनताप्रति सही जिम्मेवारी पूरागर्न सकेनन्। उनीहरुका शासनकालमा भएका कुशासन, भ्रष्टाचार वा जनविरोधी क्रियाकलापका कारणले जनतामा व्यापक रुपले असन्तोष र निराशा उत्पन्न भयो।

तिनीहरुका आधारमा प्रतिगामी शक्तिले आफ्नो स्थितिलाई मजबुत पार्न प्रयत्न गरिरहेका छन्। उनीहरुले यो दाबी गरिरहेका छन्कि राजाको शासन कायम भएपछि देशमा शान्ति र सुव्यवस्था कायम हुनेछ, भ्रष्टाचार र कुशासनको अन्त्य हुनेछ, राजनीतिक स्थिरता आउनेछ, देशको विकास हुनेछ तर हाम्रा अगाडि शाहीशासन, राणा शासन वा पञ्चायती शासनसमेतको करिब अढाई सय वर्षको इतिहास साक्षी छ। त्यो कालमा अवश्य पनि पृथ्वीनारायण शाहजस्ता देशभक्त राजा पनि थिए। उनी सामन्ती राजा थिए, तैपनि नेपालको एकीकरणमा उनको ऐतिहासिक योगदान रह्यो तर राणाशासनपूर्वको शाही शासनकाल पनि कैयौं प्रकारका कुव्यवस्था, पारस्परिक अन्तरकलह, हत्याकाण्ड, अशान्ति र जनविरोधी क्रियाकलापका लागि बदनाम छ। २०१७ सालपछि कायम भएको प्रत्यक्ष शासनकाल, पोखराका नमिता-सुनिता बलात्कार र हत्याकाण्ड, राजपरिवारद्वारा अनियन्त्रित प्रकारको तस्करी, राजाद्वारा राष्ट्रिय सम्पत्तिको ठूलो पैमानाको ब्रम्हलुट, देशव्यापीरुपमा मण्डलेको गुण्डाशासन, पञ्चद्वारा देशव्यापी रुपमा कुशासन र भ्रष्टाचार आदि आमरुपमा थाहाभएका कुरा हुन्। यदि पुनः राजाको शासन कायम भयोभने त्यही प्रकारको कालो पञ्चायती शासनको पुनरावृत्ति हुनेछ र जनता ठूलो पैमानामा पीडित हुनुपर्नेछ। राजावादीले यो दाबी गरिरहेका छन्कि राजाको शासन कायम भएपछि देशमा विदेशी हस्तक्षेप बन्द हुनेछ र राष्ट्रियताको रक्षा हुनेछ तर भारतीय वा नेपाली समाचारपत्रले यो कुरालाई व्यापक रुपमा बाहिर ल्याएका छन्कि राजा त्रिभुवनले नेपाललाई भारतमा सामेलगर्नका लागि भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुसँग प्रस्ताव राखेका थिए। राजाको शासनकालमा नै भारतीय सेनाले कालापानीमा कब्जा गरेको थियो र त्यसका विरुद्ध तत्कालीन नेपाली राजा वा पूर्वराजाले अहिलेसम्म कुनै आवाज उठाएका छैनन्।

त्यसबाट राजाको शासन कायम भएमा देशमा राष्ट्रियताको कहाँसम्म रक्षा हुनेछ, त्यो कुरा स्वतः प्रष्ट हुन्छ। अहिले पूर्वराजा वा राजावादीले भारतीय कट्टर हिन्दूवादी शासक वर्गको आडमा नै नेपालमा गणतन्त्र र धर्मनिरपेक्षतालाई समाप्त गरेर राजतन्त्रको पुनर्स्थापना गर्ने, हिन्दू राष्ट्रको स्थापनागर्ने सपना देखिरहेका छन्। त्यसबाट यो कुरामा कुनै शंका रहन्नकि राजाको शासन कायम रहेमा नेपालमा विदेशी हस्तक्षेप अरु बढेर जानेछ र राष्ट्रियताका अगाडि गम्भीर खतरा उत्पन्न हुनेछ। अहिले राजावादीले देशमा वैधानिक प्रकारको राजतन्त्र कायमगर्ने कुरा गरिरहेका छन् तर यो कुनै लुकेको कुरा होइनकि पूर्व राजा ज्ञानेन्द्रलेनै २०५९ सालमा वैधानिक राजतन्त्रलाई समाप्त गरेर निरंकुश शासन कायम गरेका थिए। त्यस प्रकारको पृष्ठभूमिमा उनी पुनः राजा भएमा देशमा वैधानिक राजतन्त्र कायम हुनेछ भनेर सोच्नु एउटा दिवासपना नै हो। नेपालको इतिहासले बारम्बार यो देखाएको छकि राजाको निरंकुशता राजाको वंशानुगत चरित्र नै हो। देशमा जनताको बलमा कुनै बेला वैधानिक राजतन्त्र कायम भए पनि उनीहरुको हातमा सत्ता आउनेबित्तिकै उनीहरुले त्यसलाई पुनः निरंकुशतातिर नै लैजाने कोसिस गर्दछन्। नेपालको इतिहासमा बारम्बार त्यहीहुँदै आएको छ र अहिले राजावादीले वैधानिक राजतन्त्रको कुरा गरे पनि त्यसको परिणाम निरंकुश राजतन्त्रनै हुने कुरामा कुनै शंका छैन। त्यसकारण प्रश्न कुनरुपमा राजतन्त्र कायमगर्ने भन्ने होइन, आवश्यकता सम्पूर्णरुपमा राजतन्त्रलाई समाप्तगर्ने र कुनैपनि रुपमा त्यसको पुनरागमनलाई रोक्ने नै हो। गणतन्त्र कायम भएपछि देशमा जुन कुव्यवस्था, कुशासन वा भ्रष्टाचार देखापर्‍यो, त्यसको समाधान देशमा अरु उन्नत प्रकारको लोकतन्त्र कायम गरेर नै हुनसक्दछ, न कि देशलाई प्रतिगमनको दिशामा लगेर।

त्यसैले उन्नत प्रकारको लोकतन्त्रका लागि अरु दृढतापूर्वक संघर्षगर्दै प्रतिगमनलाई वा राजतन्त्रको पुनर्स्थापनाजस्तो प्रयत्नलाई सम्पूर्णरुपले पराजय गर्नका लागि संघर्षलाई अगाडि बढाउनु हाम्रो जिम्मेवारी हुन्छ र हुनुपर्दछ। हाम्रो पार्टीले प्रतिगमनका विरुद्ध भएका राजनीतिक शक्तिका बीचमा व्यापक एकताका लागि सधैं जोडदिँदै आएको छ। २०४६ साल वा २०६२-६३ सालमा वा ओलीद्वारा २/२ पल्ट संसदको विघटन गरेर देशलाई प्रतिगमनको दिशामा लैजान प्रयत्न गरेको बेलामा पनि हामीले प्रतिगमन विरुद्धको गठबन्धनमा जोडदिँदै आएका थियौं। त्यस प्रकारको गठबन्धनको नीतिका महत्वपूर्ण उपलब्धि भएका थिए। प्रतिगमन विरुद्ध त्यसप्रकारको गठबन्धन नीतिका कारणले नै २०४६ सालमा निरंकुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था समाप्त भएको थियो। २०६२-६३ पछि देशमा राजतन्त्रको अन्त्य भएर गणतन्त्रको स्थापना भएको थियो र ओलीको प्रतिगामी नीति पनि पराजित भएको थियो तर प्रतिगन विरुद्धको संघर्षमा महत्वपूर्ण भूमिका खेलेका बिभिन्न राजनीतिक शक्तिका ढुलमुल, अवसरवादी, सम्झौतापरस्त वा फुटपरस्त नीतिका कारणले त्यस प्रकारको एकतामा बारम्बार खलल पुग्ने र प्रतिगमनलाई बल पुग्ने गरेको छ। अहिले पनि बिभिन्न राजनीतिक शक्तिमा त्यस प्रकारका अवसरवादी प्रवृत्ति देखापर्ने गरेका छन्। निश्चय नै, त्यसबाट प्रतिगमनलाई नै बल पुग्नेछ। हामीले प्रतिगमनका विरुद्ध भएका वा गत कालमा प्रतिगमनका विरुद्धको संघर्षमा महत्वपूर्ण भूमिका खेलेका राजनीतिक शक्तिसित त्यस प्रकारका कमजोरीबाट माथिउठेर प्रतिगामी खतराका विरुद्ध एकताबद्ध भएर संघर्षमा अगाडि आउनुपर्ने आवश्यकतामा विशेष जोड दिन्छौं। प्रतिगमन वा राजतन्त्रको शक्ति यति कमजोर भएर गइसकेको छ कि अब स्वयं आफ्नो बलमा त्यो अगाडि आउन सक्ने अवस्थामा छैन। तर बिभिन्न राजनीतिक शक्तिका गलत नीति वा क्रियाकलापका कारणले त्यसलाई बल पुग्न सक्दछ। त्यसकारण एकातिर, उनीहरुले आफ्ना गलत नीति वा क्रियाकलापबाट सम्भावित दुष्परिणामबारे दूरदर्शितापूर्वक बिचार गरेर तिनीहरुमा सुधारगर्ने प्रयत्न गर्नुपर्दछ वा अर्कातिर, उनीहरुका त्यस प्रकारका गलत नीति वा क्रियाकलापबारे व्यापक जनचेतना वा आन्दोलन उठाउने प्रयत्न गर्नुपर्दछ। त्यसरी नै प्रतिगमनका विरुद्ध सशक्त आन्दोलन उठाउन सकिनेछ र उठाउनु पनि पर्दछ किनभने त्यो सम्पूर्ण देश वा देशको भविष्यका लागि निर्णायात्मक वा एक प्रकारले जीवन र मरणको प्रश्न हो। नेपालको वामपन्थी र प्रजातान्त्रिक आन्दोलनमा आफ्ना छुद्र स्वार्थ वा महत्वाकाङ्क्षाका लागि राजाप्रति सम्झौतापरस्त नीति अपनाउने कैयौं उदाहरण रहने गरेका छन्। त्यस सन्दर्भमा कम्युनिस्ट पार्टीका डा. केशरजंग रायमाझी र नेपाली कांग्रेसका तुलसी गिरी र विश्वबन्धु थापाका उदाहरण विशेषरुपले उल्लेखनीय छन्। अब त्यस प्रकारका प्रवृत्ति अतीतका विषय भइसके र अब नेपालको वामपन्थी वा प्रजातान्त्रिक आन्दोलनमा त्यस प्रकारका प्रवृत्तिको पुनरावृत्ति हुने छैनभनेर सोच्नु सही हुने छैन। नेकाद्वारा राजाप्रतिको सम्झौतापरस्त नीतिलाई सही ठहर्‍याउन वी.पी. कोइरालाको राष्ट्रिय मेलमिलापको नीतिलाई दुहाइ दिने गरिन्छ। त्यो बेला पनि वी.पी. को त्यो नीति गलत थियो। देशको राजनीतिक परिस्थिति र स्वयं नेकाको इतिहास वी.पी. को त्यो नीतिबाट धेरै अगाडि बढिसकेको छ। वी.पी. ले **बाँकी ७ पेजमा**

# वरिष्ठ पत्रकार विजय चालिसेको निधन

काठमाडौं। वरिष्ठ साहित्यकार तथा पत्रकार विजय चालिसेको गत शुक्रबार ७४ बर्षको उमेरमा निधन भएको छ। गोरखापत्र संस्थानका पूर्व कार्यकारी अध्यक्ष तथा गोरखापत्र दैनिकका पूर्व प्रधान सम्पादकसमेत रहनुभएका चालिसेको जोरपाटीस्थित नेपाल मेडिकल कलेजमा उपचारकाक्रममा निधन भएको सुरभी साहित्य प्रतिष्ठानका अध्यक्ष बाजुराम पौडेलले सोही दिन जानकारी दिनुभएको थियो। उहाँ ०६६ असार १५ देखि ०६७ फागुन अन्तिमसम्म गोरखापत्र संस्थानको कार्यकारी अध्यक्ष हुनुभएको थियो। त्यसैगरी ०६२ असोज आठ देखि ०६२ पुस १२ सम्म र ०६४ जेठ ३० देखि ०६५ भदौ १६ गतेसम्म गोरखापत्र दैनिकको कायम मुकायम प्रधान सम्पादक हुनुभएको सो संस्थाले जनाएको छ। पत्रकारिता र साहित्यमा विजय चालिसेको नामबाट परिचित उहाँको पूरा नाम विजयकुमार चालिसे हो। बेलायतबाट पत्रकारितामा डिप्लोमा गर्नुभएका चालिसेले 'सञ्चारका सिद्धान्त' नामक पत्रकारिताको पुस्तक पनि प्रकाशन गर्नुभएको छ। गोरखापत्र दैनिक १२५ बर्ष प्रवेशका अवसरमा गत बैशाख २४ गते आयोजित विशेष समारोहमा उहाँलाई ५० हजार राशिको रामचन्द्र-इन्द्र पत्रकारिता पुरस्कारबाट सम्मानित गरिएको थियो। बरिष्ठ साहित्यकार रमेश विकलका छोरा विजय चालिसे बाल साहित्यमा सक्रिय एक समर्पित श्रष्टा हुनुहुन्थ्यो। ००८ असार २२ गते शुक्रबार जोरपाटीको आरुबारीमा जन्मिनु भएका चालिसे लामो समयदेखि कथाहरु, उपन्यासहरु र नाटकहरुमार्फत बालबालिकालाई केन्द्रमा राखी विविध साहित्यिक विधामा निरन्तर लेखनगर्दै आउनु भएको थियो। बालकथा लेखनमा उहाँको उल्लेखनीय योगदान रहेको मानिन्छ। 'हराएको मूर्ति' (०५६), 'किसानबाट शिक्षा' (०५८) र 'चट्याङ्किको बाँदर' (०५९) नामक कथा संग्रहमार्फत उहाँले बालबालिकालाई जीवनका विविध पक्षहरु सरल भाषामा चिनाउने प्रयत्न गर्नुभएको छ। 'मंगल ग्रहका विज्ञान' (०६०) उपन्यासमा उहाँले सौर्यमण्डल तथा अन्तरिक्षसम्बन्धी बिभिन्न वैज्ञानिक तथ्य र खोजहरु प्रस्तुत गर्नुभएको छ। यस्तै, 'मुस्ताङको गुफा' (०६१) मा नेपाली प्राकृतिक सम्पदाबारे जानकारी दिँदै चालिसेले बालबालिकाले पनि बुद्धिमत्ता र सतर्कताकासाथ गलत गतिविधिमा संलग्न वयस्कहरुमाथि विजय प्राप्तगर्न सक्ने सन्देश दिनुभएको छ। ०५२ सालमा प्रकाशित 'बादलका बुट्टाहरु' नामक नाटक संग्रहमा समावेश चार नाटकमध्ये पहिलो दुई नाटकले समयमै बालबालिकाको प्रतिभा पहिचानगरी फुल्न दिएको खण्डमा उनीहरु सक्षम व्यक्तित्व बन्न सक्छन्भन्ने सन्देश दिएका छन्। बाँकी दुई नाटकले लोभ मानव जीवनका लागि हानिकारक छभन्ने पाठ दिन्छन्। बालसाहित्यसँगै चालिसेले जीवनी लेखनमा पनि हात हाल्नुभएको थियो।

# अन्तराष्ट्रिय

## बंगलादेशमा फेरी बढ्दैगएको अस्थिरता र यसले देखाएको संकेत

कर्तव्य

बंगलादेशमा फेरी राजनीतिक अस्थिरता र अन्योलको अवस्था सिर्जना भएको देखिएको छ। अन्तराष्ट्रिय समाचार संस्थाका समाचार बिवरण र टिप्पणीहरुअनुसार बंगलादेशको राजधानी ढाकामा गतबर्ष भएको विद्रोहपछि सत्ता सम्हालेको समूह र वर्तमान् सरकारविरुद्ध आन्दोलनरत समूहहरुका कारण त्यहाँको दैनिक जनजीवन अस्तव्यस्त हुँदैगएको छ। सन् २०२४ को अगष्टमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताच्यूत गरिएदेखिनै करिब १७ करोड जनसंख्या रहेको दक्षिण एशियाली राष्ट्र बंगलादेशमा राजनीतिक उथलपुथल देखिदै आएको छ। हसिनाको १५ बर्ष लामो शासनविरुद्धमा जबसम्म बिद्यार्थी नेतृत्वको आन्दोलनले विद्रोहको नेतृत्व गरेन र उहाँलाई सत्ताबाट हटाएन तत्कालिन प्रशासनले विपक्षीका आवाजहरुलाई दबाएरै राख्यो। दुई करोडभन्दा बढी जनसंख्या रहेको ढाकामा गतसाता बुधबार बिभिन्न समूहकागरी कम्तीमा आधा दर्जन प्रदर्शन भएका थिए। यो एक सामान्य दिन थियो, राजनीतिक र्‍याली र प्रतिरोधमा भएका प्रदर्शन, मजदुर हडताल र एक इस्लामी नेताको मृत्युदण्डबाट रिहाईको उत्सवसहितका प्रदर्शनहरु ढाकाका बिभिन्न भागमा एकैदिनमा भएका छन्। सर्वोच्च अदालतले मृत्युदण्डको सजाय उल्टाएर युद्ध अपराधबाट सफाइ दिएको एक दिनपछि वरिष्ठ नेता एटीएम अजहरुल इस्लामलाई मध्य ढाकास्थित



तस्वीर : रासस/एपी

कारागारबाट रिहा गरिएपछि खचाखच भरिएको भीडले जयजयकार गरेको थियो। विगतमा अदालतमा राजनीतिक प्रभाव थियो हामी आशा गर्दछौं, अदालतले आगामी दिनमा जनताले न्याय पाउनभन्ने सुनिश्चित गर्नेछ इस्लामले भन्नुभयो। जबकी बामपन्थी पार्टीहरुले उहाँको रिहाइको विरोधमा प्रदर्शनगर्ने बताएका छन्। नयाँ पल्टननजिकै रहेको रम्ना पार्कमा बंगलादेश नेशनल पार्टी (बीएनपी) को समर्थनमा निकालिएको र्‍यालीमा हजारौंले सडक जाम गरेका थिए। अन्तरिम सरकारले सन् २०२६ को जुन महिनाभित्र निर्वाचनगर्ने प्रतिबद्धता व्यक्तगरेको निर्वाचनको तयारीमा राजनीतिक दल जुटेका छन्। दशौं हजार मानिसहरु आफ्ना मागहरु लिएर दैनिक ढाकाका प्रमुख चोकहरुमा भेला हुन्छन्भने सर्वसाधारण ट्राफिक जामले भरिएका सडकहरुमा घन्टौं लगाएर यात्रागर्न बाध्य छन्। गतबर्ष हसिनालाई सत्ताच्युतगर्ने विरोध प्रदर्शनलाई दबाउन प्रहरीले प्रयासगर्दा र असफलहुँदा भएको हिंसालाई सम्झेर यसले धेरैलाई चिन्तित बनाएको छ। बंगलादेशका अन्तरिम नेता तथा नोबेल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुसले निर्वाचन नहुन्जेलका लागि कामचलाउ सरकारको प्रमुख सल्लाहकारका रुपमा नेतृत्व गरिरहनुभएको छ। आमनिर्वाचन मागगर्दै प्रायः दिनदिनै पूर्वप्रधानमन्त्री खालिदा जियाको दल बंगलादेश नेशनल पार्टी (बीएनपी) ले राजधानी ढाकामा प्रदर्शनगर्दै आएको छ। बीएनपीले आगामी डिसेम्बरमा निर्वाचनगर्न माग गरेको छ। बिभिन्न दल तथा समूहको दिनहुँ हुने यस्ता प्रदर्शनका कारण ढाकाको जनजीवन अस्तव्यस्त बन्नेगरेको छ। दुईकरोडभन्दा बढी जनसंख्या रहेको ढाकामा बिभिन्न समूहका गरी कम्तीमा आधा दर्जन प्रदर्शन भएका छन। एएपीको एक रिपार्टअनुसार सन् २०२४ को अगष्टमा पूर्वप्रधानमन्त्री शेख हसिनालाई सत्ताच्यूत गरिएयता बंगलादेशको राजनीतिक अन्योलपूर्ण देखिएको छ। १५ बर्षदेखि शासनगर्दै आएकी हसिना बिद्यार्थी नेतृत्वको आन्दोलनका कारण सत्ताच्यूत हुनुपरेको थियो/। नोबल शान्ति पुरस्कार विजेता ८४ वर्षीय मोहम्मद युनुस निर्वाचन नहुन्जेलका लागि प्रमुख सल्लाहकारका रुपमा कामचलाउ सरकारको नेतृत्व गरिरहनु भएको छ। अन्तरिम सरकारले सन् २०२६ को जुन महिनाभित्र निर्वाचनगर्ने प्रतिबद्धता व्यक्त गरेको छ। तर, बीएनपीलेभने आगामी डिसेम्बरमा चुनाव गर्नुपर्ने माग गरेको छ। पछिल्ला राजनीतिक र्‍याली र प्रतिरोधमा भएका प्रदर्शन, मजदुर हडताल र एक इस्लामी नेताको मृत्युदण्डबाट रिहाइको खुसीमा भएका प्रदर्शनहरुका कारण ढाकाको जनजीवन अस्तव्यस्त बन्ने गरेको छ। गत बुधबारनै रम्ना पार्कबाट बीएनपीले र्‍याली निकालेका थियो। राजनीतिक र्‍याली प्रदर्शनका कारण स्थानीय व्यवसायीहरुसमेत आजित भएका छन्। गत बर्ष हसिना सरकारलाई सत्ताच्युतगर्ने क्रममा भएको विरोध प्रदर्शनका आडमा मच्चाइएको हिंसालाई सम्झेर पनि स्थानीय चिन्तित देखिन्छन्। राजनीतिक अस्थिरता र दिनहुँ भइरहेका प्रदर्शनले हिंसात्मक रुप लिन सक्ने उनीहरुको भनाइ छ। अर्कातिर भारतीय दबाब पनि चर्को रहेको छ। भारतले स्थल बन्दरगाहमार्फत बंगलादेशी निर्यातमा प्रतिबन्ध लगाएपछि बंगलादेशको अन्तरिम सरकारले भारतसँगका सबै व्यापारिक समस्या समाधानगर्न चाहेको बताएको छ। नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारका सल्लाहकारले बंगलादेश भारतसँग सबै विषयमा छलफल गर्न चाहेको बताएका छन्। हालै भारतले बंगलादेशबाट **बाँकी ७ पेजमा**

जनपक्षीय विचारप्रधान साप्ताहिक
देशप्रेम
DESHPREM National Weekly
२०८२ साल जेठ १८ गते आइतबार

# बुर्जुवा गणतन्त्रमा देखिएको संकट र जन गणतन्त्रको

लोकना[illegible]दी



बौद्धिक मञ्च

विश्वमा सामन्तबाद बिरोधी पुराना क्रान्तिहरुमा फ्रान्सेली क्रान्तिलाई विश्वको सबभन्दा महत्वपूर्ण र प्रेरणादायी पूँजीवादी क्रान्ति मानिन्छ। जसले समानता, स्वतन्त्रता र भाइचारको नारा अघि सारेर सामन्तबादी निरंकुशताका बिरुद्ध क्रान्तिको बिगुल फुकेको थियो र विश्व राजनीतिलाईनै ठूलो आकर्षण गरेको र प्रभाव पारेको थियो। त्यहाँ १७८९ को जनक्रान्तिदेखि लिएर अहिलेसम्म फ्रान्सले एउटा लामो राजनीतिक यात्राको श्रृंखला पार गरिसकेको छ। १७९२ मा त्यहा पहिलो गणतन्त्र आयो। त्यसपछि पनि त्यहाँ दुइ दुइपटक गणतन्त्रलाई मूलबाटोबाट किनारा लगाइयो। त्यहाँ राजतन्त्र तथा एकाधिकारबाद पटक, पटक पुनः आफ्नो बर्चश्वकासाथ फर्कियो पनि। तर फ्रान्सेली जनतामा जनतन्त्रलाई लिएर प्रतिबद्धता यति बिघ्न गहिरो दृढ किसिमले घर गरिसकेको थियो कि त्यसले अन्ततः राजतन्त्रलाई इतिहासको बिषय बनाइदियो। गणतन्त्र त्यहाँ प्रत्येक पटक अझ परिमार्जित र अझ प्रष्ट भएर आयो। त्यसका साथै त्यसलाई परिष्कार गर्ने प्रकृया पनि जारी रह्यो। त्यसलाई अझ बढीभन्दा बढी फराकिलो र सर्ब स्वीकार्य बनाउने प्रयत्न पनि जारी राखियो। शायद त्यसै कारणले त्यहाँ आज पाँचौ गणतन्त्र छ र ठूलो बिचार बिमर्श र संघर्षका बीचबाट त्यहाँ नयाँ संविधानको माध्यमबाट गणतन्त्रलाई बढीभन्दा बढी उदार, बढी समावेशी र बढी पारदर्शी बनाउने अभियान चल्दै आएको छ र अहिले पनि चलिरहेको छ।

हाम्रा देशमा झण्डै एक दशकसम्म संविधानलाई लिएर बहस, बिचार बिमर्श र संघर्ष जारी रहेको र त्यसै बैचारिक हलचलका बीच समाजका कतिपय बिरोधी र असहमत बिचारका बीच संबिधान सभाबाट संविधान घोषणा भएको पनि अहिले १० बर्ष बित्न लागेको स्थिति छ। तर त्यो दस्ताबेजले दिएका जनताका सीमित हक अधिकारहरु पनि सही किसिमले ब्यवहारमा उतार्ने र राष्ट्रियता, जनत्तन्त्र र जनजीबिकाका समस्या हल गर्ने सही दिशा र गति दिने जिम्मेवारीपूर्ण, भरपर्दो र विश्वासिला कुनै कदम चाल्न सत्तामा पटक पटक पुगेका दलहरु असक्षमा साबित भए। त्यसैले अहिल पनि एक किसिमको कोलाहल, अनिश्चितता, आशंका र अन्योलपूर्ण अबस्था देशमा ब्याप्त छ। गणतन्त्रको जुन गरीमा र गौरब हो त्यो गुम पार्ने चालबाजीहरु प्रत्यक्ष परोक्षरुपमा चलिरहेको छ। हुन पनि पञ्चायत र बहुदल कालमाभन्दा पनि बढी भ्रष्टाचार, तस्करी, कालोबजारी र माफियातन्त्र ब्यापकरुपमा ब्याप्त र जारी रहनु र दिनदिनै बढ्दै जानुले गणतन्त्रप्रति नै गम्भीर प्रश्न उठेको छ। यसरी परिबर्तनको कुनै सकारात्मक नयाँ अनुभूति आम जनतालाई हुन सकेन। बरु संकीर्ण दलतन्त्र हाबी भयो। राज्य र जनताको मनपरी किसिमले दोहन र शोषण गर्ने चिन्तन र चरित्र झनपछिझन बढ्दै र बारम्बार देखिदै आयो। फलतः 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने लोकोक्ति निरन्तर चरिचार्थ हुँदै गयो।

फलतः यथास्थितिबादी आधार, त्यसको आधेय र परम्परागत प्रणालीलाई बदल्ने सार्थक बहस हुन अझैसम्म पनि सकिरहेको छैन। अर्कोतिर उत्कृष्ट भनेर हौवा पिटिएकोबर्तमान संविधान निर्माण गर्ने र अन्तिम घोषणा गर्ने क्रममा समेत देशको प्रष्ट नक्शा र निशान छाप समाबेशगर्न नसक्नु र त्यसलाई जानाजान या अञ्जानमा बेवास्ता गर्नुले हाम्रो बिवशता, लाचारी र लापरबाहीलाई नराम्ररी उजागर गरको प्रष्टै देखिएको र अनुभव गरिएको कुरा हो। यसरी सत्ताधारी दलहरुमा आएको बैचारिक, सैद्धान्तिक र चारित्रिक स्खलनले गर्दा जनताको बृहत संयुक्त जन आन्दोलनले दिएको दिशा निर्देश र परिवर्तनले खोजेको मूलभूत आवश्यकता अनुरुप ब्यवस्थित सोच बिचार हुन अहिलेसम्म नसकेको घोर निराशाजनक स्थितिबाटै हाम्रो देश गुज्रिरहेको छ। यस्तो अवस्थामा यस बीच एकातिर सत्तामा खाइखेली गर्न पाएकाहरुले घोषित संविधानलाई विश्वकै उत्कृष्टतम् र पवित्र संविधान मानेर त्यसमा जनताका अधिकारहरुलाई सुनिश्चित गर्ने ठोस, बस्तुगत र आधारभूत बहसलाई नै गलत बताउन पनि पछि नपरेको देखिन्छ भने अर्कोतिर संबिधानलाई नै समान्य चिट्ठाको टिकट जस्तो हलुका रुपमा लिएर यसलाई भजाउने प्रयत्न हिजोदेखि अहिलेसम्म सत्ता र यसको सेरोफेरोमा रहे भएका शक्तिबाट भइरहेको अस्वीकार्य स्थिति छ। यस स्थितिले हाम्रो गणतन्त्रलाई कहा लिएर जान्छ र के परिणाम ल्याउँछ भन्न नसकिने अन्योलको अबस्था सिर्जना गरेको छ।

यस प्रकार विकसित भएको स्थितिले नेपाली जनताले लडेर ल्याएको परिबर्तनका सीमित उपलब्धीहरुलाई पनि कसरी जोगाउने, बचाउने र अघि बढाउने अनि नेपाली जनताको बृहत एकता, सद्भाव र राष्ट्रिय स्वाधिनतालाई कसरी रक्षा गर्ने र सुदृढ तुल्याउने र भविष्यप्रति सम्पूर्ण नेपाली जन समुदायलाई आशावान तुल्याउने भन्ने ठूलो प्रश्न चिन्ह र गम्भीर सन्देह खडा भएको र भइरहेको छ। परिबर्तनका सम्बाहक अगुवा र आम जनसमुदायले समेत यो आज अनुभूत गरिरहेकै कुरा हो। अबश्य पनि पछिल्लो राजनीतिक परिबर्तन पछि एउटा सानो तप्काले सत्तामा बसेर बिलाश र बैभबको खुरी खेल्न र मनपरीसँग मोजमस्ती लिन पाएको छ। अनि त्यसैले नेपाल र नेपाली जनताले सबै कुरा पाइसकेको गलत सूचना प्रवाह गर्दछ र गरिरहेको छ। परिवर्तनका सबै कुरा बोल्ने त्यही सानो तप्काको मात्र एकाधिकार त्यसै तप्कालाई मात्र छ भन्ने कुरा परोक्ष प्रत्यक्ष रुपमा स्थापित गर्न र त्यसैमा सबैलाई ढाल्न पनि खोजिरहेको छ। यसरी गणतन्त्र, राष्ट्रियता र स्वाधीनताको लागि लामो समयदेखि संघर्ष गर्दै आएका राजनीतिक दल र जन समुदायहरुको बिचारलाई नियन्त्रण गर्न खोजिरहेको तिनको कुटीलताको प्रतीति भइरहेको छ। वास्तवमा अहिले जारी रहेको असन्तुष्टी र संघर्षको एउटा महत्वपूर्ण र सारपूर्ण कुरा यो नै हो। यसबाट के पनि प्रष्ट हुन्छ भने देशका सबै तह, तप्का र समुदायले गणतन्त्रमा आ-आफ्नो स्थानको खोजी गरिरहेका छन्। यो स्वभाबिक नै हो। परिवर्तित प्रणाली आफ्नो पनि हो भन्ने महसुश गर्न यो समाजको सबैभन्दा ठूलो हिस्साले अझै पनि नपाएको यो अभिब्यक्ति पनि हो। सत्तामा हालीमुहाली चलाएका दल र शक्तिहरु स्वयंले उत्कृष्ट ठहराइएको संविधानलाई घोषणा गरेको सातै दिनमा संशोधनगर्ने प्रस्ताव ल्याएर तत्कालै संशोधन समेत गरिसकेको या गर्दै जाने स्थिति रहेको स्वीकार गरिसके पछि नै स्थिति के रहेछ भन्ने यथार्थ वास्तबिकताको खुलासा पनि राम्रैसँग भएकै हो। अनि संबिधान लागु भए यता देशमा बाह्य हस्तक्षेप राष्ट्रिय स्वाधीनतालाई धरापमा पार्ने के कस्ता अमान्य र अस्वीकार्य घटनाहरु घटे त्यो जग जाहेर नै छ।

हुन पनि लामो समयको समर्पण, त्याग, संघर्ष र बलिदानपछि पनि परिवर्तनका सम्बाहक मानिएका शक्तिहरुको प्रबृत्ति, मनोबृत्ति, आचारण र ब्यवहारले समग्र आन्दोलन, गणतन्त्रात्मक लोकतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक तथा समावेशी पद्धतिकाप्रति मात्रै होइन राष्ट्रिय स्वाधीनताको रक्षा र सुदृढीकरणको प्रश्नमाथि नै एक वा अर्को किसिमले आज ठूलो प्रश्नचिन्ह लागेको छ। बिकसित यो स्थितिले गर्दा नै जनताको संघर्षले बिस्थापित सामन्ती शक्ति बाह्य एव आन्तरिक प्रतिगामी तथा प्रतिकृयावादी शक्ति समेतको सहयोगमा एक वा अर्को किसिमले पनर्स्थापित हुन खोजिरहेका एक पछि अर्को गतिबिधिहरु पनि हुने गर्दै आएका छन्। त्यसका लागि करीब दुइ दशकयता खाशगरी ०६३ सालपछि सत्ता केन्द्रमा रहे बसेका दलहरुले चलाएका भ्रष्टाचार, कमिशनखोरी, करछली प्रकरणहरु, माफियागिरी र संगठित मानब तस्करी लगायतका बिकृत गतिबिधि अबलम्बन गरेर कुनै न कुनैरुपमा योगदान गरिरहेको स्थिति छ। पछिल्लो पटक ब्यापक भ्रष्टाचार र तज्जन्य कृयाकलापहरुले यस यथार्थलाई अझ प्रष्ट पाररिहेका छ। त्यसको एक मात्र परिणति जनतामा राजनीति, राजनीतिक परिवर्तन र राजनीतिक दलहरुप्रति नै बितृष्णा, अविश्वास र सन्देह पैदा हुन र **बाँकी ७ पेजमा**

# विश्वमा हात हतियारको होडबाजी बढ्दै जानुका रहस्यहरु

यूक्रेनले विश्वमा गतबर्ष नै संसारका सबैभन्दा बढी हतियार आयातगर्ने देशहरुमा भारतलाईसमेत बिस्थापित गरिदिएको थियो। यसमा अमेरिकाले यूक्रेनलाई ४५ प्रतिशत हतियार आपूर्ति कार्यमा सहयोग गरेको छ। अनि जर्मनी र पोल्याण्डले क्रमशः १२ र ११ प्रतिशत हिस्सा हतियार दिएको तथ्यांक छ। हुन पनि अमेरिकाको हतियार सहयोग बिना यूक्रेन सम्भवतः रुसी हमलाको केही महिनाभित्र नै रुसका सामु आत्मसमर्पण गरिसक्ने थियोभन्ने बिश्लेषण पनि यतिबेला जारी नै रहेको छ। हुन पनि महत्वपूर्ण हतियार आपूर्तिका लागि आयातमा भरपर्नुपर्ने देशहरुका लागि लामो समयसम्म चल्ने गरेका युद्धमा शामिल हुने कुरा अत्यन्तै जोखिमपूर्ण र गम्भीर हुन सक्तछ। वास्तबमा बर्तमान समयमा विश्वको सबैभन्दा ठूलो हतियार आयातकर्ता यूक्रेनले, डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति बनेपछि यो कठोर सत्य थाहा पाइसकेको छ। हालै यूक्रेनलाई रुससँग लड्नका लागि अमेरिकी हतियारहरुको आपूर्ति सुरक्षित तुल्याउनका लागि यूक्रेनले आफ्नो प्रसस्तै दुर्लभ भू-खनिज अमेरिकालाई बुझाउनु परेको तीतो यथार्थलाई स्पष्ट पारेको छ। हुन त गएको बर्ष नै यूक्रेनले विश्वको सबैभन्दा ठूलो हतियार आयतकर्ता देशको रुपमा भारतलाई समेत बिस्थापित गरेर पछि पारिसकेको थियो। तथ्यांकले बताएको छ कि अमेरिकाले यूक्रेनलाई कूल हतियार आयातमा झण्डै झण्डै ४५ प्रतिशत हिस्सा आगटेको छ। अनि जर्मनी र पोल्याण्डले क्रमशः १२ र ११ प्रतिशत। अमेरिकी हतियार सहयोग बिना यूक्रेन सम्भवतः रुसी हमलाको केही महिना मित्रै रुस सामु आत्म समर्पणगर्ने स्थितिमा पुग्ने थियो भन्ने बिश्लेषण विश्वका हतियार ब्यापारको लेखाजोखा गर्ने ज्ञाताहरु औंल्याउँदछन्।

हुन पनि यूरोप, एशिया र एशिया-प्रशान्त क्षेत्रहरुमा बढ्दो सैन्य गतिबिधि कारण हालैका बर्षहरुमा हहियार तथा गोला बारुदको मागमा धेरै ठूलो बृद्धिभएको यसका बिज्ञहरु बताउँदछन्। स्टकहोम इण्टरनेशनल पीस रिसर्च इन्स्टीचयूट(सिप्री)ले औंल्याए अनुसार बिश्मा सैन्य खर्चमा अभूतपूर्ब बृद्धि भएको देखिदै आएको छ। बितेको बर्षमा विश्व सैन्य खर्च २,७१८ ट्रिलियन डलरसम्मप पुगिसकको थियो जुन त्योभन्दा अघिल्लो बर्ष २०२३ को भन्दा यथार्थतः ९.४ प्रतिशतले बृद्धि भएको थियो। यो स्थिति शीत युद्धको समाप्तिपछि देखि यता हरेक बर्ष हुने गरेको बृद्धिभन्दा धेरै बढी बृद्धि हो। आज विश्वमा कयौ भागहरुमा सैन्य खर्च बढिरहेको छ। यूरोप र पश्चिमा एशिया दुबै क्षेत्रमा यसमा तीब्रतम बृद्धि भएको विश्व सैन्य खर्चका बिश्लेषकहरु उल्लेख गर्दछन्। उनीहरुकाअनुसार शीर्षस्थ पाँच सैन्य खर्चगर्ने देशहरुमा अमेरिका, चीन, रुस,जर्मनी,र भारत रहेका छन्। समग्रमा मिलाएर भन्दा ती पाँच देशहरुको कूल सैन्य खर्चमा विश्वको ६० प्रतिशत हिस्सा पर्दछ।तिनको संयुक्त सैन्य ब्यय १,६३५ ट्रिलियन डलर हुन पुग्दछ। गएको बर्ष नै यूरोप(रुस समेत)मा मात्र यस्तो सैन्य खर्च १७ प्रतिशतले बढेर ६९३ बिलियन डलर पुगेको तथ्यांक प्रकाशित थियो। हालयूक्रेनमा युद्ध चलेको तेश्रो बर्ष जारी रहिरहँदा पूरै यूरोपमा सैन्य खर्च बढ्दै गयो जसबाट यूरोपेली महाद्विपको सैन्य खर्च उल्लेखनीय रेकर्ड स्तरमा पुग्न गएको छ। अनुमानितरुपमा रुसको सैन्य खर्च २०२४ मा १४९ बिलयन डलरसम्म पुगेको थियो। सकल घरेलु उत्पादनको ३४ प्रतिशतका साथै २०२४ मा कुनै पनि देशको सबैभन्दा बढी यूक्रेनमाथि यो सैन्य खर्चको बोझ रहेको र बढेको थियो। अनि यस अबधिमा जर्मनीको सैन्य खर्च २८ प्रतिशत बढेर ८८.५ बिलियन डलर पुगेको छ। त्यसरी नै पोल्याण्डको सैन्य खर्च २०२४ मा ३१ प्रतिशतबाट बढेर ३८.० बिलियन डलर पुग्न गएको थियो। नाटोको बिशाल सैन्य खर्चका समर्थन गर्नका लागि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अप्रसन्नताका कारण जर्मनी र अन्य कयौं यूरोपले देशहरुद्वारा अपनाइएका नीतिहबरुबाट बिश्लेषक हरुले पत्ता लगाएका छन् कि यूरोप उच्च र बढ्दो सैन्य खर्चको एउटा नयाँ युगमा प्रवेश गरिसकेको छ। त्यसैगरी अमेरिकी सैन्य खर्चमा ५.७ प्रतिशतले बृद्धि भएर त्यो खर्च ९९७ बिलियन डलरसम्म पुगिसकेको छ भने यूरोपेली नाटो सदस्यहरुले कूल ४५४ बिलियन डलर सैन्य खर्च गरेका छन्। त्यो गठबन्धनले गरेको कूल सैन्य खर्चको ३० प्रतिशत हिस्सा हो। विश्व हतियार निर्यात डेटाका अनुसार शीर्षस्थ २० हतियार निर्माता देशहरुमा अमेरिका, रुस, फ्रान्स, चीन, जर्मनी, इटली, यूके, इजरायल र दक्षिण कोरिया रहेका छन्। त्यसरी नै पश्चिमा एशियाली क्षेत्रमा पनि २०२४ मा सैन्य **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## गजलसंग्रह अनुराग सार्वजनिक

काठमाडौं। गजलसंग्रह अनुराग सार्वजनिक भएको छ। प्राप्त समाचार अनुसार साहित्यकार स्मृति योगीको उक्त गजलसंग्रहको दाङको घोराहीमा एक कार्यक्रमबीच विमोचन गरिएको हो। राप्ती साहित्य परिषद् जिल्ला शाखा दाङको आयोजनामा उक्त गजलसंग्रह विमोचन गरिएको थियो। राप्ती साहित्य परिषद् दाङका अध्यक्ष यम रेग्मी, साहित्यकार बुनु लामिछानेलगायतले उक्त गजलसंग्रहको विमोचन गर्नुभएको थियो। उक्त गजलसंग्रहमा बिभिन्न विषयसँगै गत चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनमा आगजनीमा परेर मृत्युभएका पत्रकार सुरेश रजकको विषयलाई समेत समेटिएको छ। साहित्यकार योगीको उक्त गजलसंग्रहमा बिभिन्न विषय समेटेर तयार पारिएका ८० गलज समावेश छन्। समाजमा भएका बिभिन्न विभेद, सामाजिक, आर्थिक, बिभिन्न विसंगतीलगाएत कुरालाई अनुरागमा समेट्ने प्रयास गरिएको पाइन्छ। साहित्यकार सन्ध्या रेग्मी र छविलाल कोपिलाले सो गजलसंग्रहको समिक्षा गर्नुभएको थियो। उहाँहरुले गजल बाचनगर्दै यसले समाजमा भए/गरेका बिभिन्न विषय उठानगरी समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुभएको थियो। कार्यक्रममा गजलसंग्रहका लेखक साहित्यकार स्मृति योगीले अनुरागमा मैले मेरा सपनाहरु समेटेकी छु। मेरा कल्पनाका चित्र कोरेकी छु, मेरो पीडाको मलम अनुरागमै छ। मेरो खुशीको कारण पनि यसमै छ भन्नुभएको थियो। उहाँले आफैंले भोगका, देखेका, बालापनमा सहेका पीडा, अनुभव गरेका विभेदलगायत विषयलाई समेट्ने प्रयास गरेको बताउनु भएको थियो। घोराही उपमहानगरपालिका-१७ गुलरियाकी योगीको यो पहिलो कृति हो।

## चारजना श्रष्टालाई सम्मान प्रदान

काठमाडौं। चारजना श्रष्टालाई सम्मान प्रदान गरिएको छ। श्रष्टा प्रेमध्वज प्रधानका नाममा स्थापित गोल्डन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठानले उहाँको जन्मजयन्तीका अवसरमा नेपाली सुगम संगीत क्षेत्रमा अमूल्य योगदान पुऱ्याउने चार श्रष्टालाई सम्मान तथा पुरस्कार प्रदानगर्ने भएको हो। प्रत्येक दुई बर्षमा प्रदान गरिने श्रष्टा सम्मान तथा पुरस्कार प्रधानको जन्मदिन आगामी २७ गते दिइने प्रतिष्ठाने जनाएको छ। प्रतिष्ठानले प्रेमध्वज प्रधान राष्ट्रिय संगीत सम्मान-०८२ वरिष्ठ गायिका मीरा राणालाई प्रदानगर्ने प्रतिष्ठानका कोषाध्यक्ष भुवन मास्केले जानकारी दिनुभएको छ। पुरस्कारको राशि एक लाख एक रुपैयाँ रहेको छ। त्यसैगरी प्रेमध्वज प्रधान राष्ट्रिय वाद्यसंगीत सम्मान वरिष्ठ वाद्य संगीत निर्देशक मोहनकृष्ण कार्कीढली र प्रेमध्वज प्रधान राष्ट्रिय युवा संगीत पुरस्कार गायक सुरजकुमार थापालाई प्रदानगरिने भएको छ। दुवै पुरस्कारको राशि ५० हजार एकरुपैयाँ रहेको छ। प्रेमध्वज-किरण प्रधान राष्ट्रिय प्रतिभा संगीत पुरस्कार गायक चन्द्र सिं घलेलाई प्रदान गरिने भएको छ। उक्त पुरस्कारको राशि २५ हजार एक रुपैयाँ रहेको छ।

## द्वन्दमा आधारित चलचित्र प्रदर्शन

काठमाडौं। द्वन्दमा आधारित चलचित्र प्रदर्शन गरिएको छ। देशभरका सिनेमाघरमा आउने तयारीमा रहेको चलचित्र महाभोज प्रदर्शन स्थगित भएका छ। देशको विषम परिस्थितिका कारणले तत्काललाई प्रदर्शन रोकिएको निर्देशक दिनेश राउतले जानकारी दिनुभएको हो। निर्माताले एक प्रेस विज्ञप्ति निकाल्दै हाललाई प्रदर्शन रोकिएको जनाएको छ। यो पृष्ठभूमिमा निर्माताले रिलिज रोक्ने निर्णय गरेका हुन्। निर्माता हिमाल कडरियाले जारीगरेको प्रेस विज्ञप्तिमा पछिल्लो समय देशभर फैलिएका बिभिन्न आन्दोलन तथा विस्तारित विषम परिस्थितिका कारण आमजनजीवन प्रभावित भइरहेको अवस्थालाई दृष्टिगतगर्दै, चलचित्र महाभोज को प्रदर्शन नेपाल तथा नेपाल बाहिरका सबै देशमा हाललाई स्थगित गरिएको उल्लेख छ। उहाँले अवस्था सामान्य भएपछि नयाँ प्रदर्शन मिति सार्वजनिक गरिने जानकारी रपनि दिनुभएको छ। सो चलचित्रको गतसाता मंगलबार काठमाडौंमा प्रिमियर आयोजना गरिएको थियो। निर्माताले यो प्रदर्शनलाई विशेष प्रिभ्यू शोको नाम दिएको थियो।

## दूतावासमा निवन्ध प्रतियोगिता

काठमाडौं। काठमाडौंस्थित पाकिस्तानी दूतावासमा निवन्ध प्रतियोगिताको आयोजना गरिएको छ। दूतावासद्वारा आयोजित १२औं वार्षिक एम्बेसडर अफ पाकिस्तान निबन्ध लेखन प्रतियोगिता तथा ८ औं वार्षिक एम्बेसडर अफ पाकिस्तान वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको छ। प्रतियोगितामा विजयी बिद्यार्थीहरुलाई नगद तथा पदकसहित पुरस्कृत गरिएको छ। यसबर्ष निबन्ध लेखन प्रतियोगिताको विषय कृत्रिम बौद्धिकता र मानव जातिको भविष्य रहेको थियो। प्रतियोगितामा विश्व निकेतन माध्यमिक बिद्यालयका प्रतीक पोखरेल प्रथम, आयुष शाह द्वितीय, र सन्त जोसेफ इङ्लिस एकेडेमीका सञ्जोक मगर तृतीय भएका छन्। विजयीहरुलाई क्रमशः स्वर्ण, रजत र कास्य पदक, स्मृतिचिन्ह र नगद पुरस्कार प्रदान गरिएको थियो। साथै, अन्य १० जना बिद्यार्थीलाई पनि विशेष नगद पुरस्कार प्रदान गरिएको थियो। वक्तृत्वकला प्रतियोगितामा पुस्तक वा प्रविधि र शिक्षाको भविष्य विषयमा उच्च माध्यमिक तथा विश्वबिद्यालय तहका बिद्यार्थीहरुले धारणा प्रस्तुत गरेका थिए। उक्त प्रतियोगितामा पोखरास्थित वन विज्ञान संस्थान, त्रिभुवन विश्वबिद्यालयकी प्राप्ती लम्साल प्रथम, शिवपुरी कलेज काठमाडौंकी रीत काफ्ले द्वितीय र सेंट जेभियर्स स्कुल, जावलाखेलका रितेश देव तृतीय भएका छन्। उनीहरुलाई क्रमशः पदक, स्मृतिचिन्ह र नगद पुरस्कार प्रदान गरिएको थियो। अन्य १२ जना सहभागी बिद्यार्थीहरुलाई पनि विशेष पुरस्कार प्रदान गरिएको थियो।

## रण-अम्बिका सेवा पुरस्कारको घोषणा

काठमाडौं। रण-अम्बिका सेवा पुरस्कारको घोषणा गरिएको छ। प्राप्त समाचारअनुसार रण-अम्बिका सेवा पुरस्कार-०८२ यसबर्ष नेपाली भाषा साहित्यको उत्थानमा समर्पित संस्था नेपाल श्रष्टा समाजलाई प्रदान गरिने घोषणा गरिएको हो। रण-अम्बिका शाह सेवा गुठी नेपालले हरेक बर्ष प्रदानगर्दै आएको सो पुरस्कार यसपटक श्रष्टा समाजलाई प्रदानगर्न लागेको गुठीका अध्यक्ष डा. चिन्तामणि योगीले विज्ञप्तिमार्फत जानकारी दिनु भएको छ। पुरस्कारकासाथ नगद राशि एकलाख ११ हजार १११ रुपैयाँसमेत प्रदान गरिने विज्ञप्तिमा उल्लेख छ। समाजसेवी रणबहादुर शाह (गोते बाबु) र उनकी पत्नी अम्बिका मल्लको नाममा स्थापित रण-अम्बिका शाह सेवा गुठी नेपालले यसअघि सिर्जनात्मक कला गुठी नेपाल धोबिघाटकी संस्थापक उर्मिला गर्ग उपाध्याय र दाङको पाण्डवेश्वर महादेव मन्दिर, धारापानीलाई प्रदान गरिसकेको छ।

# राष्ट्रिय जनमोर्चाद्वारा राजावादी गतिबिधि बिरुद्ध कदम चाल्ने

काठमाडौं । राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले एक बक्तब्य प्रकाशितगरी प्रतिगमन बिरुद्ध संघर्षको घोषणा गर्नुभएको छ । उहाँले बक्तब्यमा जनताबाट निर्वाचित पहिलो संविधानसभाको पहिलो बैठकद्वारा ०६५ साल जेठ १५ गते एउटा ऐतिहासिक निर्णय भएको थियो ।
उक्त निर्णयअनुसार करिब २५० बर्षसम्म कायम रहेको राजतन्त्रको अन्त्यभएको थियो र गणतन्त्रको स्थापना भएको थियो । त्यसरी नेपालको राजनीतिक इतिहासमा जेठ १५ गते ऐतिहासिक महत्वको दिन हो । यो ऐतिहासिक दिनको उपलब्धिको पछाडि नेपाली जनताको कुर्बानी, बलिदान र संघर्षको विशाल र ऐतिहासिक पृष्ठभूमि रहेको छ । राष्ट्रिय जनमोर्चाले जिल्ला वा पालिकास्तरमा प्रतिगमनका विरुद्ध संघर्ष गरौं, गणतन्त्रको रक्षा गरौंभन्ने नाराकासाथ बिभिन्न कार्यक्रमगरी गणतन्त्रका रुपमा मनाउने छ । राजनीतिक अधिकारको सुनिश्चितता कायमगर्नका लागि जनताले एक शताब्दीभन्दा बढी संघर्ष र बलिदानको बाटो हिड्नुपरेको थियो । यो यात्रामा हजारौंको शहादत भएको छ र लाखौले कठोर जीवन बिताउनुपरेको थियो । त्यसरी नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट गणतन्त्रको उपलब्धि भएको कुरा स्पष्ट छ । भनिएको छ । सो बक्तब्यमा देशमा आज विद्यमान गणतन्त्रले जनताका सम्पूर्ण समस्या समाधानगर्न नसकेपनि राजतन्त्रको तुलनामा यो कैयौं गुणा प्रगतिशील व्यवस्था भएको कुरा स्पष्ट छ । आज राजावादीहरुले गणतन्त्रलाई समाप्तगर्नका लागि बिभिन्न गतिविधि गरिरहेका छन् । त्यसका लागि उनीहरुले संगठित र योजनावद्ध प्रकारले गतिविधि गरिरहेका छन् । यस प्रकारको कार्यको नेतृत्व स्वयं पूर्व राजाले गरिरहेका छन् । राजावादीहरुले नेपालमा गणतन्त्र स्थापना भएलगत्तै नै त्यस प्रकारका गतिविधि सञ्चालनगर्दै आएका छन् । उनीहरुले वर्तमानका सम्पूर्ण लोकतान्त्रिक उपलब्धिलाई समाप्त पारेरनै राजतन्त्र वा निरंकुश राजतन्त्र स्थापनागर्ने प्रयत्नगर्दै आएका छन् । त्यसका लागि उनीहरुले वर्तमान शासकवर्गहरुको गलत कार्यशैलीलाई नै गणतन्त्र बताउने गरेका छन् र जनतामा गणतन्त्रप्रति वितृष्णा फैलाउने कामलाई अगाडि बढाइरहेका छन् । गत चैत्र १५ गतेनै राजावादीहरुले आफ्नो उद्देश्य पूरागर्ने प्रयत्न गरेका थिए तर त्यस दिनको उनीहरुको उक्त गतिविधि बदनाम काण्डको रुपमा परिणत भएपछि पूर्व राजासहितका सबै राजावादीहरुले उक्त बदनाम काण्डबाट जोगिने प्रयत्न गरेका थिए । तर राजावादीहरुले गणतन्त्र विरुद्धका बिभिन्न योजना र षडयन्त्रगर्ने क्रममा उनीहरुले आफ्नो कार्यक्रम शान्तिपूर्ण हुने बताएपनि हिंसात्मक हुनेगरेका छन् । बक्तब्यमा राजावादीहरुले आफ्ना प्रतिगामी गतिविधिलाई हिन्दूवादको आडमा अगाडि बढाउने प्रयत्न गरिरहेका छन् । पूर्वराजाले उत्तरप्रदेशका मुख्यमन्त्रीसित भेटघाट गर्नु र उनीहरुको प्रतिगामी गतिविधिमा भारतका कट्टर हिन्दूवादी नेताहरुको तस्बीर प्रदर्शन गरिनुले भारतका कट्टर हिन्दूवादीहरुको पनि समर्थन रहेको कुरा स्पष्ट हुन्छ ।
त्यसैले नेपालमा अहिले राजावादीहरुले जुन गतिविधि गरिरहेका छन् त्यसलाई सामान्य रुपमा लिनु सही हुने छैन । नेपाली जनताले करिब एक शताव्दी लामो संघर्ष र बलिदानद्वारा प्राप्त उपलब्धि गणतन्त्र र धर्मनिरपेक्षताको रक्षागर्नु हाम्रो अहिले ऐतिहासिक दायित्व हो । जनताको संघर्षबाट प्राप्त उपलब्धिलाई विदेशी शक्तिहरुले स्थापना गरिदिएको भन्ने प्रतिक्रियावादी वा प्रतिगामी शोचाइ पनि बिभिन्न पक्षमा पाइने गरेको छ । त्यस प्रकारको सोचाइले जनताको बलिदान र संघर्षको उपेक्षागर्नुको साथै प्रतिगामीहरुलाई मदत पुग्ने कुरा स्पष्ट छ । नेपाल बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुक हो । धर्मनिरपेक्षताबाट नै यी सबै बहुलताको अधिकारका साथै धार्मिक स्वतन्त्रताको रक्षा हुने छ । त्यो सन्दर्भमा अहिले नेपालको संविधानले अपनाएको धर्मनिरपेक्षताको पद्धतिनै सही हुन्छ तर राजावादीहरुले हिन्दूवादको वकालत गरेर बिभिन्न धर्म, जात र समुदायको बिचमा बैरभाव उत्पन्नगर्ने प्रयत्न गरेका छन् । त्यसबाट नेपाली समाजको विखण्डन र अनिश्चित द्वन्द सिर्जना हुने निश्चित छ भनिएको छ । बक्तब्यमा देशमा त्यस प्रकारको स्थिति आउन नदिन धर्मनिरपेक्षता रक्षाको लागि हामीले विशेष जोडदिन चाहन्छौं । वर्तमान शासक वर्गको क्रियाकलापले पनि गणतन्त्र र आन्दोलनका उपलब्धिहरु माथि संकट बढाउँदै लगेका छन् । उनीहरुको कार्यशैली जनविरोधी रहेकोले त्यसलाई आधार बनाएर हामीले शासक वर्गका त्यस प्रकारका क्रियाकलापको विरोधगर्नुकासाथै गणतन्त्र पक्षधरहरु बिचको सहकार्यमा जोड दिन्छौं । इतिहासले सिद्धगर्दै आएको छकि जनताको संघर्षबाट पराजित भएको वर्गले आफ्नो गुमेको सत्ता र शक्ति प्राप्त गर्न प्रयत्न गरिरहेको हुन्छ । त्यस सन्दर्भमा नेपालका राजावादीहरुले आफ्नो स्वर्ग फर्काउन सकिन्छभनेर गणतन्त्रका विरुद्ध संगठित र योजनवद्ध प्रकारले काम गर्दैआएका छन् भनिएको छ । बक्तब्यको अन्त्यमा सम्पूर्ण गणतन्त्र पक्षधर शक्तिहरु ऐक्यवद्धताले उनीहरुको त्यस प्रकारको प्रयत्नलाई विफल बनाइदिने छ र विफल पार्नुपनि पर्दछ । हामीलाई विश्वास छ, जनता अजेय शक्ति हुन् । उनीहरुले प्रतिगमनका विरुद्ध बारम्बार विजय प्राप्तगर्दै आएको गौरवपूर्ण इतिहास हाम्रा अगाडि छ भनिएको छ ।

# साउदीको कानून र श्रमिकमाथि परेका असरहरु

काठमाडौं । नेपाली श्रमिकहरुको रोजाईमा रहेको साउदीमा नेपालीहरुनै फस्ने अवस्था सिर्जना भएको देखिएको छ । पछिल्लो एक तथ्यांकअनुसार करिव एकसाताको अवधिमा श्रम कानून उल्लंघन गरेको आरोपमा ११ हजार ७६३ जना आप्रवासीलाई त्यहाँको सरकारले देश निकाला गरेको छ । साउदी सुरक्षा बलले सोही अवधिमा १४ हजार ९८७ जनालाई अवैध बसोबास गरेको आरोपमा पक्राउ पनि गरेको छ । साउदीको सुरक्षा बलले गरेको निरीक्षणकाक्रममा उनीहरुलाई देश निकाला र पक्राउ गरिएको त्यहाँको गृह मन्त्रालयले जनाएको छ । त्यसरी पक्राउपर्नेमा रेसिडेन्सी कानून उल्लंघनगर्ने नौहजार २१२, सीमा सुरक्षा कानून उल्लंघनगर्ने तीनहजार ५०२ र श्रम कानून उल्लंघनगर्ने एकहजार ८७३ जना रहेको समाचार बाहिर आएको छ । कुल ११ हजार ७६३ जनालाई नियम उल्लंघन गरेको आरोपमा देश निकाला गरिएको छभने १७ हजार ५६७ जना नियम उल्लंघन गर्नेहरुलाई यात्रा कागजातहरु प्राप्तगर्न उनीहरुको कूटनीतिक नियोगहरुमा पठाइएको थाहाभएको छ । जबरजस्त सीमा पारगर्ने प्रयासगर्दा एकहजार २६८ जना पक्राउ पक्राउ परेका छन् । त्यसरी घुसपैठगर्ने, राज्य प्रवेशमा सहजीकरणगर्ने, ढुवानी, आश्रय दिने, कुनै सहयोग वा सेवा प्रदान गर्नेलाई १५ बर्षसम्म कैद र अधिकतम १० लाख साउदी रियाल जरिमानाको सजाय तथा सवारीसाधन र सम्पत्ति जफतगर्न सकिने त्यहाँको सरकारी निकायले जनाएको छ । साउदीले भिसाको म्याद सकिएर लुकिछिपीबस्ने आप्रवासीलाई लक्षितगरी धरपकड अभियान तीव्र पारेसँगै गैरकानूनीरुपमा त्यहाँ कार्यरत सयौं नेपालीहरु समेत पक्राउ परेका छन् । पक्राउ परेकाहरुलाई जेलमै राखिएको छ । जेल अवधि समाप्त गरेपछि आवश्यक कानूनी प्रक्रिया पूरागरी डिपोर्टगर्ने गरिएको छ । साउदीमा मदिरा सेवन, बिक्री वितरण तथा ओसारपसारलाई ठूलो अपराध मानिन्छ । बिक्री वितरणको मात्राका आधारमा छमहिनादेखि वर्षौंबर्षसम्म जेल सजाय हुनसक्ने तथा जरिमाना पनि हुने भएकाले त्यस्तो कार्यमा नलाग्न र नलगाउन पनि साउदीस्थित दूतावासले नेपाली समुदायलाई आग्रह गरेको छ । अर्कातिर ओमान सरकारले भिसाविहीनभई अवैधरुपमा बसेका नेपाली सहितका आप्रवासी श्रमिकलाई तीनमहिने आममाफी दिएको थाहा भएको छ । मस्कटस्थित नेपाली दूतावासले एक विज्ञप्ति जारीगर्दै ओमान सरकारद्वारा प्रदान गरिएको छुट अवधिमा स्वदेश फिर्तीको फर्मभर्न अनुरोध गरेको छ । गत मे पाँचदेखि प्रदान गरिएको उक्त छुट अवधिमा भाग लिन धेरै नेपालीले ओमान सरकारले उपलब्ध गराएको वेबपेजमा फर्मभर्ने प्रकिया सम्बन्धमा सोधिरहेकोभन्दै दूतावासले आफ्नो फेसबुक पेजमार्फत नमूना फर्मसमेत सार्वजनिक गरेको छ । ओमानको श्रम मन्त्रालयले जारीगरेको छुट अवधिमा स्वदेश फिर्ती योजनाअन्तर्गत ओमानमा भिसा सकिएर अवैधानिक रुपमा बसोबास गरिरहेका विदेशी नागरिकलाई जरिवाना मिनाहागरी स्वदेश फर्किन पाउने अवसर प्रदान गरेको छ । सो योजनाअनुसार स्वदेश फर्किने नेपालीहरुका लागि तोकिएको जरिवाना शुल्क पूर्णरुपमा माफ गरिएको छ । अन्य कतिपय मुलुकमा नेपाली कामदारहरु लामो समयदेखि बिभिन्न आरोपमा पक्राउपरी थुनामा रहेका समाचारहरु पनि आइरहेका छन् । नेपालमा रोजगारीको ब्यवस्था नहुँदा नेपालीहरुले विश्वका बिभिन्न मुलुकमा भोतारिनु परेको अवस्था छ ।

# तयारी पोशाक संघसँग सहकार्य हुने

काठमाडौं । दुई संस्था गार्मेन्ट एशोसियसन नेपाल र सोलिडारीदाद एशिया नेटवर्कले नेपालको कपडा तथा तयारी पोशाक क्षेत्रमा दिगोपन प्रवर्द्धनका लागि सहकार्यगर्ने भएका छन् । नेपालको कपडा तथा तयारी पोशाक क्षेत्रमा दिगोपन प्रवर्द्धन विषयक कार्यक्रम एशोसिएसन र सोलिडारीदाद एशिया नेटवर्कको संयुक्त आयोजनामा काठमाडौंमा सम्पन्न भएको हो ।
कार्यक्रमको उद्घाटनगर्दै गार्मेन्ट एशोसियसन नेपालका अध्यक्ष तथा कार्यक्रमका सभापति पशुपतिदेव पाण्डेले सोलिडारिदादसँग सहकार्यगर्दै नेपाली कपडा तथा तयारी पोशाक उद्योगमा डी-कार्बनाइजेसन, जल प्रयोगको अनुकूलन, रसायन प्रयोगमा कमी तथा समग्र सशक्तीकरणमा केन्द्रितभई दिगोपनका उपायहरु अघि बढाउनुपर्नेमा जोड दिनुभएको थियो । दीर्घकालीन प्रतिस्पर्धात्मकता र वातावरणीय उत्तरदायित्वका लागि सहकार्य अपरिहार्य भएको उहाँको भनाइ थियो । सोलिडारीदाद एशियाका प्रबन्ध निर्देशक सातार्दु चट्टोपाध्यायले संस्थाको ५६ बर्षको इतिहास र ५६ देशमा रहेको उपस्थितिबारे जानकारी गराउँदै व्यापारमार्फत विकासको दृष्टिकोण प्रस्तुतगर्दै भारतको पानीपतमा गरिएको जानकारी दिनुभएको थियो । सोलिडारीदाद एशिया नेटवर्कका अनुसार कपडा तथा तयारी पोशाक क्षेत्रमा रसायन प्रयोग २२ प्रतिशतले घटाइएको, ऊर्जा खपत कम गरिएको, कार्बन उत्सर्जन घटाइएको, फोहोर व्यवस्थापन सुधारिएको र आर्थिक लाभसमेत हाशिल भएको छ । जहाँ रसायन प्रयोग २२ प्रतिशतले घटाइएको, ऊर्जा खपत कम गरिएको, कार्बन उतसर्जन घटाइएको, फोहोर व्यवस्थापन सुधारिएको र आर्थिक लाभसमेत हासिल भएको उहाँको भनाइ थियो । उल्लेखित अभ्यासहरु नेपालमा पनि कार्यान्वयनगर्न सकिने चट्टोपाध्यायले बताउनुभएको थियो । सोलिडारीदाद एशियाका प्रदूषण व्यवस्थापन प्रमुख तत्हेर जैदीले कपडा र छाला उद्योगमा फोहोर व्यवस्थापनको महत्वमाथि प्रकाश पार्दै उल्लेखित अभ्यासहरु वातावरणीय संरक्षणसँगै आर्थिक लाभका दृष्टिकोणले पनि अत्यावश्यक रहेको बताउनुभएको थियो । सोलिडारीदादकै योजना, नवप्रवर्तन तथा सिकाइ विभाग प्रमुख नितिन रावले जोखिम मूल्यांकन र सजगताका उपायहरु अवलम्बन गर्नुपर्नेमा जोडदिँदै आत्ममूल्यांकनका लागि संस्थाको टुलकिट प्रस्तुत गर्दै नेपाली उद्योगहरुसँग सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो ।
क्षेत्रीय अनुभवका सन्दर्भमा सेलीम रेजा हसनले बंगलादेशको तयारी पोशाक उद्योग सस्तो श्रमबाट शुरु भए पनि अहिले प्रतिश्पर्धी शक्ति प्राप्त गरिसकेको बताउनुभएको थियो । सो क्षेत्रको गहिरो विश्लेषण, नेट-शून्य अनुपालन, श्रमिकको उत्पादकत्व वृद्धिजस्ता विषयमा बल दिन क्षेत्रीय सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो । श्रीलंकाकी देशीय प्रमुख अनिता मुनासिंघेले श्रीलंकामा तयारी पोशाक उद्योग जिडिपीमा ठूलो योगदान भएको जनाउँदै सरकार र निजी क्षेत्रबीचको सहकार्य तथा सोलिडारीदादले प्राविधिक सल्लाहकारका रुपमा खेलेको भूमिकाबारे जानकारी दिनुभएको थियो । उहाँले श्रीलंकाको उद्योग मन्त्रालयसँगको सहकार्य अझ गहिरिँदै गएको बताउनुभयो । गार्मेन्ट एशोसियसन नेपालका पूर्वअध्यक्ष तथा नेपाल युएसए चेम्बर अफ कर्मसका अध्यक्ष किरण साखले सन् १९८० को दशकपछि नेपालमा गार्मेन्ट उद्योगले फड्को मारेको जानकारीदिँदै सहायक उद्योगहरुको विकास र हालका समस्या विशेष गरी उच्च ढुवानी लागतबारे चर्चा गर्नुभएको थियो । उल्लेखित चुनौती समाधानका लागि संयुक्त प्रयास गर्नुपर्ने उहाँको भनाइ थियो । नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले यस्ता दिगो अभ्यासलाई महासंघले सधैँ साथदिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सोलिडारीदाद नेटवर्कका अन्तर्राष्ट्रिय सुपरीवेक्षण बोर्ड अध्यक्ष शाहमिन जमानले व्यवसाय सञ्चालनको उच्च लागतबारे चर्चागर्दै सोलिडारीदादले निर्यात फ्रेमवर्कमा सहयोग प्रदानगर्न सक्ने र वातावरणीय तथा सामाजिक प्रभावको मापन जरुरी रहेको बताउनुभएको थियो । डा. एमएच मेहताले वातावरणमैत्री समाधानका लागि साझा रोडम्याप आवश्यक रहेको भन्दै सबै प्रकारको सहयोग उपलब्ध गराउन तयार रहेको बताउनुभएको थियो । गार्मेन्ट एशोसियसन नेपालका पूर्वअध्यक्ष तथा सार्क चेम्बर अफ कमर्सका उपाध्यक्ष चण्डीराज ढकालले केही समयअघि हस्ताक्षरित समझदारीपत्र कार्यान्वयनमा लैजान अब ढिलाइगर्न नहुने बताउनुभएको थियो ।

# समाचार विविध

## सम्पत्ति अनुगमनको प्रतिवेदन तयार

काठमाडौं । सम्पत्ति अनुगमनको प्रतिवेदन तयार भएको थाहा भएको छ । प्राप्त समाचारअनुसार राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष आर्थिक वर्ष ०८०/८१ को सम्पत्ति विवरण अनुगमन प्रतिवेदन पेशगरेको छ । सो केन्द्रका सचिव सरजुकुमार बैद्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तसमक्ष हालै पेश गर्नुभएको हो । सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले भ्रष्टाचार निवारण ऐन-०५९ बमोजिम सम्पत्ति विवरण पेश गर्नुपर्ने प्रावधान छ । सार्वजनिक पदमा बहाल भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कानूनबमोजिम आफ्नो सम्पत्तिको श्रोत वा निस्सासहितको अद्यावधिक विवरण पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी तोकिएको म्यादभित्र सम्पत्तिको विवरण पेश नगर्ने सार्वजनिक पदधारण गरेको व्यक्तिलाई भ्रष्टाचार निवारण ऐन-०५९ को दफा ५० (३) बमोजिम कारवाहीगर्ने व्यवस्था रहेको छ । सो प्रतिवेदन ग्रहण गर्नुहुँदै आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले तोकिएबमोजिम प्रतिवेदन पेश गरेकामा राष्ट्रिय सतर्कता केन्द्रलाई धन्यवाद दिनुभएको थियो । उहाँले सम्पत्ति विवरण संकलनकार्यलाई व्यवस्थित, भरपर्दो र सूचना प्रविधिमा आधारित बनाउन राष्ट्रिय किताबखाना (निजामती, शिक्षक, प्रहरी) र सैनिक अभिलेखालयका साथै राष्ट्रिय सतर्कता केन्द्रसमेतका निकायबीच बिद्युतीय तथ्यांक संकलन प्रणालीलाई एकीकरण गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । प्रचलित कानूनले निर्दिष्ट गरेको समयभित्र अझैपनि कतिपय पदाधिकारी तथा कर्मचारीले सम्पत्ति विवरण नबुझाउने गरेको सन्दर्भमा सबै सरकारी निकायमा यस विषयमा प्रवर्द्धनात्मक कार्यगर्न पनि प्रमुख आयुक्तले राष्ट्रिय सतर्कता केन्द्रको ध्यानाकर्षण गराउनुभएको थियो । प्रमुख आयुक्त राईले समयमा आएको परिवर्तनसँगै सतर्कता केन्द्रलेगर्दै आएको कार्यका अतिरिक्त सार्वजनिक सेवा प्रवाह हुने कार्यालयमा समेत अनुगमनगर्न आवश्यक रहेको बताउनुभएको थियो । उक्त प्रतिवेदनका अनुसार आव ०८०/८१ मा सम्पत्ति विवरण बुझाउने दायित्व भएका संघका चार लाख ८८ हजार २८० जना, प्रदेशका १९ हजार ८३४ जना र स्थानीय तहका दुईलाख ७३ हजार २३९ जना कर्मचारी तथा पदाधिकारी छन् । त्यसमध्ये संघका चार लाख ८३ हजार ६८७, प्रदेशका १९ हजार ३५५ र स्थानीय तहका २७ हजार २८० गरी सात लाख ७५ हजार ८४९ जनाले सम्पत्ति बुझाएका छन् । पाँच हजार ५०४ जनाले तोकिएको समयावधिभित्र सम्पत्ति विवरण नबुझाएको प्रतिवेदनमा उल्लेख छ ।

## बजेटको कार्यान्वयन चुनौतीपूर्ण

काठमाडौं । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नै आगामी आबको बजेटको कार्यान्वयन चुनौतीपूर्ण रहेको बताउनु भएको छ । आज शुक्रबार अर्थमन्त्रालयमा आयोजित आब ०८२/८३ को बजेट सम्बन्धमा गत १६ गते आयोजित पत्रकार सम्मेलनमा अर्थमन्त्री पौडेलले उपरोक्त कुरा बताउनुभएको हो । उहाँले पत्रकार सम्मेलनमा बजेट कार्यान्वयनका लागि साउन नकुर्ने र आजैबाट कार्यान्वयन प्रक्रिया थालनीगर्ने दाबि पनि गर्नुभएको थियो । उहाँले बजेट कार्यान्वयनको प्रश्न चुनौतीपूर्ण छ । यो बजेट नागरिकको कान पवित्रगर्नका लागि ल्याइएको होइन । यसको प्रभावकारी कार्यान्वयन हुन्छ । बजेटको व्यवहारिक र वस्तुनिष्ठ कार्यान्वयन कार्ययोजना बनाउने कामका अर्थ मन्त्रालय लागिसकेको छ । पूर्वतयारीका काम सकिएका आयोजना कार्यान्वयनका लागि हामी साउन कुर्नै पर्दैन । अहिले नै प्रक्रिया अघिबढाउन सक्छौं भन्नुभएको थियो । अर्थमन्त्री पौडेलले यसपटक बजेटको आकार धेरै महत्वाक्यांक्षाी नरहेको र आम्दानी र खर्चका हिसाबले वस्तुनिष्ठ ढंगले आएको दाबी गर्नुभएको थियो । बजेटमा पूँजीगत खर्च बढाउने, चालू खर्चलाई निश्चित सीमाभित्र राखिएको र प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणको रकम बढाउने नीति लिइएको पनि उहाँको भनाइ थियो । उहाँले बजेटमार्फत राखिएको राजस्वको लक्ष्य आगामी आर्थिक वर्षको अन्त्यसम्म पूरा हुनेमा आशावादी रहेको बताउनुभएको थियो । उहाँले आन्तरिक ऋणका लागि प्राकृतिक श्रोत तथा वित्त आयोगले तोकेको सीमाभित्रै रहेर अनुमान गरिएको बताउनुभएको थियो । बजेटमार्फत केही नीतिगत सुधारका विषय अघि सारिएको अर्थमन्त्री पौडेलको भनाइ थियो । उहाँले आर्थिक विकास र समृद्धिका लागि वैकल्पिक वित्तमार्फत श्रोत परिचालनगर्ने नीति लिइएको बताउनुभयो । प्रदेश र स्थानीय तहले पनि यथार्थपरक ढंगले बजेट ल्याउन सकुन भनेर सोहीअनुसार परामर्श सेवामा सीमा निर्धारण गरिएको अर्थमन्त्री पौडेलको भनाइ थियो । अर्थमन्त्री पौडेलले राष्ट्रिय परिचयपत्रलाई सामाजिक सुरक्षा र अन्य सुविधासँग जोड्न खोजिएको, डिजिटल भुक्तानीमा लाग्ने मूल्य अभिवृद्धि कर र भन्सार बिन्दुमा अग्रीम आयकर लगाउने गरेकोमा त्यसलाई हटाइएको बताउनुभएको थियो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीले बजेटको कार्यान्वयन कसरी अघिबढ्छ र त्यसको नतिजा कस्तो देखिन्छभन्ने कुरा महत्वपूर्ण हुने बताउनुभएको थियो ।

## कर्णालीका कर्मचारीहरुको असन्तुष्टि कायमै

काठमाडौं । कर्णालीका कर्मचारीहरु आन्दोलित भएका छन् । प्राप्त समाचारअनुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन ०८१ विभेदकारी भएकोभन्दै कर्णाली प्रदेशका स्थानीय तहमा कार्यरत कर्मचारीहरु आन्दोलित भएका हुन् । गत साताबाट आन्दोलनमा उत्रेका कर्णालीका ७९ स्थानीय तहका करिब ३०० कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेशसभा अगाडि धर्ना दिएका थिए । स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन-०८१ संशोधनगर्न बनेको विधेयकसमेत विभेदकारी भएकाले त्यसलाई सच्याउन प्रदेश सरकारसहित प्रदेशसभा सदस्यहरुलाई दबाबदिँदै उनीहरु आन्दोलनमा उत्रिएका हुन् । प्रदेश सरकारले विधेयक ल्याउँदाको बखतदेखि स्थानीय तहका कर्मचारीहरुलाई वेवास्ता गरेको आरोप लगाउँदै उनीहरुले पटक, पटक असन्तुष्टि जनाउँदै आएका छन् । स्थानीय सेवा कर्मचारी सञ्जाल कर्णाली प्रदेश संयोजक विक्रम शाहीकाअनुसार जुन पक्षका लागि नीति-नियम बनाइने हो, त्यो पक्षसँग छलफल, बहसगर्ने, सुझाव प्रदेश सरकारले लिएन । सरकारले स्थानीय तहका कर्मचारीलाई थाहा नदिइ विधेयक निर्माण गरेको उहाँको आरोप छ । स्थानीय तहका कर्मचारीहरु काम छाडेर आन्दोलनमा सहभागी हुन वीरेन्द्रनगरमा केन्द्रित भएपछि स्थानीय तहहरुलाई चालु आर्थिक वर्षको अन्त्यमा बजेट कार्यान्वयनमा समस्या देखिन थालेको छ । विधेयकमा विभेदकारी दफा, उपदफा रहेकाले पटक, पटक आन्दोलनगरेर सरकारको ध्यानाकर्षण गराएपनि मुख्यमन्त्री यामलाल कँडेलको दबाबमा ०८१ असोज १५ गते बसेको प्रदेशसभा बैठकले विधेयक पारित गरेको थियो । जानकारहरुकाअनुसार विधेयकमा धेरै त्रुटी छ । प्रदेश सभामा दुई दर्जनभन्दा बढी संशोधन परेपनि ती संशोधनमाथि छलफलसमेत नभएको उहाँको भनाइ छ ।

## विश्वमा...

खर्च १४ प्रतिशतले बढेर २४३ बिलियन डलर पुगिसकेको थियो । बितेको बर्ष मात्रै इजरायलको सैन्य खर्च ६५ प्रतिशतले बढेर ४६.५ बिलियन डलर पुगिसकेको थियो ।लेबनानको सैन्य खर्चा २०२४ मा ५८ प्रतिशतले बढेर ६३५ बिलियन डलर हुनपुगेको थियो । हुन त आश्चर्यजनकरुपले क्षेत्रीय संघर्षमा संलग्न हुने र क्षेत्रीय प्रोक्सी युद्धका लागि यसको समर्थनको हुँदाहुँदै पनि इरानको सैन्य खर्च भने बास्तबिकरुपमा १० प्रतिशतले घटेर २०२४ मा ७.९ बिलियन डलर रहन गएको थियो । इरानमाथि प्रतिबन्धको प्रभावले सैन्य खर्च बढाउने उसको क्षमतलाई सीमित तुल्याइदिएको हुन सक्ने अनुमान गरिएको छ । विश्वमा दोश्रो सबैभन्दा ठूलो सैन्य खर्चगर्ने देश चीनले आफ्नो सैन्य खर्चलाई सात प्रतिशतले बढाएर अनुमानतः ३१४ बिलियन डलर पुर्‍याएको छ । उता जापानको सेनाले पनि २०२४ मा सैन्य ब्ययमा २१ प्रतिशतले बृद्धि गरेर ५५.३ बिलयन डलर पुर्‍याएको छ । भारत पनि विश्वको सैन्य खर्चगर्ने पाँचौ ठूलो देश मानिन्छ उसको सैन्य खर्च पनि बृद्धि गरे ८६.१ बिलियन डलर पुगेको बिश्लेषकहरु उल्लेख गर्दछन् । भारतले चालु आर्थिक बर्षको बजेमा ९.५३ को रेकर्ड बृद्धि गरेको बताइएको छ । उता पाकिस्ताले पनि आफ्नो सैन्य र रक्षा खर्चमा आफ्नो आर्थिक बर्ष २०२५/२६ को बजेटमा निकै ठूला अर्थात् १९ प्रतिशतले बृद्धि गरेको छ । पाकिस्तान पनि भारत जस्तै मूलत बिभिन्न देशहरुबाट अधिकांश हतियार आयात गर्ने देशहरु मध्येमा परेको र हात हतियारमा परनिर्भर देश रहेको छ । हुन पनि लडाई लड्ने दुबै देशको स्थितिको बिडम्बनमा के छ भने दुबै प्रतिद्वन्दी दक्षिण एशियाली देश भारत र पाकिस्तान हतियार आयातमा अत्यन्तै परनिर्भर रहेका छन् । हतियारहरुमा भारतको ऐतिहासिक आयात निर्भतार पाकिस्तान, चीन, बंगलादेश जस्ता छिमेकी देशहरुसँगको मनोमालिन्य रहेका कारणले पनि यसरी हतियार भित्र्याउनु परेको र यो चिन्ताजनक स्थितिरहेको समेत बताइने गरिदै आएको छ । रुस स्वयं लामो समयदेखि नाटो बिस्तारका कारणलेगर्दा यूक्रेन युद्धमा फँसेको छ नै, तर पनि रुस भारतलाई सबैभन्दा बढी हतियार आपूर्तिकर्ता देश रहेको छ । भनिन्छ कि यो पछिल्लो समयमा भने रुसको त्यो हिस्सेदारी कम हुँदै गएको छ । अनि भारतले हतियार आयातमा बिबिधता ल्याउन थलेबाट पनि उसको भारतमा आपूर्ति कम हुँदै गएको देखिन्छ । भारत सैन्यरुपले शक्तिशाली देश बन्नका लागि महत्वपूर्ण हतियारमा आत्मर्भिर हुन सोचिरहेको पनि बताइन्छ । यसलेगर्दा उसको सैन्य खर्च अझ बढ्ने र त्यसको प्रभाव छिमेकी देशहरुलाई पनि पर्ने औंल्याइदैछ । भारतलाई हतियार आपूर्तिमा सहयोगगर्ने रुस र इजरायल दुबै लामो लडाईमा अल्झिरहेकोले पनि भारतले आफै हतियार खर्च बढाउने स्थिति सिर्जना भएको समेतउल्लेख गरिदै छ । त्यसरी नै पाकिस्तान पनि हतियार अधिकांशतः आयातगर्ने देशमा नै पर्दछ र यसमा पाँचौ राष्ट्रमध्येमा रहेको तथ्यांकले दर्शाउँदछ । पाकिस्तान हतियार आयातका लागि छिमेकी देश चीनमाथि बढी निर्भर रहेको बताइन्छ । २०२० देखि २०२४का बीचमा पाकिस्तान हतियार आयातमा चीनससँग ८१ प्रतिशत आयात गर्ने गरेको तथ्यांक छ । त्यसमा भारत चीनको पाकिस्तान लगायत दक्षिण एशियाली देशमा बढ्दो प्रभावबाट निकै चिन्तित देखिन्छ । पाकिस्तान भारतको एक चौथाई आकारको सानो देश भएर पनि हात हतियारमा विश्वको पाँचौ देशमा परेको र उसको विश्व हतियार आयातमा ४.६ प्रतिशतको हिस्सेदारी रहेको उल्लेख गर्दछ । बितेको बर्षको मात्रै कुरा गर्ने हो भने विश्वमा शीर्ष पाँच हतियारआयातकर्ता देशहरुमा यूक्रेन, भारत, कतार , साऊदी अरब र पाकिस्तान रहेको देखिन्छ । यी यावत कुराले विश्वमा हात हतियारमा ठूलो लगानी र यसको ठूलो ब्यापार चलेको प्रष्ट छ । यसरी युद्धजन्य र युद्धको स्थिति सँधै कायम राखिराख्ने निरन्तर सन्त्रासको स्थिति बिद्यमान रहन्छ । अनि यसले चौतफी मानबीय बिकास तथा आम शान्तिका लागिका श्रोत साधनको बजेट र लगानीलाई असर पार्दछ र यथार्थत मानिसको आँतलाई सुकाउने र मार्ने काम गर्दछ भन्ने कुरा कतै लुकेको छैन । -

**लोकनारायण सुवेदीबाट**

## बुर्जवा..

बढ्न थालेको छ । परिवर्तनकामी निष्ठाबान शक्ति र दलहरुले यो गम्भीरतम बिसंगत स्थितिलाई चिर्न नसकेसम्म राजनीतिक परिवर्तनबाट जनताले बोध गर्न सक्ने र गर्नुपर्ने महत्वपूर्ण कुरा नै गुम हुनपुग्ने छ । वास्तवमा यी सबै नकारात्मक कुरा गणतन्त्रात्मक लोकतन्त्रबमा गडबडी ल्याउने गतिबिधि नै हुन् । यस्ता गतिबिधिहरुबाट शोषित तथा उत्पीडित जनता सचेत हुनै पदर्छ, सचेत तुल्याइनु पर्दछ । निकासको अग्रगामी बाटो पहिल्याउनै पर्दछ । बस्तुतःगणतन्त्रको उन्नत बिकल्प जन गणतन्त्रको सही दिशामा अघि बढ्ने प्रस्थान बिन्दू नै यही हो । यसको कुनै बिकल्प छैन र हुन पनि सक्तैन । गणतन्त्र दिवसमा सबैमा यो चेतना आओस् र राष्ट्रियता, राष्ट्रिय स्वाधिता एवं अखण्डताको दृढतापूर्बक रक्षा गर्दै आमूल परिवर्तनको अग्रगामी मूलबाटो पक्रिन मद्दत पुगोस् । यसका लागि गणतन्त्र दिवसले देश र जनताप्रति निष्ठाबान र समर्पित सबैमा राजनीतकि, आर्थिक, समाजिक तथा साँस्कृतिक बिकृति र बिसंगतिका बिरुद्ध लड्न र तिनलाई चिरेर अघि बढ्न प्रेरणा देओस् भन्ने सार्थक शुभकामना ! **(लेखक : नेकपाका अध्यक्ष हुनुहुन्छ ।)**

## बंगलादेशमा...

सडकमार्फत् तयारी पोशाक (रेडिमेड गार्मेन्ट, आरएमजी) फलफूल तथा फलफूलको स्वादयुक्त तथा कार्बोनेटेड पेय पदार्थ, बेक गरिएका सामान, स्न्याक्स, चिप्स र कन्फेक्सनरी, कपास र कपासको धागो, प्लास्टिक र पिभिसी तयारी सामान र काठका फर्निचरको आयातमा प्रतिबन्ध लगाएको थियो । यसअघि बंगलादेशले भारतबाट स्थलमार्ग हुँदै भित्रने धागोमा प्रतिबन्ध लगाएको थियो । भारतले बंगलादेशबाट तेश्रो देशमा सामान निर्यात गर्ने ट्रान्स-सिपमेन्ट सुविधा पनि रद्द गरेको थियो । दुई छिमेकी देशबीच पारस्परिक व्यापार प्रतिबन्धहरु लगाइएपछि सम्बन्ध चिसिएको हो । बंगलादेशको अन्तरिम सरकारका वाणिज्य सल्लाहकार शेख बसिरुद्दीनले पत्रकारहरुसँग हामीलाई भारतको कदमबारे औपचारिकरुपमा केही थाहा छैन । हामीलाई औपचारिक रुपमा थाहा भएपछि मात्र हामी कारबाही गर्न सक्नेछौं । कुनै समस्या उत्पन्न भएमा दुवै पक्षले छलफल गरेर समाधान गर्ने प्रयास गर्नेछन् भन्नुभएको छ । सामाजिक सञ्जाल र समाचारमार्फत भारतले स्थल बन्दरगाहहरु (विशेषगरी अखौरा र दावकी बन्दरगाह) र केही सीमा क्षेत्रका सम्बन्धमा केही निर्णय लिएको थाहापाएको उहाँको भनाई छ । उहाँले आफ्नो मुख्य लक्ष्य प्रतिस्पर्धात्मकता हाशिल गर्नु हो । यो दुवै देशका लागि लाभदायक विषय रहेको बताउनु भएको छ । भारत आफैं कपडा वा कपडा उद्योगमा धनी देश भएको जनाउँदै बसिरुद्दीनले त्यस्ता उत्पादन बंगलादेशबाट भारतमा निर्यात हुनुभनेको आफ्नो देशको क्षमतामा आधारित भएको दाबी गर्नुभएको छ । उहाँले हामी भौगोलिक रुपमा जोडिएको देश भएकाले हाम्रो प्रतिस्पर्धात्मकता, यातायात खर्च र अन्य कारक निश्चित छन् । यस सम्बन्धमा हामी बिभिन्न समयमा हाम्रो कृषि उत्पादनको आयातमा प्रतिबन्ध लगाउँछौं, भारतले पनि गर्दछ । यो व्यापार व्यवस्थापनको एक प्रक्रिया हो र हामी त्यसमा काम गरिरहेका छौं, यदि त्यहाँ समस्या उत्पन्न भयो वा विकसित भयो भने, दुवै पक्षले छलफल गरेर समाधानगर्ने प्रयास गर्नेछन् भन्नुभएको छ । बंगलादेशका लागि व्यापार महत्वपूर्ण भएको र उदारवादी व्यापारमा विश्वासगर्ने उहाँको भनाइ छ । बसिरुद्दीनले बंगलादेशको व्यवसाय र उपभोक्तालाई सशक्त बनाउन व्यापार समावेशीकरण बाहेक अन्य कुनै मार्ग देख्दिन्न भन्नुभएको छ । भारतको वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गतको विदेश व्यापार महानिर्देशालय (डिजिएफटी) ले जारीगरेको निर्देशनपछि बंगलादेशबाट बिभिन्न श्रेणीका सामानको आयातमा तत्काल स्थल बन्दरगाहमा प्रतिबन्ध लगाएको थियो । ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभ (जिटिआरआई) का अनुसार बंगलादेशबाट स्थल बन्दरगाहमार्फत हुने आयातमा भारतले लगाएको प्रतिबन्धले सात करोड ७० लाख अमेरिकी डलर मूल्यका सामानमा असर पर्ने ठानिएको छ । यो कुल द्विपक्षीय आयातको लगभग ४२ प्रतिशत हो । यस कदमले विशिष्ट बन्दरगाहहरुमा तयारी पोशाक र प्रशोधन गरिएका खाद्य पदार्थजस्ता उत्पादनको प्रवेशलाई सीमितगर्ने मन्त्रालयको एक आधिकारिक प्रेस विज्ञप्तिमा उल्लेख छ । यसलाई व्यापकरुपमा भारतीय धागो, चामल र अन्य सामानमा बंगलादेशको हालैको प्रतिबन्धको प्रतिक्रियाकारुपमा हेरिएको छ । त्यसैगरी भारत र पाकिस्तानका बीचमा पछिल्ला दिनमा कायम रहेको बिवादले पनि बंगलादेश आक्रान्त रहेको देखिएको छ । सो मुलुक एकातिर पाकिस्तानबाट फुटेर बनेको होभने अर्कातिर भारतीय हस्तक्षेप बढ्दै गएको छ । शेख हसिनाको पालामा बंगलादेशमा भारतीय दबदबानै थियो भनिन्छ । यसरी बंगलादेश पछिल्ला दिनमा आर्थिक, सामाजिक र राजनीतिक अन्योलबाट गुज्रिरहेको अवस्था छ । यसले दक्षिण एशियाको समग्र राजनीतिलाई नै असरगर्ने निश्चित छ ।

## गणतन्त्रमाथि....

शाहको एकीकरण अभियानको बिरोधगर्दै बाइसे, चौबिसे राज्यको पुनर्स्थापना गराउनेसम्मको सपना देखेका थिए । कतिपयले त नेपालको नामनै फेर्नेसम्मको कुरा पनि उठाएका थिए । हालसम्म पनि उनीहरुले पहिचानको आबरणमा जातीय राजनीतिलाई प्रश्रय दिने प्रयास गरिरहेका छन् । तराईका महत्वपूर्ण भूभागमात्र समेटेर बनाइएको मधेश प्रदेश गठन गराउन सक्नुलाई उनीहरुले आफ्नो महत्वपूर्ण उपलब्धी भन्नेगरेका छन् । मधेश प्रदेशसँग टाडाको साइनोसमेत नभएकाहरुले सो प्रदेश गठनहुँदा एक हप्तासम्म खुसीयाली मनाएर बक्तब्यबाजी गरेको देखिएको थियो । उनीहरुलेनै हालसम्म पनि कोशी प्रदेशलाई जातीय नामाकरण गराउन अनेक प्रयास गरिरहेका छन् । अर्कातिर बुझ्नुपर्ने कुरा के पनि छभने उनीहरुले नेपालमा संघीय शासनको थालनी भएपनि प्रदेशहरुलाई चलनचल्ती अनुसारको अधिकार दिएनन्/दिइरहेका छैनन् । जसका कारण प्रदेश र केन्द्रका बीचमा अनेक बिवादहरु रहेका छन् । केन्द्र सरकारले सिधै स्थानीय सरकारसँग सम्पर्कगर्ने भएका कारण प्रदेशहरु केवल बुख्याचाजस्ता मात्र हुनपुगेका छन् । हाल आएर नेपालका तीनतहका सरकार तीनतिर फर्किएका कारण राजनीतिक कलहबाहेक अरु केही पनि हुन सकिरहेको छैन । अझैपनि कतिपय नेता र समूहहरुको प्रयास स्थानीय सरकारलाई पूरै निरुत्साहित गराएर प्रदेशलाई अगाडि बढाउनेमा केन्द्रित रहँदै आएको छ । जसलेगर्दा केन्द्र, प्रदेश र स्थानीय सरकारका बीचमा त्रिपक्षीय द्वन्दको अवस्था सिर्जना गरिएको छ । संघीय शासनका कारण देश अनिर्णयको बन्दी भनेजस्तो भएको छ । त्यसैगरी धर्म निरपेक्षता र समानुपातिक निर्वाचन पद्धतिको समेत ब्यापक दुरुपयोग भएको छ । संसारका भएभरका राम्रा कुरा उठाएर नराम्रा कामगर्ने प्रबृत्ति साम्राज्यवादीहरुको हो । त्यसलाई नेपालका कतिपय चिनिएका नेताहरुले अपनाउने गरेको देखिएको छ । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले ०७२ को संविधानलाई बिद्यमान सबै समस्याहरुको जड भएको मूल्यांकन गरेको छ । नभन्दै हाल सरकार र प्रमुख प्रतिपक्षमा रहेका दलहरु समस्या सुल्झाउनेभन्दा बल्झाउनेमै बढी केन्द्रित हुनेगरेको देखिएको छ । पछिल्लो समयमा राजावादीहरुको जुन समस्या आएको छ, त्यसलाई पनि वार्ताका माद्यमबाट समाधान गर्न/गराउन सकिन्छ । तर मुख्यत माओवादी केन्द्र र एमाले शान्तिपूर्णरुपमा वार्ताको माद्यमबाट कुनैपनि समस्याको समाधान हुननदिने अभियानमा लागेको देखिएको छ । यसरी दलहरुले नै फेरी गणतन्त्रमाथि प्रश्न उठाउने र राजावादी आन्दोलन लाई प्रोत्साहितगर्ने काम गरिरहेका छन् । देशको राष्ट्रिय राजनीति बिचारमा आधारित र बिधि तथा पद्धतिअनुसार चलेन वा चल्न दिइएनभने त्यसले राम्रो परिणति दिँदैन । हाल नेपालमा भैरहेको त्यही नै हो । आम देशभक्त नेपालीहरु सजग र उस्सतर्क हुन आवश्यक छ ।

## नयाँ.

आयोग गठनगर्न जरुरी छ । सो माग शुरुदेखि हालसम्म नै कायम रहेको देखिएको छ । थुनामा परेका मानिसहरुको बारेमा राष्ट्रिय प्रजातन्त्र पार्टीले रिहाइको माग राखेको छ । कतिपय रिहा पनि भएका छन् । कुनैपनि हिंसात्मक घटना भएपछि गृहमन्त्रीको राजीनामाको प्रशंग आउनु संसारभरीको प्रचलन हो । कतिपयले नैतिकताका कुराहरु पनि उठाएका छन् । यसरी सरकारले न्यायिक आयोग गठन गरेर सो समस्याको टुंगो नलगाउँदा समस्या बल्झिदै गएको देखिएको छ । राजावादी आन्दोलनकारीहरुले आनदोलनका साथै वार्तालाई पनि अगाडि सारेका छन् । तर सरकारले वार्ता गर्ने र समस्याको समाधान गर्ने/गराउने तिर कुनै ध्यानदिन सकेको देखिएको छैन । जसलेगर्दा समस्या थप बल्झिएर जाने र अन्य षेत्र तथा पक्षलाई पनि असरगर्ने देखिएको छ । त्यसैले सरकारले ततकाल राप्रपा लगायतका आनदोलनकारी पार्टी र शक्रिहरुसँग वार्ता गरेर समस्याको समाधान गर्नु/गराउनु आजको मुख्य आवश्यकता भएको छ ।

## नेपालको...

राष्ट्रिय मेलमिलापको नीतिमा जोड दिएको भए पनि राजाले उनलाई जेलमा हालेका थिए र त्यसरी स्वयं राजाले नै वी.पी. को त्यो नीतिलाई रद्दीको टोकरीमा फ्याँकिदिएका थिए । त्यसकारण अब त्यसको कुनै औचित्यता बाँकी रहेको छैन । पछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले वैधानिक राजतन्त्रलाई समाप्त गरेर निरंकुश राजतन्त्रको स्थापना गरेको पृष्ठभूमिमा नै गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेकाले गणतन्त्र र धर्मनिरपेक्षताको नीतिलाई अपनाएको थियो । यो कुराको अनुमानगर्न सकिन्छ कि यदि वी.पी. जीवित भएको भए इतिहासको एउटा बाध्यात्मक अवस्थामा अपनाएको र स्वयं राजाद्वारानै रद्धीको टोकरीमा फ्याँकिएको राष्ट्रिय मेलमिलापको नीतिलाई उनले (वी.पी. ले) अवश्य पनि बोकेर हिँड्ने थिएनन् र उनले गिरिजाप्रसादले भन्दा अगाडि बढेर राजतन्त्र विरुद्ध र गणतन्त्रको पक्षमा संघर्षलाई अगाडि बढाउने थिए तर यसलाई इतिहासको विडम्बना नभनेर के भन्ने कि स्वयं राजाले नै रद्धीको टोकरीमा फ्याँकिदिएको र इतिहासले गलत सावित गरेको वी.पी. को राष्ट्रिय मेलमिलापको नीतिलाई बोकेर नेपाली कांग्रेसको एउटा पक्षले राजावादी नीति अपनाइरहेको छ । उनीहरुको त्यो नीति तुलसी गिरी र विश्वबन्धु थापाको विरासतलाई अगाडि बढाउने प्रयत्न नै हुनेछ । नेकामात्र होइन, वामपन्थीका कतिपय पक्षले पनि एक वा अर्को प्रकारले राजापरस्त नीति अपनाएको देखिन्छ । उनीहरुले या त प्रत्यक्षरुपले नै धर्मनिरपेक्षताको विरोधगर्ने गर्दछन र गणतन्त्रलाई नेपाली जनताको आन्दोलनको परिणाम नभएर विदेशको दबाबमा कायम गरिएको व्यवस्था भनेर त्यसको अवमूल्यनगर्ने गरेको पनि पाइन्छ । त्यसोगर्ने बेलामा उनीहरुले नेपाली जनताले करिब एक शताब्दीसम्म बिभिन्न प्रकारका निरंकुश शासन वा राजतन्त्रका विरुद्ध संघर्षको गौरवपूर्ण इतिहासको अवमूल्यन गरेका हुन्छन् । उनीहरुको त्यस प्रकारको सोचाइका पछाडि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले राजापरस्त प्रभावले नै काम गरेको कुरालाई अस्वीकारगर्न सकिन्न । कतिपय वामपन्थी पक्षले नयाँ जनवादी क्रान्ति वा समाजवादका ठूला क्रान्तिकारी कुरा गरेर विद्यमान गणतन्त्र रहेपनि, गएपनि उनीहरुको मतलबको कुरा नभएको बताउँदैछन् । निश्चयनै विद्यमान गणतन्त्र पुँजीवादी गणतन्त्र हो र त्यसद्वारा जनताका आधारभूत समस्याको वास्तविक समाधान हुन नसक्ने कुरा निश्चित छ । जनताका आधारभूत समस्याको समाधानका लागि नयाँ जनवाद वा समाजवादतिर जानुको विकल्प छैन तैपनि लेनिनले भनेझैं निरंकुश राजतन्त्रको तुलनामा वैधानिक राजतन्त्र र त्यसका तुलनामा पुँजीवादी गणतन्त्र प्रगतिशील हुन्छ । त्यो अवस्थामा आज खास गरेर प्रतिक्रियावादी शक्तिले विद्यमान गणतन्त्रलाई समाप्त गरेर देशमा राजतन्त्र पुनर्स्थापना गर्नका लागि प्रयत्न गरिरहेको अवस्थामा नयाँ जनवाद वा समाजवादजस्ता उच्च र क्रान्तिकारी नाराको आडमा भए पनि विद्यमान गणतन्त्रमाथि एक वा अर्को प्रकारले हमलागर्नु प्रकारान्तरले प्रतिगमनको सेवागर्नु वा प्रतिगामी शक्तिको गणतन्त्रमाथिको हमलालाई सहयोग पुर्‍याउनु नै हुन्छ । संसारका बिभिन्न देशमा जनप्रियतावादी सोचाइले जहिले पनि प्रतिक्रियावादको नै सेवा गरिरहेको हुन्छ । त्यस प्रकारको सोचाइले अहिले हाम्रो देशमा पनि राजावादीलाई मदत पुर्‍याइरहेको कुरा बुझ्न गाह्रो पर्दैन । हामीले त्यस प्रकारको सोचाइबाट माथि उठाउन जनतालाई जागृत गर्ने प्रयत्न गर्नुपर्दछ । हामीले उनीहरुलाई यसका लागि सचेत पार्नुपर्दछ कि उनीहरुले प्रतिगमनको जुन सेवा गर्दछन्, त्यसबाट अन्त्यमा उनीहरुलाई नै क्षति पुग्नेछ र प्रतिगमन विरुद्धको संघर्षलाई सशक्तरुप दिन हामीले जनताको चेतना माथि उठाउनुपर्दछ र त्यसरीनै प्रतिगनका विरुद्ध संघर्षलाई सशक्त प्रकारले अगाडि बढाउनु सम्भव हुनेछ । जनप्रियतावादी सोचाइ, जसले प्रतिगमनको सेवा गर्दछ, त्यो साधारण जनतामामात्र होइन, कतिपय अवस्थामा उच्च शिक्षित जनसमूहमा पनि पाइन्छ । नेपालको राजनीतिमा पनि त्यस प्रकारका प्रवृत्ति देखापर्ने गरेका छन् । त्यसकारण उच्च शिक्षित समूहमा पनि पाइने जनप्रियतावादी सोचाइले अन्ततः प्रतिक्रियावादको नै सेवा गर्दछ । त्यसैले जनसाधारण वा उच्च शिक्षित समुदायमा पाइने जनप्रियतावादी सोचाइको निराकरणका लागि हामीले ठोस पहलकदमी गर्नुपर्ने आवश्यकता छ र त्यसरीनै हामीले प्रतिगमनलाई पराजितगर्न सक्नेछौं । नेपालको राजनीति विशुद्धरुपले नेपालको मात्र राजनीति हुँदैन, कतिपय विदेशी साम्राज्यवादी शक्तिले पनि नेपालका कैयौं राजनीतिक शक्तिलाई प्रयोग गरेर आफ्ना स्वार्थ पूरागर्ने प्रयत्न गर्छन् । उनीहरुले कैयौं देशमा पुराना शासक वर्ग वा राजघरानालाई पनि प्रयोग गरेर आफ्ना साम्राज्यवादी स्वार्थ पूरागर्ने प्रयत्न गर्छन् । नेपालका कैयौं राजनीतिक पार्टीलाई उनीहरुले त्यसरी उपयोग गरेका थुप्रै उदाहरण पाइन्छन् । नेपालमा सत्ता वा सत्ताच्यूत भएका राजघरानालाई पनि उनीहरुले मदत गरेर सत्तामा पुर्‍याउने र त्यसरी आफ्ना स्वार्थको पक्षमा उनीहरुलाई उपयोग गर्ने सम्भावना पनि अत्यधिक रहेको कुरालाई पनि अस्वीकार गर्न सकिन्न । नेपालका पूर्व राजाको स्वागतको बेलामा भारतको उत्तर प्रदेशका मुख्यमन्त्रीको फोटोको पनि प्रदर्शन गरेको कुराबाट अहिले नेपालमा राजावादीको अभियानका पछाडि भारतीय कट्टर हिन्दूवादी शासक वर्गको आड रहेको कुरा बुझ्न गाह्रो पर्दैन । भारतले नेपालप्रति कुन प्रकारको नीति अपनाउँदै आएको छ र त्यसको नेपालप्रतिको रणनीति के हो ? त्यो कुनै लुकेको कुरा होइन । त्यसले नेपालमा पूर्वराजा वा राजावादीलाई जुन मदत गरिरहेको छ, त्यसका पछाडि पनि नेपालप्रतिको आफ्नो रणनीतिलाई नै पूरागर्न प्रयत्नगर्ने उद्देश्यले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन । अहिले देशमा राजपरिवारको कुनै नाबालिगलाई गद्धीमा बसाल्ने हल्ला पनि निकै चलेको छ । अहिले नेपालमा पूर्वराजा वा पूर्व युवराज धेरै नै बदनाम भएको हुनाले नयाँ अनुहारलाई अगाडि सारेर जनसमर्थन जुटाउने खेल भइरहेको सम्भावनालाई पनि अस्वीकारगर्न सकिन्न । त्यस प्रकारको नयाँ खेलका पछाडि भारतीय शासक वर्गको नेपालको सत्तामाथि पूरै कब्जागर्ने, सिक्किम वा भुटानको रणनीतिलाई नेपालमा नयाँ प्रकारले लागूगर्ने सुनियोजित षडयन्त्रले काम गरेको कुरा बुझ्न गाह्रो पर्दैन । त्यसले नेपालमा लोकतन्त्रमात्र होइन, नेपालको राष्ट्रियता र सार्वभौमिकतालाई सम्पूर्णरुपले समाप्तगर्ने खतराप्रति पनि हाम्रो उच्च ध्यान जानुपर्ने आवश्यकता छ । तस्यसरी भारतका पूर्व उपप्रधान तथा गृहमन्त्री सरदार पटेलको नेपाललाई भारतीय संघमा सामेलगर्ने अधुरो नीतिलाई पूर्णतया दिने प्रयत्न गरिनेछ । त्यसले नेपालको राजनीतिमात्र होइन, नेपालको सम्पूर्ण अस्तित्व वा भविष्यलाई नै कति गम्भीर अवस्थामा पुर्‍याउनेछ ? त्यसप्रति हामी सबैको गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ । अहिलेको नेपालको अस्थिर राजनीतिक अवस्था तथा राजावादीले राजतन्त्रको पुनर्स्थापनाका लागि गरिरहेको गतिविधिलाई पनि त्यसले आफ्नो त्यो साम्राज्यवादी उद्देश्यको पूर्तिको लागि प्रयोगगर्ने सम्भावनालाई अस्वीकारगर्न सकिन्न । अन्तमा, नेपालको राजनीति वा राजावादीको राजतन्त्र पुनर्स्थापनाको आन्दोलन बाहिरबाट जति सरल र सामान्य देखिन्छ, त्योभन्दा कैयौं गुणा बढी गम्भीर रहेको छ । अहिलेको उनीहरुको प्रयत्नलाई खालि २०१७ साल वा २०५९ सालमा निरंकुश शासन पुनर्स्थापनाको अर्थमा मात्र बुझ्नु सही हुनेछैन । माथि प्रकट गरिएका संक्षिप्त बिचारबाट प्रष्ट हुनेछकि अहिलेको स्थिति २०१७ साल वा २०५९ सालकोभन्दा कैयौं गुणा बढी जटिल र संकटोन्मुख छ । पहिलेका दुबै अवस्थामा प्रतिगमनको रुप मुख्यरुपले राष्ट्रिय रुपमा नै सीमित थियो, यद्यपि त्यसको रुप पनि प्रतिक्रियावादी नै थियो र त्यसैले त्यसका विरुद्ध पनि संघर्षगर्नु आवश्यक भएको थियो तर अहिले त्यसले अन्तर्राष्ट्रिय रुपलिँदै गएको छ र उनीहरुले विदेशी शक्तिको उपकरणकारुपमा प्रतिक्रियावादी सत्ता कायमगर्ने प्रयत्न गरिरहेका छन् । त्यसैले अहिले प्रतिगमनको खतरा पहिलेभन्दा कैयौं गुणा बढी गम्भीर हुन गएको छ । त्यसैले नेपालका सबै देशभक्त र लोकतन्त्र पक्षधर राजनीतिक शक्ति, बुद्धिजीवी र आम जनताको समेत त्यसप्रति गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ । त्यसबारे गरिने कुनै पनि प्रकारको लापरवाही देशको सम्पूर्ण भविष्यको लागि अत्यन्त घातक हुन सक्नेछ र त्यसका दीर्घकालीन र दूरगामी दुष्परिणाम हुनेछन् । **लेखक : नेकपा मसालका महामन्त्रि हुनुहुन्छ ।**

देशप्रेम साप्ताहिक र सन्ध्याकालीन दैनिकलाई
लेख, रचना र समाचार पठाउनु होस् ।